निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचनमा महिला उम्मेदवारको क्षमता अभिवृद्धिका लागि लैङ्गिक तथा समावेशीकरण सम्बन्धी स्रोत पुस्तिका



## निर्वाचन आयोग नेपाल

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# मन्तव्य



नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूत गर्दै सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा कुनै नागरिक प्रति भेदभाव नगरिने तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि संघीय कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने कुरा स्पष्ट गरेको छ । त्यसैगरी संविधानले महिला, दलित, अल्पङ्ख्यक, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्ग, क्षेत्र, जातजाति र समुदायका नागरिकहरूलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरेको छ ।

निर्वाचन प्रतिष्पर्धात्मक राजनीतिक व्यवस्थाको आधारस्तम्भ हो । सार्वभौमसत्ता सम्पन्न जनताले बालिग मताधिकारको प्रयोग गरी लोकतान्त्रिक शासन व्यवस्था स्थापना तथा संस्थागत गर्ने कार्य निर्वाचनको माध्यमबाट नै गर्ने गर्दछन् । नेपालमा निर्वाचनको समग्र पक्षलाई व्यवस्थापन, सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्न संवैधानिक निकायका रूपमा निर्वाचन आयोगको व्यवस्था गरिएको छ । आयोगले सबै नागरिकहरूलाई मताधिकारको निर्वाध उपयोग गर्ने अवसर प्रदान गरी लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा योगदान पुर्‍याउने लक्ष्य लिएको छ । लैङ्गिक समानता र सामाजिक समावेशीतामा आधारित स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनले शासन व्यवस्थालाई जनमुखी र उत्तरदायी बनाउन सदैव सहयोग पुर्‍याउँछ । त्यसैले आयोगले समग्र निर्वाचनलाई महिला तथा समावेशी समुहको प्रतिनिधित्व सुनिश्चित गराउनको लागि निर्वाचन सम्बन्धी कानून, तेस्रो रणनीतिक योजना, लैङ्गिक तथा समावेशी नीति लगायत अन्य नीति तथा रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

निर्वाचनमा महिलाहरुको सक्रिय सहभागिता नहुनुमा परम्परागत सामाजिक संरचना, रुढीवादी सोंच र धारणा, लैङ्गिक विभेद, सामाजिक दृष्टिकोण र मूल्य मान्यता, लगायत सरोकारवालाहरुवाट संस्थागत प्रयास नहुनु मूख्य कारकका रुपमा रहेका छन् । अझैपनि निर्वाचन सम्बन्धी तथ्याङ्क, अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा लैङ्गिक र समावेशी विषयलाई प्रभावकारी रुपमा समावेश गर्न सकिएको छैन । यस्ता समस्याहरुलाई समाधान गरी महिलाहरुलाई निर्वाचनको प्रक्रियामा अर्थपुर्ण रुपले सहभागीता हुने अवस्था सिर्जना गर्नु आजको आवश्यकता हो । त्यसैले संविधान तथा प्रचलित निर्वाचन कानूनले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहका विभिन्न निर्वाचित पदमा महिला तथा समावेशी समुहको प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनमा महिलाहरुको नेतृत्व क्षमता तथा सिपको अभिवृद्धि गर्नुका साथै दिगो विकासको लक्ष्य बमोजिम नेपालले सन् २०३० सम्ममा स्थानीय तहमा ४२ प्रतिशत, प्रदेश सभामा ४० प्रतिशत र संघीय संसदमा ४० प्रतिशत महिला सहभागिता पुर्‍याउने लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउने ध्येयले यो **निर्वाचनमा महिला उम्मेदवारको क्षमता अभिवृद्धिका लागि लैङ्गिक तथा समावेशीकरण सम्बन्धी स्रोत पुस्तिका तयार गरिएको छ ।** म यस पुस्तिकाको प्रकाशन गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद दिदै यो स्रोत सामग्री निर्वाचनमा महिलाको नेतृत्व क्षमता विकास सम्वन्धी ज्ञान हासिल गर्न चाहने निर्वाचनक सबै सरोकारवालाहरुका लागि समेत उपयोगी हुने कुरामा बिश्वस्त छु ।

दिनेश कुमार थपलिया

**प्रमुख निर्वाचन आयुक्त**

# प्राक्कथन

जनसंख्या र मतदाताको आधा हिस्सा महिला छन् र प्रायः पुरुषको तुलनामा धेरै संख्यामा महिलाहरु मतदानमा भाग लिन्छन् । महिलाहरूलाई नागरिक समाजमा संलग्न हुने, चुनावमा मतदान गर्ने, सरकारी कार्यालयमा निर्वाचित हुने, विभिन्न सार्वजनिक पदमा रही सेवा गर्ने र अन्ततः उनीहरुलाई, उनीहरूको परिवार र समुदायलाई असर गर्ने कुनै पनि प्रक्रियामा आवाज उठाउने अधिकार छ । विश्व राजनीतिमा सन् १९९५ मा ११ प्रतिशत महिलाको सहभागिता रहेको थियो भने हाल कुल २६ प्रतिशत महिला सहभागिता छ । यस्तै २२ सेप्टेम्बर २०२२ को तथ्यांक अनुसार विश्वका २८ राष्ट्रहरुमा ३० महिलाहरु सरकार र राष्ट्र प्रमुख रहेका छन् ।[1] महिलाको राजनीतिक सहभागिता र अधिकार प्राप्तिका कार्यमा लगानी भनेको विश्वव्यापी लैङ्गिक समानता र लोकतान्त्रिक शासन प्राप्तिका लागि आवश्यक कदम हो ।

नेपालको संविधानले जात, जाति, धर्म, लिङ्ग र भाषाको आधारमा समतामूलक समाज निर्माण गर्ने प्रतिवद्धता गरेको छ । यसले राष्ट्रपतिको निर्वाचनदेखि स्थानीय तहको निर्वाचनसम्म पहिलो हुने निर्वाचित हुने (प हु नि हु) र समानुपातिक निर्वाचन प्रणाली मार्फत विभिन्न पदमा निर्वाचित हुने महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लीम र अन्य समावेशी समूहहरूको मौलिक अधिकारलाई पनि सुरक्षित गरेको छ । त्यसैगरी निर्वाचन आयोग ऐन, राजनीतिक दल सम्बन्धी ऐन, लैङ्गिक तथा समावेशी नीति, मानव संसाधन नीति जस्ता विभिन्न ऐन तथा नीतिहरूका साथै निर्वाचन आयोगको तेस्रो पञ्च वर्षीय योजनामा समेत निर्वाचनमा महिला र समावेशी समूहहरुको पूर्ण र प्रभावकारी सहभागीताका लागि विभिन्न क्रियाकलापहरुको निर्माण तथा कार्यान्वयन गरिएको छ ।

नेपालको संविधान सम्वत् २०७२ मा जारी भएपछि नेपालमा २० वर्ष पछि, सम्वत् २०७४ मा स्थानीय तहको निर्वाचन सम्पन्न भयो । यस निर्वाचनले १४ हजारभन्दा बढी महिलालाई निर्वाचित प्रतिनिधिको रूपमा सेवा गर्ने ढोका खोलिदियो । यसै गरी बैशाख ३१, २०७९ मा सम्पन्न दोस्रो स्थानीय तहको निर्वाचनमा ३८.४० प्रतिशत महिला उम्मेदवार रहेका थिए भने १४,४६६ (४१.२२%) निर्वाचित भएका थिए । तर यस निर्वाचनमा निर्णायकतहमा महिलाको प्रतिनिधित्व न्यून रह्यो । स्थानीय तहको प्रमुखमा ४.४५ प्रतिशत, अध्यक्षमा २.६१ प्रतिशत र वडा अध्यक्षमा १.०२ प्रतिशत महिला निर्वाचित भएका थिए भने उपप्रमुखमा ७९.४५ प्रतिशत र उपाध्यक्षमा ७२.८३ प्रतिशत महिलाको प्रतिनिधित्व रह्यो ।

यसै गरी सम्वत् २०७४ मा सम्पन्न संघीय निर्वाचनमा पहिलो हुने निर्वाचित हनु निर्वाचन प्रणाली मार्फत ७ महिला र समानुपातिक निर्वाचन प्रणाली तर्फ ८४ महिलाहरू निर्वाचित भएका थिए । यसै गरी सम्वत् २०७९ को संघीय निर्वाचनमा भने पहुनिहु बाट निर्वाचित हुने महिलाको संख्या ९ रहेको छ । यी तथ्याङ्कबाट, निर्वाचित महिलाको संख्यामा उल्लेख्य बृद्धि भएको देखिदैन । संविधानले संघीय र प्रदेश सभामा ३३ प्रतिशत महिला सहभागिताको परिकल्पना गरे तापनि पितृसत्तात्मक सामाजिक चिन्तन, परम्परागत मूल्य मान्यता र विभेदकारी नीतिका कारण महिला प्रतिनिधित्व अत्यन्तै सीमित रहेको छ । कानूनी वाध्यात्मकताले गर्दा मात्र संघिय संसदको कूल सदस्य संख्याको एक तिहाई महिला जनप्रतिनिधिको उपस्थिति हुने अवस्था सृजना भएको हो ।

यस सन्दर्भमा, महिलाको सक्रिय राजनीतिक सहभागीता र भूमिका अभिवृद्धिका लागि, महिला तथा समावेशी समूहको निर्वाचन र राजनीतिमा अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न सम्भावित महिला नेताहरूको नेतृत्व क्षमता अभिबृद्धिका लागि यो स्रोत पुस्तिकाको निर्माण गरिएको छ। प्रस्तुत स्रोत पुस्तिकामा भएका केही विषयवस्तुहरु युएन वुमनको “राजनीतिक नेतृत्व” नामक तालिम स्रोत पुस्तिकाबाट साभार लिइएको छ । यो पुस्तिका तयार पार्न महत्वपूर्ण विषयवस्तु र पृष्ठपोषण प्रदान गर्नु हुने संकल्प - शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी महिला सञ्जाल र युएन वुमन लगायत सबैमा युएनडिपि/निर्वाचन सहायता परियोजना धन्यवाद व्यक्त गर्दछ ।

यो स्रोत पुस्तिका सबैको साझा सम्पत्ति हो । यसमा सुधार गर्नु पर्ने विषय प्रशस्त हुन सक्छन् । त्यसैले यो स्रोत पुस्तिकालाई अझ बढी उपयोगी र जानकारीमूलक बनाउनका लागि सबैको सुझाव एवम् सहयोगको अपेक्षा गरिन्छ ।

**युएनडिपी/निर्वाचन सहायता परियोजना**

---

१ स्रोतः https//www.ipu.org

# विषय सूची


| | |
|---|---|
| **१. निर्वाचन कानून तथा प्रक्रिया** | १ |
| १.१ कानून तथा संवैधानिक व्यवस्था | ४ |
| १.२ राजनीतिमा नेपाली महिलाको ऐतिहासिक पृष्ठभूमि | ५ |
| १.३ नेपालको शासन व्यवस्था र महिला प्रतिनिधित्व | ८ |
| १.४ राष्ट्रिय सभा | ९ |
| १.५ प्रतिनिधि सभा | ९ |
| १.६ प्रतिनिधि सभा तथा प्रदेश सभाको गठन सम्बन्धी व्यवस्थाहरु | १० |
| १.७ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा महिलाको प्रतिनिधित्व | १० |
| १.८ स्थानीय तह | ११ |
| १.९ स्थानीय तह निर्वाचन २०७९ मा महिला प्रतिनिधित्व | १३ |
| १.१० लैङ्गिकमैत्री, समावेशी तथा पहुँचयुक्त निर्वाचन | १३ |
| **२. महिला नेतृत्व र उम्मेदवारी** | १५ |
| २.१ नेतृत्व के हो ? | १८ |
| २.२ नेतृत्वको प्रकार | १८ |
| २.३ नेतृत्व केका लागि चाहिन्छ ? | १८ |
| २.४ परिवर्तनकारी नेतृत्व | १८ |
| २.५ सशक्तीकरण : | १९ |
| २.६ नेतृत्व कला | २० |
| २.७ नेतृत्वका लागि आवश्यक तत्वहरु | २० |
| २.८ राजनीतिक नेतृत्व | २२ |
| २.९ जित-हार खाका | २२ |
| २.१० महिला उम्मेदवार तथा महिला राजनीतिज्ञले के गर्ने ? | २३ |
| २.११ महिला सहभागिताबाट महिला लगायत समाज र मुलुकलाई हुने फाइदाहरु | २४ |
| **३. निर्वाचन संचार तथा प्रचारप्रसार** | २७ |
| ३.१ निर्वाचन संचार | ३० |
| ३.२ संचार र सफल नेता | ३० |
| ३.३ निर्वाचन संदेशका चरण | ३० |
| ३.४ निर्वाचन प्रचारप्रसार संदेश | ३३ |
| ३.५ निर्वाचन प्रचारप्रसार सन्देशहरू तयार गर्दा ध्यान दिनु पर्ने कुराहरु | ३३ |
| ३.६ उम्मेदवारको भाषण | ३३ |
| ३.७ सार्वजनिक भाषण | ३५ |
| ३.८ संचारका प्रकार | ३६ |
| ३.९ संचार योजना | ३७ |
| ३.१० निर्वाचनमा संचारको योजनाको तयारी गर्दा ध्यान दिनु पर्ने बुँदाहरू : - | ३७ |
| ३.११ मतदाता सम्पर्क योजना | ३८ |
| ३.१२ मतदाता सहकार्य | ३८ |
| **४. निर्वाचनमा वित्त व्यवस्थापन र प्रचारप्रसारको रणनीति** | ४१ |
| ४.१ निर्वाचनमा वित्त व्यवस्थापन | ४४ |
| ४.२ राजनीतिक वित्त र निर्वाचन प्रचारप्रसार | ४४ |
| ४.३ सम्भावित चन्दादाता/ सहयोगीहरुको पहिचान | ४५ |
| ४.४ अर्थ / सहयोग संकलनको चरणहरु | ४६ |
| ४.५ अर्थ /कोष संकलन जुटाउन रणनीति | ४७ |

| | |
|---|---|
| ४.६ प्रचारप्रसारका चरणहरु | ४७ |
| ४.७ प्रचारप्रसार टोली | ४८ |
| ४.८ निर्वाचन प्रचारप्रसारका लागि आवश्यक बजेट | ५० |
| ४.९ बजेट बनाउँदा ध्यान दिनु पर्ने बुँदाहरु | ५० |
| ४.१० प्रचार प्रसार बजेटको खाका/मस्यौदा बजेट | ५१ |
| ४.११ निर्वाचनमा वित्त व्यवस्थापन र प्रचारप्रसारको रणनीति | ५२ |
| **५. निर्वाचनमा सामाजिक संजालको प्रयोग र लैङ्गिक हिंसा न्युनीकरणका लागि भएका प्रयास** | ५३ |
| ५.१ सामाजिक सञ्जालको प्रयोग | ५६ |
| ५.२ सामाजिक सञ्जालको भूमिका | ५६ |
| ५.३ साइबर बुलिङ सम्बन्धी थप जानकारी | ५७ |
| ५.४ दुष्प्रचार तथा मिथ्या सूचना सम्बन्धी थप जानकारी | ५८ |
| ५.५ साइबर सुरक्षा सम्बन्धी थप जानकारी | ५९ |
| ५.६ द्वेषपूर्ण अभिव्यक्ति विरुद्धको लडाईः | ६० |
| ५.७ सार्वजनिक र कार्यस्थलमा साइवर सुरक्षा अपनाउने विधि | ६१ |
| ५.८ सूचना आदान प्रदानका लागि निर्देशन | ६१ |
| ५.९ लैङ्गिकतामा आधारित हिंसा | ६२ |
| ५.१० लैङ्गिक हिंसा र अन्तर्राष्ट्रिय कानून | ६३ |
| ५.११ निर्वाचनमा महिला विरूद्ध हुने हिंसा | ६५ |
| ५.१२ निर्वाचनमा महिला हिंसाको प्रभाव | ६५ |
| ५.१३ महिला हिंसा न्यूनीकरण गर्ने मुख्य क्रियाकलाप | ६६ |
| ५.१४ निर्वाचन कसुर | ६७ |
| ५.१५ निर्वाचन विवाद निरूपण | ६८ |
| **६. मतदान, नमूना मतदान, मतगणना र मतपरिणाम घोषणा** | ६९ |
| ६.१ मतदान स्थल, मतदान प्रक्रिया, मतगणना र मतपरिणाम घोषणाको क्रममा समावेशीताका आधारमा अपनाउनु पर्ने आधारभूत मापदण्डहरुः | ७२ |
| ६.२ मतदान प्रक्रिया | ७३ |
| ६.३ मतगणना | ७३ |
| ६.४ बदर हुने मतपत्र | ७४ |
| ६.५ निर्वाचन परिणामको घोषणा | ७४ |
| ६.६ नमुना मतदान अभ्यास | ७४ |
| **७. अनूसूची** | ७७ |
| ७.१ अनूसूची १ः नमूना मतपत्र (प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९) | ७९ |
| ७.२ अनूसूची २ः नमूना मतपत्र (स्थानीय तह निर्वाचन, २०७९) | ८१ |
| ७.३ अनूसूची ३ः मतदान केन्द्रको ढाँचा (प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९) | ८३ |
| ७.४ अनूसूची ४ः मतदान केन्द्रको ढाँचा (स्थानीय तह निर्वाचन, २०७९) | ८४ |
| ७.५ अनूसूची ५ः सदर मत र बदर मत (प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७९) | ८५ |
| ७.६ अनूसूची ६ः सदर मत र बदर मत (सथनीय तह निर्वाचन, २०७९) | |

# निर्वाचन कानून तथा प्रक्रिया

# निर्वाचन कानून तथा प्रक्रिया

| | |
|---|---|
| **सिकाइ उपलब्धि** | यस सत्र पश्चात सहभागीहरूलाई लैङ्गिक समानता तथा विश्व राजनीतिमा महिला सहभागिताको बारेमा जानकारी हुनेछ । सहभागीहरूले नेपालको राजनीतिमा महिलाको सहभागिता, महिला सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी प्रावधान र निर्वाचनमा लैङ्गिक तथा समावेशिता सम्बन्धमा भएका प्रयासहरू बारे बुझ्नेछन् । |
| **समय** | १ घण्टा ३० मिनेट |
| **तालिम सामग्री** | न्यूजप्रिण्ट, मार्कर, मास्किङ टेप, मेटाकार्ड, पावरपोइन्ट, स्रोतपुस्तिका आदि । |
| **सत्रका क्रियाकलापहरू** | क्रियाकलाप १: मस्तिस्क मन्थन (महिला सम्बन्धी अन्तर्राष्ट्रिय कानून)<br>क्रियाकलाप २: मनपर्ने नेपाली नेताको पहिचान<br>क्रियाकलाप ३: हाजिरी जवाफ |
| **सहजकर्ताको लागि नोट (ध्यान दिनु पर्ने कुरा)** | यो सत्रमा सहजकर्ताले सहभागीहरूलाई निर्वाचन सम्वन्धी के कस्ता कानूनी दस्तावेजहरू छन्, महिला तथा समावेशी समूहको निर्वाचनमा सहभागिता बढाउन के कस्ता प्रयासहरू भएका छन् ? प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा महिला तथा समावेशी समुहले जित्न किन आवश्यक छ, बारे स्पस्ट पारिदिनुपर्छ । |
| **सत्रको लागि आवश्यक स्रोत सामग्री** | नेपालको संविधान, निर्वाचन कानूनहरु, निर्वाचन इतिहास भाग १, २<br>निर्वाचन आयोग ऐन, २०७३<br>राजनीतिक दल सम्बन्धी ऐन, २०७३<br>निर्वाचन संचालन तथा व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७<br>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९<br>प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>निर्वाचन आचारसंहिता, २०७९<br>राजनीतिमा महिला सहभागीताका क्षेत्रमा विद्यमान चुनौती न्यूनीकरण सम्बन्धी प्रशिक्षण सामग्री, २०७४<br>प्रतिनिधि सभा नियमावली, २०७५ |

# १. निर्वाचन कानून तथा प्रक्रिया

निर्वाचन लोकतन्त्रको आधारस्तम्भ हो । सार्वभौमसत्ता सम्पन्न जनताले बालिग मताधिकारको प्रयोग गरी लोकतान्त्रिक शासन व्यवस्था स्थापना तथा संस्थागत गर्ने कार्य निर्वाचनको माध्यमबाट नै गर्ने गर्दछन् । नेपालमा निर्वाचनको समग्र पक्षलाई व्यवस्थापन, सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्न संवैधानिक निकायका रूपमा निर्वाचन आयोगको व्यवस्था गरिएको छ । नागरिकहरूलाई मताधिकारको निर्वाध उपयोग गर्ने अवसर प्रदान गरी लोकतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनमा योगदान पुर्याउनको लागि नेपालको संविधानमा सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूत गर्दै सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा कुनै नागरिक प्रति भेदभाव नगरिने प्रावधान राखिएको छ । निर्वाचनलाई लैङ्गिक तथा समावेशी वनाउनको लागि आयोगले निर्वाचन ऐन, निर्वाचनको लागि विभिन्न नियमावलीहरु, निर्देशिकाहरु, कार्यविधि र लैङ्गिक तथा समावेशी नीति तथा कार्ययोजना तयार तर्जुमा गरी कार्यान्वयन गरेको छ ।

## १.१ कानून तथा संवैधानिक व्यवस्था

लैङ्गिक आधारमा बिना भेदभाव सबैले समान रुपमा अवसर र अधिकारको प्रयोग गर्न पाउने अवस्थालाई नै लैङ्गिक समानता भनिन्छ। मुलतः लैङ्गिक समानताले महिला र पुरुषलाई अवसर, जिम्मेवारी, अधिकार, सेवा, लाभ, स्रोत साधन आदिमा समान अवसर, पहुँच र नियन्त्रण प्रदान गर्दछ । महिला र पुरुष आफ्नो व्यक्तिगत विकास र छनौट गर्न समान र स्वतन्त्र छन् भन्ने मान्यता नै लैङ्गिक समानता हो ।

**विश्वको इतिहासमा निर्वाचनमा महिला सहभागिता**

- सन १८६९ मा अमेरिकामा सम्पन्न स्थानीय, प्रान्तीय वा कुनै क्षेत्र विशेषको निर्वाचनमा महिलाहरूलाई मताधिकार प्रदान गरेको पाइन्छ ।
- राष्ट्रिय निर्वाचनमा भने सर्वप्रथम महिलालाई मताधिकार प्रदान गर्ने मुलुक न्युजिल्याण्ड हो । न्युजिल्याण्डमा सन् १८९३ मा महिलालाई मताधिकार प्रदान गरिएको थियो ।
- हाल विश्वका सबै देशहरुमा समान मताधिकारको प्रत्याभुति गरिएको पाइन्छ ।

**विश्व राजनीतिमा महिला**[२]

- १९९५ मा ११ प्रतिशत महिलाको सहभागिता रहेको राजनीतिमा हाल (२०२२ मा) कुल २६% सहभागिता रहेको ।
- २२ सेप्टेम्बर २०२२ को तथ्यांकमा विश्वका २८ राष्ट्रहरुमा ३० महिलाहरु सरकार र राष्ट्र प्रमुख रहेका छन् ।

**कार्यकारी पदमा महिला प्रतिनिधित्व**[३]

- विश्वका करिव दुई दर्जन मुलुकमा महिला राष्ट्र तथा सरकार प्रमुख रहेका छन् ।
- ११९ राष्ट्रमा हाल सम्म महिला नेतृ राष्ट्रिय तहमा नेतृत्वतहमा पुगेका छैनन् ।
- १३ देशमा महिला राष्ट्र प्रमुख र १५ देशमा महिला सरकार प्रमुख रहेका छन् ।
- विश्वको तथ्यांकमा मन्त्री परिषदमा महिलाहरूको २१ प्रतिशत सहभागीता रहेको छ र मन्त्रीपरिषद्मा महिलाहरूको ५० प्रतिशत सहभागीता रहेका देश १४ वटा रहेका छन् ।
- विश्वका ५ राष्ट्रका संसदमा मात्र महिलाहरूको ५० प्रतिशत वा सो भन्दा बढी प्रतिनिधित्व रहेको छ । जस्तोः रुवान्डामा ६१ प्रतिशत, क्युवामा ५३ प्रतिशत, निकारागोवा ५१ प्रतिशत, मेक्सिको ५० प्रतिशत र सयुक्त अरब इमिरेटसमा ५० प्रतिशत) ।
- विश्वका १९ वटा राष्ट्रमा ४० प्रतिशत वा सो भन्दा बढी महिलाको संसदमा सहभागीता रहेको छ । संसदमा महिला सहभागिता बढाउन कोटा प्रणाली प्रभावकारी भएको छ ।

२ (स्रोतः https//www.ipu.org)

३ https://www.unwomen.org/en/what-we-do/leadership-and-political-participation/facts-and-figures

- विश्वका २७ राष्ट्रमा १० प्रतिशत भन्दा कम महिला सांसदहरु प्रतिनिधि सभा तथा तल्लो सदनमा रहेका छन् । यसैगरी विश्वका ४ वटा राष्ट्रमा महिला प्रतिनिधित्व छैन ।
- ल्याटिन अमेरिका, क्यारेवियन, युरोप तथा उत्तर अमेरीकी मुलुकहरूमा महिलाको प्रतिनिधित्व ३० प्रतिशत, उत्तर अफ्रीका, पश्चिम एशिया लगायतका मुलुकहरूमा महिलाको प्रतिनिधित्व १७ प्रतिशत, प्यासिफिक आइल्याण्डहरूमा महिलाको संसदमा प्रतिनिधित्व ६ प्रतिशत र जसमध्ये ३ राष्ट्रमा महिलाको प्रतिनिधित्व सुन्य रहेको छ ।
- विश्वका २७ राष्ट्रमा ४० प्रतिशत भन्दा बढि महिलाहरु संसदमा प्रतिनिधित्व गर्दछन्, जसमध्ये यूरोपका १५, ल्याटिन अमेरीका र क्यारीबियनको ५, अफ्रिका ५, एसिया र प्यासिफिकमा १-१ राष्ट्रहरु रहेका छन् ।

**क्रियाकलाप १:** सहजकर्ताले सहभागीहरूलाई महिला सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरूका बारेमा सोध्ने र केही मुख्य मुख्य अन्तर्राष्ट्रिय कानून र दस्तावेजहरूका बारेमा सामुहिक छलफल गराउने (१० मिनेट) ।

### महिला सम्वन्धी अन्तर्राष्ट्रिय कानून

- मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र धारा २१, १९४८
- राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९५२,
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि, सिडा, १९७९, नेपालले सन् १९९१ मा अनुमोदन गरेको,
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि, १९६६,
- आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६,
- सबै प्रकारका जातिय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९६९,
- महिला, बालबालिकालाई संकटकाल तथा द्वन्द्वमा संरक्षण गर्ने घोषणा, १९७४
- महिला विरुद्ध हिंसा उन्मूलन गर्ने महासन्धि, १९९३,
- बेइजिंग घोषणापत्र तथा कार्य योजना, १९९५,
- संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदद्वारा पारित प्रस्ताव १३२५ र १८२०,
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धिको इच्छाधिन आलेख, १९९९,
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६,
- दिगो विकासको लक्ष्य २०१५ २०३० (५ र १६) लगायत कानूनी दस्तवेजहरू जारी भई कार्यान्वयनमा रहेका छन् ।







## १.२ राजनीतिमा नेपाली महिलाको ऐतिहासिक पृष्ठभूमि




### नेपालमा निर्वाचन र महिला सहभागिता

- नेपालमा पहिलो निर्वाचन वि. सं. २००४ साल जेठ २९ गते भयो ।
- काठमाडौं नगरपालिकाको निर्वाचन, पदम शम्शेर राणाको प्रधानमन्त्री कालमा भएको थियो ।



- २१ वर्ष नाघेको पुरुष मतदाताहरूले मात्र मत हाल्न पाउने अधिकार पाएको थियो ।
- वि. सं. २००७ साल पछि स्थानीय शासनलाई बढी जनमुखी बनाउन निर्मित नगरपालिका कानुन बमोजिम २०१० साल १७ गते सम्पन्न काठमाडौं नगरपालिकाको निर्वाचनमा २१ वर्ष उमेर पुगेका महिलाहरूले पनि मताधिकार प्रयोग गर्ने तथा उम्मेदवार बन्ने अवसर पाए । साधना देवी प्रधान काठमाडौं नगरपालिका वडा न ८ बाट निर्वाचित हुनु भएको थियो ।
- वि. सं. २०१५ सालको संसदीय निर्वाचनमा वालिक महिलाहरूले मताधिकारको प्रयोग गर्नुका साथै पहिलो पटक महिला जनाप्रतिनिधी, द्वारिका देबी ठकुरानी निर्वाचित मंत्रिमण्डलमा समेत सामेल हुनु भएको थियो ।
- वि.स. २०१९ मा अञ्चल पञ्चायत ऐन, जारी भई अञ्चल सभामा अञ्चल स्तरीय महिला संगठनबाट अञ्चल पञ्चायतमा तीन जना महिला रहने प्रावधान थियो ।
- राष्ट्रिय पञ्चायतमा गाउँ फर्क राष्ट्रिय अभियान समितिले मनोनीत गर्दा महिला सदस्य निर्वाचित भए नभएको हेरी एकजना महिला सदस्य मनोनीत गर्नुपर्ने व्यवस्था भएको थियो ।

**वि.स २०४७ देखि २०६३ सम्म**

- वि.स. २०४७ मा प्रतिनिधि सभाको लागि हुने निर्वाचनमा प्रत्येक राजनीतिक संगठन वा दलका उम्मेदवारहरू मध्ये कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था रहेको थियो ।
- राष्ट्रिय सभा सदस्य निर्वाचनमा कम्तीमा तीन जना महिला निर्वाचित गर्नु पर्ने व्यवस्था रहेको थियो ।
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रस्तावनामा आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने कुरा उल्लेख गरी लैङ्गिक तथा समावेशी प्रतिनिधित्वलाई बढावा दिने प्रयास गरियो ।
- गाउँ विकास समिति र नगरपालिकाको वडा समितिहरूमा कम्तीमा एक जना महिलाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरियो ।
- संविधान सभा २०६४ मा पहिलो पटक अल्पसङ्ख्यक, विभिन्न जातजाति, सिमान्तकृत समुदायको प्रतिनिधि निर्वाचित गरिएको थियो ।
- वि. स. २०७४ सालमा ल्याइएको प्रतिनिधि सभा सदस्य निर्वाचन कानुनले २०६८ को जनगणनााका आधारमा कोटा निर्धारण गरेको थियो ।

**लैङ्गिक तथा समावेशीकरण सम्बन्धमा राष्ट्रिय कानून**

- संविधानको प्रस्तावना, निर्देशक सिद्दान्त, नीति तथा दायित्वमा लैङ्गिक भेदभावको अन्त्य, सरकारको विभिन्न तह र एकाइहरूमा समानुपातिक समावेशीकरण सहित सहभागिताको व्यवस्था हुने उल्लेख भएको छ ।
- नेपालको संविधानको धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव बिरुद्धको हक, धारा २९ मा शोसण विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा २५२ मा राष्ट्रिय महिला आयोगको गठन, धारा २५८ मा राष्ट्रिय समावेशी आयोग गठनको व्यवस्था छ ।
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- विभिन्न ऐन तथा नियमावलीहरु ।

**वर्तमान कानूनी अवस्था**

- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग र समुदायबाट हुनुपर्ने व्यवस्था भएको,
- समानुपातिक निर्वाचन प्रणालीका लागि महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट उम्मेदवारी दिनु पर्ने,

- संघीय संसद तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कूल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनुपर्ने,
- राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट कम्तिमा ३ महिला, १ दलित र १ अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक समुदायबाट निर्वाचित हुने,
- गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिको अध्यक्ष, उपाध्यक्ष वा प्रमुख र उपप्रमुख पदमा एउटै दलबाट उम्मेदवार मनोनयन गर्दा एक जना महिला उम्मेदवार हुनु पर्ने व्यवस्था,
- पहिलो हुने निर्वाचितले हुने निर्वाचन प्रणालीतर्फ महिला, दलित तथा अल्पसंख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा धरौटी रकममा पचास प्रतिशत छुट हुने व्यवस्था,
- जिल्ला समन्वय समितिमा कम्तिमा तीन जना महिला र कम्तिमा एकजना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहने व्यवस्था,
- गाउँपालिका तथा नगरपालिकाका प्रत्येक वडामा एक जना महिला तथा एक जना दलित महिला सदस्य रहने व्यवस्था
- दलका सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य हुनुपर्ने व्यवस्था
- प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन ऐनमा गरिएको व्यवस्था रहेको छ ।

**राजनीतिक दलसम्बन्धी ऐन, २०७३**

- राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा दलको सदस्यता प्राप्त गर्न नागरिकलाई धर्म, जात, जाति, सम्प्रदाय, भाषा वा लिङ्गको आधारमा बन्देज लगाइएको, बञ्चित गरेको वा विभेद गरेको देखिएमा दल दर्ता हुन नसक्ने प्रावधान राखी प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउने प्रयास गरिएको छ,
- राजनीतिक दलको संगठनात्मक संरचना र विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिविम्बित हुने गरी आफ्ना सदस्यहरू मध्येबाट त्यस्ता समितिमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु पर्ने र दलको सबै तहको समितिमा कम्तिमा एक तिहाई महिला सदस्य हुने व्यवस्था गर्नु पर्ने कानुनी प्रावधान रहेको छ ।

**प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४**

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले उम्मेदवारको बन्दसूची तयार गर्दा निम्नानुसार हुनु पर्ने ।

**समानुपातिक उम्मेदवारी**

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | प्रतिशत |
|---|---|---|
| १ | दलित | १३.८ |
| २ | आदिवासी जनजाति | २८.७ |
| ३ | खस आर्य | ३१.२ |
| ४ | मधेशी | १५.३ |
| ५ | थारु | ६.६ |
| ६ | मुस्लिम | ४.४ |
| ७ | पिछडिएको क्षेत्र | ४.३ |

यस निर्वाचन प्रणाली तर्फ दलले कूल निर्वाचित हुने सदस्य सङ्ख्याको कम्तीमा दश प्रतिशत सदस्यका लागि उम्मेदवारी दिनुपर्छ
नोट : प्रत्येक सूमहबाट कम्तिमा ५०% महिलाको उम्मेदवारी सुनिश्चित हुनुपर्ने ।

यसका साथै भूगोल र प्रादेशिक सन्तुलन पनि मिलाउनुपर्दछ भने महिला कम्तीमा ५० प्रतिशत हुनुपर्ने र पिछडिएको क्षेत्रबाट कम्तीमा ४.३ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्दछ साथै अपाङ्गता भएका व्यक्तिको समेत नाम समावेश गर्नु पर्दछ।

**प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४**


प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ मा प्रतिनिधित्व प्रणालीलाई लैङ्गिकमैत्री र समावेशी बनाउन समानुपातिक निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा भाग लिन चाहने दलले उम्मेदवारको बन्दसूची तयार गर्दा कुल उम्मेदवारको संख्या कम्तीमा निम्न अनुसार हुनुपर्नेछ :

| क .स | समावेशी क्षेत्र | प्रदेश नं. १ | मधेश | बागमति | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| १ | आदिवासी जनजाती | ४६.७९ | ६.६१ | ५३.१७ | ४२.३७ | १९.५८ | १३.६३ | ३.६१ |
| २ | खस आर्य | २७.८४ | ४.८९ | ३७.०९ | ३७.२४ | २८.८४ | ६२.२ | ६०.०२ |
| ३ | थारु | ४.१५ | ५.२७ | १.६६ | १.१७ | १५.१८ | ०.५ | १७.२१ |
| ४ | दलित | १०.०६ | १७.२९ | ५.८४ | १७.४४ | १५.११ | २३.२५ | १७.२९ |
| ५ | मधेशी | ७.५७ | ५४.३६ | १.५७ | ०.५२ | १४.३५ | ०.२४ | १.६४ |
| ६ | मुस्लीम | ३.५९ | ११.५८ | ०.६७ | ०.७१ | ६.९४ | ०.१८ | ०.२३ |
| | जम्मा | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

महिला ५० प्रतिशत र भूगोल तथा प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिई जनसंख्याको आधारमा उम्मेदवारको बन्द सूची पेश गर्नु पर्ने हुन्छ।

## १.३ नेपालको शासन व्यवस्था र महिला प्रतिनिधित्व

### राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन




**मतभार : राष्ट्रिय सभा र प्रतिनिति ससभा सदस्य** १ = ७८, **प्रतिनिति सभा सदस्य** १=४८

**सघीय संसद** (राष्ट्रिय सभा र प्रतिनिधि सभामा) ५९+ २७५=३३४, **जम्मा मत** ३३४x७८ = २६,०५२। **जम्मा प्रदेश सभा भोट** = ५५०x४८ = २६,४००




संसदमा प्रतिनिधित्व गर्ने सबैदलबाट संघीय व्यवस्थापिका तथा प्रदेश सभामा कम्तीमा एक तिहाई (१/३) सदस्य महिला प्रतिनिधित्व हुनु पर्ने ।

## १.४ राष्ट्रिय सभा

राष्ट्रिय सभामा ५९ जना सदस्य रहने, ५६ जना प्रदेशबाट अप्रत्यक्ष निर्वाचित हुने र ३ जना म.प.को सिफारिसमा राष्ट्रपतिले मनोनित गर्ने ।

- हरेक प्रदेशबाट ८ जना : ३ महिला, १ दलित, १ आपाङ्गता भएका व्यक्ति र अल्पसंख्यक, ३ अन्य
- १ जना महिला सहित ३ जना सरकारको सिफारिसमा राष्ट्रपतिले मनोनित गर्ने




## १.५ प्रतिनिधि सभा

२७५ जना प्रत्यक्ष निर्वाचित, १६५ जना पहिलो हुने निर्वाचित हुने र ११० समानुपातिक प्रणाली समावेशी तर्फ दलित, आदिवासी, जनजाती, खस आर्य, मधेसी, थारु र मुस्लिम (महिला र पिछडिएको क्षेत्र समेतबाट तोकिएको प्रतिशतमा समावेश गरिनुपर्ने) । पहिलो हुने निर्वाचित हुने प्रणाली - प्रत्येक निर्वाचन क्षेत्रबाट १ जना निर्वाचित हुने कुल १६५ सदस्य, समानुपातिक ११० सदस्य, पूरा देश नै १ निर्वाचन क्षेत्र हुने । यदि कुनै दलबाट प हु नि हु मा १/३ प्रतिशत महिला निर्वाचित हुन नसकेमा सो दलले समानुपातिकबाट तोकिएको संख्या पुरयाउनु पर्नेछ ।



## प्रतिनिधि सभा - २७५ सदस्य

| पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली - १६५<br>६०% | समानुपातिक निर्वाचन प्रणाली - ११०<br>४०% |
|---|---|

### १.६ प्रतिनिधि सभा तथा प्रदेश सभाको गठन सम्बन्धी व्यवस्थाहरु

| प्रदेश | प्रतिनिधिसभा निर्वाचन क्षेत्र | | प्रदेशसभा निर्वाचन क्षेत्र | | |
|---|---|---|---|---|---|
| | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | प्रदेशसभाको जम्मा |
| प्रदेश नं. १ | २८ | | ५६ | ३७ | ९३ |
| मधेश | ३२ | | ६४ | ४३ | १०७ |
| बागमती | ३३ | | ६६ | ४४ | ११० |
| गण्डकी | १८ | ११० | ३६ | २४ | ६० |
| लुम्बिनी | २६ | | ५२ | ३५ | ८७ |
| कर्णाली | १२ | | २४ | १६ | ४० |
| सुदूरपश्चिम | १६ | | ३२ | २१ | ५३ |
| जम्मा | १६५ | ११० | ३३० | २२० | ५५० |
| कुल जम्मा | २७५ | | ५५० | | |

### १.७ प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा महिलाको प्रतिनिधित्व





| | विजयी | उम्मेदवार |
|---|---|---|
| प्रतिनिधि सभामा निर्वाचित महिला (FPTP तर्फ) | ९ | २२५ |
| प्रदेश सभा निर्वाचनमा निर्वाचित महिला (FPTP तर्फ) | १४ | २८० |

प्रदेश १ - २, मधेश प्रदेश - ४, बागमती - ५, गण्डकी - २
लुम्बिनी - १, कर्णाली - ०, सुदूरपश्चिम - ०

## १.८ स्थानीय तह

- स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा पर्छन्
- गाउँपालिका र नगरपालिका भौगोलिक तथा प्रशासकीय इकाई हुन् (यिनीहरु स्थानीय सरकार हुन्)
- गाउँ तथा नगरपालिकाको प्रमुख र उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्षको पदको लागि एउटै राजनीतिक दलले दुबै पदमा उम्मेदवारी दिँदा एक जना महिला हुन अनिवार्य छ
- कार्यकाल ५ वर्षको हुन्छ। कार्यकाल समाप्त भएको छ महिनाभित्र अर्को गाउँ सभा र नगर सभाको निर्वाचन सम्पन्न गर्नुपर्छ ।

### गाउँ सभा र नगर सभा

- गाउँ तथा नगरपालिकामा सबैभन्दा तल्लो तहमा वडा समिति रहन्छन्
- प्रत्येक वडा समितिमा, कम्तीमा दुई जना महिला, जसमध्ये एकजना दलित महिला सहित चारजना वडा सदस्य र एक जना वडाध्यक्ष रहन्छन् ।

### कार्यपालिका न्यायिक समिति

| | |
|---|---|
| नगर प्रमुख/ गाउँ पालिका अध्यक्ष | ७५३ |
| उप- प्रमुख/ उपाध्यक्ष | ७५३ |
| वडा अध्यक्ष | ६,७४३ |
| महिला वडा सदस्य | ६,७४३ |
| दलित महिला वडा सदस्य | ६,७४३ |
| अन्य वडा सदस्य | १३,४८६ |

| जिल्ला सभा र जिल्ला समन्वय समिति |
|---|
| **जिल्ला सभा** |
| **जिल्ला सभाका सदस्यहरु :** जिल्ला भित्रका प्रत्येक गाउकार्यपालिकाका अध्यक्ष उपाध्यक्ष र नगर कार्यपालिकाका प्रमुख उपप्रमुख |
| **जिल्ला समन्वय समिति :** वढीमा ९ जना सदस्य (एक प्रमुख एक उपप्रमुख र कम्तिमा तीनजना महिला र कम्तिमा एक जना दलित वा अल्पसंख्यक सहित) |

### गाँउ सभाको गठन

- गाउँपालिकाको सर्वोच्च निकायको रुपमा गाउँ सभा रहेको हुन्छ,
- गाउँ सभाको गठनका लागि प्रत्येक वडाका मतदाताले एक व्यक्ति एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गोप्य मतदानद्वारा एक जना वडाध्यक्ष, चारजना वडा सदस्य र गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्छन्,
- गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष नै गाउँ सभाका पदेन अध्यक्ष र उपाध्यक्ष हुन्छन्,
- गाउँ सभाका सदस्यले गाउँ कार्यपालिकाका लागि निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यक समुदायका दुई जना व्यक्ति पनि गाउँ सभाका सदस्य रहन्छन् ।

| गाउँ सभा | |
|---|---|
| १ | गाउँपालिका क्षेत्रका सबै वडा समितिका अध्यक्ष र सदस्य |
| २ | गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष |
| ३ | गाउँ कार्यपालिकाका लागि दलित वा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुईजना । |

### गाँउ कार्यपालिकाको गठन

| गाँउ कार्यपालिकाको गठन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | | | | | | |
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष) | + | ४ जना (गाउँसभाका सदस्यहरुले महिला वडासदस्यहरु मध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य) | + | सम्बन्धित गाउँसभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यक मध्येबाट २ जना | = | **गाउँ कार्यपालिका** |

### गाँउ न्यायिक समिति

गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित गाउँसभाले आफू मध्येबाट निर्वाचित गरेका २ सदस्य सहित ३ सदस्यीय न्यायिक समिति गठन हुने । नेपालको संविधान धारा २१७ मा व्यवस्था रहेको छ ।

### नगर सभाको गठन

- नगर सभा नगरपालिकाको सर्वोच्च निकाय हो, गाउँ सभाको गठन र नगर सभाको गठन प्रक्रिया उस्तै हो,
- नगर सभाको गठनका लागि प्रत्येक वडाका मतदाताले एक व्यक्ति एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली वमोजिम गोप्य मतदानद्वारा एक जना वडाध्यक्ष, चारजना वडा सदस्य र नगर कार्यपालिकाका प्रमुख र उपप्रमुखको निर्वाचन गर्छन्,
- नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख नै नगर सभाका पदेन अध्यक्ष र उपाध्यक्ष हुन्छन्,
- नगर सभाका सदस्यले नगर कार्यपालिकाका लागि निर्वाचित गरेका दलित वा अल्पसङ्ख्यक समुदायका तीन जना व्यक्ति पनि नगर सभाका सदस्य रहन्छन् ।

| नगर सभा | |
|---|---|
| १ | नगरपालिका क्षेत्रका सबै वडा समितिका अध्यक्ष र सदस्य |
| २ | नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख |
| ३ | नगर कार्यपालिकाका लागि दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना |

### नगर कार्यपालिकाको गठन

| नगर कार्यपालिकाको गठन | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | | | | | | |
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष) | + | ५ जना (नगर सभाका सदस्यहरुले महिला वडा सदस्यहरु मध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य) | + | सम्बन्धित नगरसभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यकमध्येबाट ३ जना | = | **नगर कार्यपालिका** |

### नगर न्यायिक समिति

नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा सम्बन्धित नगरसभाले आफू मध्येबाट निर्वाचित गरेका २ सदस्य सहित ३ सदस्यीय न्यायिक समिति गठन हुने । नेपालको संविधान धारा २१७ मा व्यवस्था रहेको छ ।

### स्थानीय तहमा महिला प्रतिनिधित्व

(१) गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका महिला सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले आफू मध्येबाट गाउँ कार्यपालिकाको हकमा सबै भन्दा बढी मत प्राप्त गर्ने चार जना र नगर कार्यपालिकाको हकमा सबै भन्दा बढी मत प्राप्त गर्ने पाँच जना निर्वाचित हुने निर्वाचन प्रणालीकोआधारमा गोप्य मतदानद्वारा निर्वाचन गर्नेछन् ।

(२) गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले गाउँ कार्यपालिकाको हकमा सबै भन्दा बढी मत प्राप्त गर्ने दुई जना र नगर कार्यपालिकाको हकमा सबै भन्दा बढी मत प्राप्त गर्ने तीन जना निर्वाचित हुने निर्वाचन प्रणालीकोआधारमा गोप्य मतदानद्वारा निर्वाचन गर्नेछन् ।

(३) जिल्ला समन्वय समितिको लागि सम्बन्धित जिल्ला सभाका सदस्यले सम्बन्धित जिल्ला भित्रका गाउँ सभा वा नगर सभाका सदस्यहरु मध्येबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक समुदायका व्यक्तिलाई नर्वाचित गर्नेछन् ।

## १.९ स्थानीय तह निर्वाचन २०७९ मा महिला प्रतिनिधित्व







| पद | विजयी | विजयी प्रतिशत | उम्मेदवार | कुल पद संख्या |
|---|---|---|---|---|
| प्रमुख | १३ | ४.४५ | २२९ | २९३ |
| उपप्रमुख | २३३ | ७९.४५ | १४३४ | २९३ |
| अध्यक्ष | १२ | २.६१ | १५५ | ४६० |
| उपाध्यक्ष | ३३५ | ७२.८३ | १६४३ | ४६० |
| वडा अध्यक्ष | ६९ | १.०२ | ९४७ | ६७४३ |
| खुला सदस्य | ४४२ | ३.२८ | २४०७ | ६७४३ |
| महिला सदस्य | ६७४२ | ९९.९८ | २५६०० | ६७४३ |
| दलित महिला सदस्य | ६६२० | ९८.१८ | २३२८४ | ६७४३ |
| **जम्मा** | **१४४६५** | **४१.२** | **५५६९९** | **२८४७८** |



**क्रियाक्रप २ :** सहभागीहरूलाई आफूलाई मनपर्ने १ जना नेपाली नेताको नाम मेटा कार्डमा लेख्न लगाउने । सहभागी मध्ये ५ जनालाई आफूलाई मन पर्ने नेता को हो र मनपर्नुको कारण समूहमा भन्न लगाउने (१० मिनेट) ।
( नोट : - प्रशिक्षकले कति जना महिला र कति जना पुरुष नेताको नाम सहभागीले लेखे ध्यान दिने )

- मतदाताले मत दिन जाँदा पाँच वर्षसम्मका आफ्ना बच्चा साथमा लिएर जान पाउँछन्,
- दृष्टिसम्बन्धी वा शारीरिक अपाङ्गता भएका मतदाताले एकाघरको एक सहयोगी वा मतदान अधिकृतको सहयोगमा आफ्नो मतदान गर्न सक्ने व्यवस्था रहेको छ,
- महिला, दलित, सीमान्तकृत र आर्थिक रुपले कमजोर उम्मेदवारले उम्मेदवार नियुक्तिका लागि राख्नुपर्ने जमानतमा ५०% छुट पाउँछन्।
- जेष्ठ नागरिक र अपाङ्गता भएका मतदाताका लागि लाईनमा बस्न नपर्ने व्यवस्था रहेको छ,
- तथ्यांक फारमहरू लिङ्गका आधारमा वर्गीकृत छन्,
- मतदाता शिक्षा सामग्रीहरू विभिन्न स्थानीय भाषामा तयार गरिएका छन्,
- २०७९ को संसदीय निर्वाचनमा ६,७४३ सामाजिक परिचालकहरूलाई मतदाता शिक्षाका लागि खटाइएको थियो,
- आचारसंहितामा विशेष प्रावधानहरू राखिएका छन्,
- निर्वाचनको समयमा, नेपालको राष्ट्रिय च्यानल, नेपाल टेलिभिजन मार्फत सांकेतिक भाषाका समाचार प्रसारण गरिएको थियो,
- सीमान्तकृत समुदायसम्म पुग्नका लागि समुदायमा आधारित संस्था र गैससंग साझेदारी कार्यक्रम सञ्चालन गरिएको,
- निर्वाचन पर्यवेक्षण कार्यमा समावेशीकरण,
- गर्भवती महिला र स्तनपान गराउने महिलाका लागि लाईनमा बस्न नपर्ने व्यवस्था,
- अस्थायी सुरक्षा बल र मतदाता शिक्षाका लागि महिला स्वयं सेविकाहरूमा समावेशिता ।

## २०७९मा निर्वाचन आयोगले गरेका समावेशी क्रियाकलापहरू

मतदाताले पाँच वर्षसम्मका आफ्ना बच्चा लिएर जान पाउँने व्यवस्था ।

दृष्टिसम्बन्धी वा शारीरिक अपाङ्गता भएका मतदाताले एकाघरको सदस्य वा मतदान अधिकारीको सहयोगमा आफ्नो मतदान गरेको ।

महिला, दलित, सीमान्तकृत र आर्थिक रुपमा कमजोर उम्मेदवारले उम्मेदवार नियुक्तिका लागि गरिनुपर्ने जमानतमा ५०% छुट पाउने ।

जेष्ठ नागरिक र अपाङ्गता भएका मतदाताका लागि अलग पंक्ती ।

तथ्याङ्क फारमहरू लिङ्गका आधारमा वर्गीकृत छन् ।

१०० भन्दा बढि मतदान केन्द्र ह्विलचेयर पहुँचयोग्य ।

मतदाता शिक्षा सामाग्रीहरू १६ स्थानीय भाषामा तयार गरिएका थिए ।

मतदाता शिक्षाका लागि ६,७४३ महिला स्वयंसेवीका परिचालन ।

निर्वाचनका समयमा, नेपालको राष्ट्रिय च्यानल, नेपाल टेलिभिजनमा सांकेतिक भाषाका समाचार प्रसारण गरिएको ।

सीमान्तकृत समुदायसम्म पुग्नका लागि समुदायमा आधारित संस्था र गैससँग साझेदारी कार्यक्रम ।

आचारसंहितामा विशेष प्रावधानहरू ।

निर्वाचन पर्यवेक्षण कार्यमा समावेशीकरण ।

गर्भवती महिला र स्तनपान गराउने महिला तथा काखे बालबालिका सहितका महिलालाई विशेष व्यवस्था ।

दृष्टिसम्बन्धी र श्रवणसम्बन्धी अपाङ्गता भएका मतदाताहरूका लागि विशेष मतदाता शिक्षा अभिमूखीकरणहरू आयोजना गरिएका थिए ।

अस्थायी सुरक्षा बल र मतदाता शिक्षाका लागि महिला स्वयंसेविकाहरूमा समावेशिता ।

**क्रियाकलाप ३:** प्रशिक्षकले माथि सामेल भएका विषयहरुलाई समेटी १० देखि १५ वटा प्रश्नहरु तयार गरी हाजिरी जवाफ / प्रश्न उत्तर कार्यक्रम चलाउने । सबैभन्दा बढी सही उत्तर दिने समूह / सहभागीलाई उपहार दिने व्यवस्था गर्ने । (१० मिनेट)

*********

# महिला नेतृत्व र उम्मेदवारी

# महिला नेतृत्व र उम्मेदवारी

| | |
|---|---|
| **सिकाइ उपलब्धि** | यस सत्र पश्चात सहभागीहरुले महिला नेतृत्व भनेको के हो ? परिवर्तनकारी नेतृत्व, महिला र उम्मेदवारी, नेतृत्व सीप, राजनीतिक नेतृत्व के का लागि र विश्वव्यापी नेतृत्वको अवस्था, जित, हार आदिका बारेमा जानकारी पाउनुका साथै राजनीतिक दल भित्रको प्रतिरोधको सामना गर्न सक्ने क्षमताको पनि विकास गर्नेछन । |
| **समय** | १ घण्टा ३० मिनेट |
| **तालिम सामग्री** | न्यूजप्रिण्ट, मार्कर, मास्किङ टेप, मेटाकार्ड, पावरपोइन्ट, स्रोतपुस्तिका आदि । |
| **सत्रको क्रियाकलापहरु** | क्रियाकलाप १: शब्दहरुको खेल<br>क्रियाकलाप २: परिचय<br>क्रियाकलाप ३: जित-हार खाका<br>क्रियाकलाप ४: राजनीतिक दल भित्रको प्रतिरोधसंग कसरी सामना गर्ने |
| **सहजकर्ताको लागि नोट (ध्यान दिनु पर्ने कुरा)** | यो सत्रको मुख्य उद्देश्य सहभागीहरूको आत्मविश्वास बढाउनु र उनीहरूलाई परिवर्तनकारी नेतृत्वको भुमिका निभाउदै प्रतिनिधित्व गर्ने क्षमता बढाउन आवश्यक सीप प्रदान गर्नु हो । साथै राष्ट्रिय तथा स्थानीय तहको नीति निर्माणमा उनीहरूको भुमिका तथा विचार महत्वपुर्ण हुन्छ भन्ने आत्मविश्वास दिलाउनु हो । |
| **सत्रको लागि आवश्यक स्रोत सामग्री** | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९<br>प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>निर्वाचन आचारसंहिता, २०७९<br>राजनीतिमा महिला सहभागीताका क्षेत्रमा विद्यमान चुनौती न्यूनीकरण सम्बन्धी प्रशिक्षण सामग्री, २०७४ |

## २.१ नेतृत्व के हो ?

नेतृत्व भनेको एक व्यक्ति वा व्यक्तिहरूको समूहले अर्को व्यक्ति, समूह, कार्यकर्ता वा संगठनका अन्य सदस्यहरूलाई प्रभाव पार्ने र मार्गदर्शन गर्ने क्षमता हो । नेतृत्वले परेको बेलामा गहन र अप्ठ्यारा निर्णयहरू लिन सक्नु पर्दछ । नेतृत्व लिने व्यक्ति स्पस्ट तथा दुरदर्शी हुनु पर्दछ । नेतृत्वले लक्ष्यहरू निर्धारण गर्नुका साथै कार्यकर्ताहिरूलाई सो लक्ष्य प्राप्तिका लागि आवश्यक ज्ञान, सीप र साधनहरु पनि उपलब्ध गराउन सक्नु पर्दछ ।

## २.२ नेतृत्वको प्रकार

(१) **औपचारिक नेता :** सरकारी वा गैर सरकारी पदमा रहेका व्यक्तिहरुलाई औपचारिक नेता भनिन्छ । जस्तै वडा सदस्य, शिक्षक, साझा संस्थाका अधिकृत, कुनै क्लब समुहका सदस्य आदि ।

(२) **अनौपचारिक नेता :** कुनै पनि सरकारी वा गैर सरकारी पद नओगटे तापनि आपनो समाज सेवा, अनुभव, शिक्षा, कार्यकुशलता, सम्पत्ति, व्यक्तित्व तथा अन्य सम्पर्कबाट समुदायको सदस्यहरुमा प्रभाव पार्न सक्ने व्यक्तिलाई अनौपचारिक नेता भनिन्छ । जस्तै गाउँका मुखिया, साहुमहाजन, धामी झाँक्रीहरु, लामा पुरोहितहरु, शिक्षित व्यक्तिहरु, भूतपूर्व सैनिकहरु ।

## २.३ नेतृत्व केका लागि चाहिन्छ ?

सामाजिक विकास कार्य, संघ संस्थाको उदेश्य प्राप्ति गर्ने कार्यलाई व्यवस्थित कार्यन्वयन गर्न तथा अनुसरण गर्न, संघ संस्था समूहहरूलाई गतिशिल बनाउन नेतृत्वको आवश्यकता पर्दछ । साथै निम्न कामका लागि नेतृत्व चाहिन्छ :

- विकास गर्न
- संगठन गर्न
- सहयोग जुटाउन
- कार्य विभाजन गर्न
- कुरा बुझाउन/सम्झाउन
- समस्याको समाधान गर्न
- निर्देशन गर्न
- समन्वय गर्न



## २.४ परिवर्तनकारी नेतृत्व

निर्वाचनमा उम्मेदवार बन्नु महिलाको अधिकार हो । आफ्नो समुदाय तथा देशको नेतृत्व गरी महिला लगायत सम्पूर्ण नागरिकहरूको जीवन सुधार गर्ने निर्णयहरूमा प्रभाव पार्नका लागि महिलाहरूले राजनीतिमा अगाडि आउनु पर्छ । नेतृत्व एक व्यक्तिबाट सुरु हुन्छ । सो व्यक्तिले अरुको नेतृत्व गर्नु अघि आफू भित्र स्वयम् नेतृत्वको भावना जगाउन आवश्यक छ ।



व्यक्ति र सामाजिक प्रणालीमा सकारात्मक परिवर्तन ल्याई कार्यकर्ता तथा सहयोगीहरूलाई नेतृत्व तहमा उकास्ने पद्दति नै परिवर्तनकारी नेतृत्व हो ।

परिवर्तनकारी नेतृत्व सामाजिक न्यायको दृष्टिकोणबाट प्रेरित हुन्छ । यस किसिमको नेतृत्वले लैङ्गिक, वर्गीय, जातीय, धार्मिक समानताको पक्षमा पैरवी गर्नुका साथै यो अपाङ्गता सम्वेदनशील हुन्छ । यसले महिला विरुद्ध हुने औपचारिक र अनौपचारिक दुबै किसिमका शक्ति संरचना र अभ्यासहरूलाई निर्मूल पार्नु सहयोग गर्छ । परिवर्तनकारी नेतृत्वले सामाजिक परिवर्तनका लागि समुदाय र समाजमा लैङ्गिक समानता र महिला अधिकारको प्रवर्धन गर्दछ ।

परिवर्तनकारी नेतृत्व एक दूरदर्शी प्रक्रिया हो र यो व्यक्तिगत परिवर्तनबाट प्रारम्भ भई यसले व्यक्तिलाई समूह र संगठनसम्म विस्तार गर्दछ । यो प्रक्रियाले लैङ्गिक तथा शक्ति सम्बन्धलाई पुनः परिभाषित गर्दछ र समाजमा रहेका महिला तथा पुरुषको प्रतिभा र सीपको आधारमा सवल तथा नविन नेतृत्वको विकास गर्दछ । परिवर्तनकारी नेतृत्व समता, समानता, लोकतन्त्र, न्याय, हिंसारहित समाज र सहयोगको सिद्वान्तमा आधारित हुन्छ ।

## २.५ सशक्तिकरण :

सशक्तिकरण भनेको व्यक्ति वा समूहलाई विशेष गरी आफ्नो जीवन र आफ्नो अधिकारमाथि शक्ति र नियन्त्रण दिने प्रक्रिया हो । यो प्रक्रियाद्वारा व्यक्ति तथा समूह आफ्नो निर्णय आफै लिन सक्नेछन् र अझ सशक्त र विश्वस्त हुन सक्नेछन् । निर्वाचनमा महिलाहरूलाई भाग लिन सक्षम बनाउन हामीले सशक्तिकरणको चारवटा पक्षलाई ध्यान दिनु पर्छ :

- लैङ्गिक सम्बन्ध वा यी सम्वन्धहरू परिवर्तन हुन सक्ने पद्दतिबारे बुझाई ।
- स्वमुल्यांकनको अवधारणाको विकास, चाहेको परिवर्तन प्राप्तिका लागि स्वयम् माथिको आत्मविश्वास र आफ्नो जीवनमाथि नियन्त्रण गर्न सक्ने क्षमताको विकास ।
- छनौट गर्ने र तर्क गर्न सक्ने क्षमताको विकास ।
- राष्ट्रिय तथा अन्तरास्ट्रिय स्तरमा अझ बढी न्यायपूर्ण सामाजिक र आर्थिक सुशासन निर्माण गर्न, सामाजिक रुपान्तरणको दिशालाई संगठित र प्रभाव पार्न सक्ने क्षमताको विकास ।

**क्रियाकलाप १: शब्दहरूको खेल (१५-२०) मिनेट**

- अगाडि पट्टि तीनवटा न्यूजप्रिण्ट पेपर टाँस्नुहोला । एउटामा पुरुष, अर्कोमा महिला र तेस्रोमा दुबै शीर्षक लेखेर ठिक पार्नुहोस् ।
- हरेक सहभागीहरूलाई महिला र पुरुषसंग सम्वन्धित केही शब्दहरु फरक फरक मेटा कार्डमा लेख्न लगाउनुहोस् ।
- ३ देखि ५ मिनेटमा लेख्न सकिए पछि, सहभागीहरूलाई पालै पालो अगाडि आई अघि नै तयार पारिएको न्यूजप्रिण्ट पेपर महिलासंग सम्बन्धित शब्दहरु महिला लेखिएको न्यूजप्रिण्टमा र पुरुषसंग सम्बन्धित शब्दहरु पुरुष लेखिएको न्यूजप्रिण्टमा टाँस्न लगाउनुहोस् ।
- अब दुबै न्यूजप्रिण्टमा भएको शब्दलाई एक एक गरी छलफल गर्नुहोस । जस्तैः "बलवान" शब्द पुरुषमा राखिएको छ भने महिलाले पनि बलको काम गर्न सक्ने हुनाले समूहमा छलफल गरी यस किसिमका शव्दलाई महिला र पुरुषलाई मिल्ने दुबै लेखिएको न्यूजप्रिण्टमा टाँस्नुहोस् ।
- त्यसरी नै बच्चाको पालन पोषण भन्ने शब्द छ भने पनि दुबैले यो काम गर्न सक्ने हुनाले यसलाई दुबैमा राख्नुहोस । यसैगरी अन्त्यसम्ममा बढी भन्दा बढी मेटाकार्डहरु पुरुषबाट महिला या दुबैमा राख्ने प्रयास गर्नुहोस् ।
- यो अभ्यासले के देखाउँछ भने लैङ्गिक भूमिकाहरु परिवर्तन हुन सक्छन र महिलाले गर्ने काम पुरुषले गर्न सक्छन् भने पुरुषले गर्ने काम पनि महिलाले गर्न सक्छन । यसरी सहभागीहरूमा आत्मविश्वासको विकास गर्ने आधार निर्माण गर्नु होस् ।

*सहजकर्तालाई नोटः सहभागीहरूलाई यो अभ्यासको माध्यमबाट आफ्नो आत्मसमिक्षा गर्न लगाउनुहोस्*

## २.६ नेतृत्व कला

नेतृत्व भनेको एक व्यक्ति वा व्यक्तिहरूको समूहले अर्को व्यक्ति, समूह, कार्यकर्ता वा संगठनका अन्य सदस्यहरूलाई प्रभाव पार्ने र मार्गदर्शन गर्ने क्षमता हो । नेतृत्वले गहन र अप्ठ्यारो निर्णयहरू लिने, स्पष्ट दुरदर्शिता अपनाउनु पर्ने, लक्ष्यहरूको निर्धारण गर्ने र कार्यकर्ताहरूलाई सो लक्ष्य प्राप्तिका लागि आवश्यक ज्ञान र साधनहरू उपलब्ध गराउनु पर्दछ ।

**प्रभावकारी र सफल नेतृत्वसंग निम्न गुणहरू हुन आवश्यक छ :**

- सवल सञ्चार र व्यवस्थापकीय सीप भएको
- रचनात्मक सोच भएको
- परिवर्तनको लागि खुला सोच भएको
- संकटको समयमा स्तरीयताका साथ चुस्त प्रतिकृया दिन सक्ने
- समूह परिचालन सम्बन्धि ज्ञान भएको
- समूहमा घुलमिल हुनसक्ने
- आफ्ना मतदाता, कार्यकर्ता र दल वा संस्थाका सदस्यको भावना र समस्या बुझ्न सक्ने
- ध्यान दिएर सुन्ने क्षमता भएको
- सबैलाई समान अवसर प्रदान गर्ने
- सिक्न र सिकाउन तत्पर हुने
- निर्देशन गर्न सक्ने
- जोखिम उठाउन सक्ने
- संगठन गर्न सक्ने
- भाषा तथा वक्तृत्वकला राम्रो र स्पष्ट भएको

सहभागीहरूलाई निम्न प्रश्न माथि छलफल गराउनुहोस् र उनीहरूको विचारमा नेतृत्व भनेको के हो र कसरी उनीहरू आफ्नो जीवनमा पहिले देखि नै एक नेता बनिसकेका छन् बुझाउनुहोस् ।

- तपाईका लागि सबैभन्दा महत्वपूर्ण चारित्रिक पक्ष र व्यक्तिगत मूल्य मान्यता के हो ?
- तपाईको जीवनको मुख्य उद्देश्य के हो ?
- अरुको जीवन राम्रो बनाउन तपाईले के कस्ता कामहरु गरिसक्नु भएको छ ?
- तपाईको तीन राम्रा गुण र प्रतिभा के के हुन् ?
- तपाई के उद्देश्य प्राप्त गर्न चाहनुहुन्छ ? (कुनै विशेष समय अन्तरालमा)

## २.७ नेतृत्वका लागि आवश्यक तत्वहरु



**एक लक्ष्य :**

१. असफलताका कारणहरु खोज्नुको सट्टा सफलताका कारणहरुको खोजी गर्ने ।



**दुइ नियम :**

१. हामी जे खोज्छौ त्यहि पाउँछौं, अथवा हाम्रो प्रश्नले नै उत्तरको निर्धारण गर्छ ।
२. जहाँ हामी विश्वास गर्छौं त्यहाँ हामी लागि पर्छौं, जब लागि पर्छौं तव हामी सफलताको शिखरमा पुग्छौ ।



**तीन सिद्धान्त :**

१. यदि हामीले समस्यालाई हेर्‍यौ भने जताततै समस्यै समस्या पाउँदछौ ।
२. यदि हामी सफलतालाई हेर्छौ भने जताततै सफलता नै सफलता पाउँदछौ ।
३. यदि हामीलाई आफ्ना कल्पनामा विश्वास छ भने अद्‌भुत सफलताहरु हात लाग्नेछन ।

**नेताले गर्न नहुने कार्यहरु**

१. अकृतज्ञ हुने,
२. अशिष्ट हुने,
३. अरुको मजाक उडाउने,
४. एकजना सहभागिलाई मात्र मौका दिने,
५. तयारी गरी नआउने,
६. सहभागिहरुलाई अन्यौलमा पार्ने,
७. लोभ लालच, पैसाको लागि आफ्नो स्वाभिमान बेच्ने,
८. धेरै हाउभाउ प्रस्तुत गर्ने,
९. अप्ठ्यारो प्रश्न सोध्ने वा प्रयोग गर्ने,
१०. सहभागिहरुलाई लाजमर्दो पार्ने,
११. वादविवाद गर्ने,
१२. ढीलो आउने,
१३. धैर्यता गुमाउने,
१४. चिच्च्याउने,
१५. सहभागीहरुलाई नसुहाउदो किसिमले पीठ फर्काएर बस्ने ।

**सफलताको रहस्य**

- सधै हाँसीखुशी रहनु र सबैलाई माया बाँड्नु,
- गुणवान मानिसवाट सम्मान पाउनु,
- बच्चाबाट माया पाउनु, बच्चाको मनमा बस्नु,
- राम्रो आलोचकवाट स्वीकृती पाउनु,
- विस्वासघाती साथीको विश्वासघात सहन सक्नु,
- राम्रो चिजको प्रशंसा गर्नु,
- अरुको खुवीको खोजी गर्नु र अनुशरण गर्नु,
- बिना स्वार्थ अरुको सहयोगमा आफूलाई समर्पन गर्नु,
- उत्साहका साथ हाँस्नु, खेल्नु र आनन्दले गाउनु, नाँच्नु,
- अन्तिम कुराः यस कुरामा विश्वस्त हुनुस् कि मेरो कार्यले कसै एक जनाको जीवनलाई सजिलो तथा सफल बनाउन सकेको छ । यही नै सफलताको मुख्य चुरो हो ।



**क्रियाकलाप २ः परिचय**

माथिको छलफलको आधारमा अन्त्यमा सहभागीहरूलाई एउटा मेटाकार्डमा तल दिइएको खाकामा आफ्नो परिचय लेख्न र पालै पालो भन्न लगाउनुहोस् :



## २.८ राजनीतिक नेतृत्व

निर्वाचनमा उम्मेदवारी दिने भनेको एक महत्वपूर्ण निर्णय हो जसको लागि आफ्नो समुदाय र देशको हितका लागि नीति निर्माणमा सहयोग गर्ने हेतुले अभिप्रेरित उच्च प्रतिबद्धता चाहिन्छ। यसका साथै उम्मेदवार हुने व्यक्तिको मानसिक र भावनात्मक तयारी हुनु जरुरी छ, साथै व्यक्ति, परिवार, समुदाय, समाज, देश, राजनीति र राजनीतिक दल प्रतिको उसको ज्ञान र बुझाइ पनि गहिरो हुन जरुरी छ। माथिका अभ्यासहरूबाट सहभागीहरूले आफ्नो सशक्तिकरण भएको महसुस गर्नेछन् र आफू कस्तो नेता हुने वा हुन चाहन्छु भन्ने निर्णय गर्न सक्नेछन्, र विशेष गरी राजनीतिक नेतृत्वमा केन्द्रित हुन सहयोग प्राप्त गर्नेछन्।

**सहभागीहरुलाई निम्न प्रश्न गर्नुहोस्:**

- के तपाई निर्वाचनका लागि तयार हुनुहुन्छ ?
- तपाई किन जनप्रतिनिधिको रुपमा निर्वाचित हुन चाहनुहुन्छ ? (के तपाईलाई कुनै घटनाले प्रेरित गरेको हुनाले यस्तो निर्णय लिनु भएको हो, के तपाई देशको अवस्था देखेर चिन्तित हुनुहुन्छ ?)
- तपाई निर्वाचित हुनु भएमा के कस्ता मुद्दाहरु उठाउनु हुन्छ ?
- तपाईको सवल र दुर्वल पक्षहरू के के हुन् ? (निर्वाचनको कुन पक्ष तपाईलाई मन पर्छ र कुन मन पर्दैन ? के तपाईसंग कुनै गहन संदेश छ तर जनसमक्ष भन्न हिच्किचाउनु हुन्छ ?)
- के तपाईको परिवारले तपाईको निर्णयलाई साथ दिन्छ ? के तपाईको साथमा साथीभाई र परिवार छन् ?
- के तपाईको अभियानलाई प्रभाव पार्ने तपाईलाई कुनै स्वास्थ्य समस्या छ ?
- निर्वाचनमा जित्नका लागि के चाहिन्छ भन्ने कुराको तपाईलाई पूर्ण ज्ञान छ ? के तपाई निर्वाचनप्रति प्रतिबद्ध हुनु हुन्छ ?
- तपाईसंग के-कस्ता वाह्य स्रोतसाधनहरू उपलब्ध छन् ?
- के तपाईसंग मजबूत आर्थिक धरातल छ ? के तपाईसंग व्यक्तिगत बचत छ ?
- के तपाई साथीभाई र परिवारसंग सहयोग माग्न चाहनु हुन्छ ? के तपाईलाई यो कसरी गर्ने थाहा छ ?
- के तपाईले कहिले कुनै परियोजना वा कामका लागि मानिसहरू वा स्वयंसेवकहरुलाई जम्मा गर्नु भएको वा परिचालन गर्नु भएको छ ?
- तपाईलाई सहयोग गर्न सक्ने मुख्य व्यक्तिहरू/संस्थाहरू को हुन् ?
- तपाईको राजनीतिक अनुभव कस्तो छ ?
- के तपाई राजनीतिक दलको सक्रिय सदस्य हो ?
- तपाई राजनीतिक दलबाट वा स्वतन्त्र रुपमा उम्मेदवारी दिँदै हुनुहुन्छ ?
- के तपाईलाई सहयोग गर्ने राजनीतिक दलका नेताहरू हुनुहुन्छ ?

यी माथीका प्रश्नहरु मार्फत सहभागीहरूलाई निर्वाचनमा भाग लिन चाहिने पारिवारिक, सामाजिक, राजनीतिक, आर्थिक र अन्य अवस्थाको जानकारी गराउनुहोस्।

## २.९ जित-हार खाका

निर्वाचनमा भाग लिँदा उम्मेदवारले जित्नको लागि योजना बनाउनु पर्छ भने हार्नको लागि पनि मानसिक रुपले तयार रहनु पर्छ। निर्वाचन अभियानको क्रममा उम्मेदवार र उनका सहयोगीहरूले निर्वाचनमा हार भएता पनि महत्वपूर्ण मुद्दामा जनमानसको ध्यानाकर्षण गरेर जितको अनुभूति गर्न सक्छ भने जित्ने उम्मेदवारले आफ्नो मूल्य मान्यतामा रहेर जीत हासिल नगरे असल अर्थमा हारको अनुभूति गर्नुपर्ने अवस्था पनि आउन सक्छ।

## क्रियाकलाप ३: जित-हार खाका

सहभागीहरुलाई निम्न खाका भर्न लगाउनु होस् :

| मैले जिते भने के जित्छु ? | मैले हारे भने के जित्छु ? |
| --- | --- |
| • ............................................<br>• ............................................<br>• ............................................<br>• ............................................ | • ............................................<br>• ............................................<br>• ............................................<br>• ............................................ |
| **मैले जिते भने के हार्छु ?** | **मैले हारे भने के हार्छु ?** |
| • ............................................<br>• ............................................<br>• ............................................<br>• ............................................ | • ............................................<br>• ............................................<br>• ............................................<br>• ............................................ |

यो अभ्यासबाट सहभागीहरूलाई निर्वाचनको हारजित दुबैबाट राम्रो नतिजाको अपेक्षा राख्ने बानीको विकास गर्न र आत्मविश्वास बढाउन मद्दत पुग्नेछ ।

## २.१० महिला उम्मेदवार तथा महिला राजनीतिज्ञले के गर्ने ?

राजनीतिक दल र राजनीतिक जीवनमा आफ्नो नेतृत्व विकासका लागि महिला स्वयंले सक्रिय रुपमा काम गर्नु पर्छ । यसका लागि महिला राजनीतिज्ञहरूले निम्न तीन रणनीति अपनाउनु पर्ने हुन्छ :

- व्यक्तिगत राजनीतिक वृत्ती विकास (Career) को योजना गर्ने र स्वयंलाई राजनीतिक पदहरु मार्फत पदोन्नती गर्दै लैजाने ।
- राजनीतिक दलका अन्य महिलाहरू लगायत नागरिक समाजका महिलासंग साझेदारी गर्ने र साझा मुद्दामा सहकार्य गर्ने ।
- राजनीतिक दलको नीति, प्रक्रिया र अभ्यासहरुमा लैङ्गिक समानतालाई संस्थागत गर्न पैरवी गर्ने र पुरुषहरूलाई पनि साझेदार र लैङ्गिक अभियन्ताका रुपमा संग्लग्न गर्ने ।

महिलाले राजनीतिक वृत्ती विकास (Career) को लागि राजनीतिक दलको औपचारिक र अनौपचारिक दुबै किसिमका नीतिहरु बुझ्नु जरुरी छ । उनीहरूले आँफैलाई निम्न प्रश्नहरू गर्न सक्छन :

- के म दलको नेतृत्व तहसंग परिचित छु ?
- के म मेरो समुदायमा परिचित छु ?
- के मसंग आफ्नो चिनारी वा आर्थिक पहुँच छ ?
- के मैले दलको नेतृत्वसंग इमान्दारिता देखाएको छु ?

यी प्रश्नहरूले महिलाहरुलाई दल भित्र प्रभाव बनाउन सहयोग गर्छ । नयाँ महिला राजनीतिज्ञहरूले आफ्नो ज्ञान, सीप र सम्बन्ध बनाउनका लागि केहि चरणहरूका बारेमा थाहा पाउनु जरुरी छ । जस्तो, उनीहरुले आफ्नो राजनीतिक दलको स्थानीय तहमा

सम्पर्क गरी त्यहाँका सदस्यहरूले काम गरिरहेको मुद्दा र कार्यक्रमहरू बारेमा जानकारी लिन सक्छन् । महिलाले अरु उम्मेदवारको अभियानलाई सहयोग गरेर पनि सिक्ने मौका पाउन सक्छन् । यी क्रियाकलापहरूबाट नयाँ सदस्यहरूले मुख्यत पुरुष तथा महिला नेताहरूको काम कारवाही र महत्वाकांक्षा बारेमा जान्ने मौका पाउँछन । यस्तो सिकाई उनीहरूले गठबन्धन, सञ्जाल र एकेवद्धता निर्माण गर्न प्रयोग गर्न सक्छन । दलको सक्रिय सदस्य भएपछि महिलाले आफूलाई नेतृत्व तहको लागि अगाडि बढाउनु पर्छ र अन्य महिलाहरूलाई पनि अघि बढ्न प्रेरणा दिनु पर्छ ।

जव निर्वाचन अवधि सुरु हुन्छ, महिला उम्मेदवारहरूले दलका नेता भएर दलमा कस्तो योगदान गर्न सक्छन् र उनीहरुको राजनीतिक सक्रियताले दललाई कस्तो फाइदा हुन्छ भन्ने बारेमा अरु महिला उम्मेदवारलाई पनि जानकारी गराउनु पर्छ । साथै निर्वाचनमा भाग लिई राजनीतिक पदमा रही सेवा प्रदान गर्न तयार महिलाहरूबारे जानकारीको लिस्ट अगाडि बढाउनु पर्छ र यसको प्रयोगका लागि पैरवी गर्नु पर्छ । यस्ता सक्रिय महिलाहरूले महिला उम्मेदवारका लागि कर्मचारी र स्वयंसेवकको रुपमा पनि काम गर्न सक्छन् ।

### क्रियाकलाप ४: राजनीतिक दल भित्रको प्रतिरोधसंग कसरी सामना गर्ने

- सहभागीहरूलाई चार समूहमा बिभाजन गर्नुहोस् ।
- हरेक समुहलाई राजनीतिक दलले गर्ने पारम्परिक तर्कहरु प्रस्तुत गर्नुहोस् र त्यसलाई सामना गर्ने उत्तर लेख्न लगाउनुहोस् ।

**उदाहरणः**

**प्रतिरोधात्मक तर्क १ः** “पहिले नै धेरै महिलाहरु छन् जो सक्रिय र सवल छन् । साथै उनीहरूले संसदमा प्रतिनिधित्व गरिरहेका छन् ।“ नमूना उत्तरः “संसदमा प्रतिनिधत्व गर्ने महिला मध्य एक हुनमा म गर्व गर्छु तर यो पर्याप्त छैन । हामी समानता चाहन्छौ र यो कुनै अव्यवहारिक माग होइन । समान रुपमा प्रतिनिधित्व गर्न पाउनु पुरुष र महिला दुबैको अधिकार हो । देशमा अप्ठेरो पर्दा महिलाले जहिले पनि पुरुषहरू संगसंगै लड्दै आएका छन् र यो समय देशको उज्ज्वल भविष्यको लागि एकै साथ लड्ने समय हो ।”

**प्रतिरोधात्मक तर्क २ः** “के तपाई निर्वाचनमा भाग लिनका लागि तयार हुनुहुन्छ ? मानिसहरूले तपाईलाई समर्थन नगर्न सक्छन् र दलका केही सदस्य वा व्यक्तिबाट प्रतिरोध पनि हुन सक्छ” नमूना उत्तरः मेरो बाटोमा जस्तो अवरोध आए पनि म सामना गर्न तयार छु । मलाई थाहा छ केहीले विरोध तथा अवरोध गर्नेछन् र केहिले मेरो वा हाम्रो बारेमा गलत समाचार पनि फैलाउने छन् । तर मलाई मेरो चरित्र, मेरो प्रतिष्ठा, मेरो समुदाय र मेरो दलको लागि मैले गरेको काम माथि पूर्ण विश्वास छ । यो कुरा कहिले पनि नभुलौं कि यस दलमा सक्रिय महिलाले दललाई गौरवान्वित बनाएका छन् - जसमा पुरुषहरूले प्रतिनिधित्व गरेको निर्वाचन क्षेत्रमा निर्वाचित भएका महिलाहरू पर्दछन् । महिलाहरुले सबै सवालहरुलाई गहन रुपमा लिने गर्दछन् ।

## २.११ महिला सहभागिताबाट महिला लगायत समाज र मुलुकलाई हुने फाइदाहरु

- **निर्णय प्रक्रियामा सहभागी भई सेवा प्रवाहलाई प्रभावकारी बनाउन :** उम्मेदवारी दिएमा नै विजयी हुने सम्भावना हुने हो । त्यसो भयो भने मात्र निर्णय तहमा महिलाको उपस्थिति हुन्छ र महिला मैत्री निर्णय लिन सघाउ पुग्छ ।

- **समावेशी लोकतान्त्रिक प्रणाली सुदृढ गर्न :** सबै वर्ग, जातजाति, समुदाय, लिङ्ग र क्षेत्रहरुमा सन्तुलित र न्यायोचित विकास गर्न समावेशी प्रकृतिको प्रतिनिधित्व हुनुपर्दछ तब मात्र लोकतन्त्रको स्वाद सबैले समान रुपमा उपयोग गर्न पाउँछन । त्यसैले निर्वाचनमा महिला अग्रसर हुनु पर्दछ ।

- **लोकतन्त्रको संरक्षण र नागरिक दायित्वको भूमिका वहन गर्न :** निर्वाचन लोकतान्त्रिक पद्दतिको अपरिहार्य शर्त वा

अभ्यास हो । नियमित रुपमा निर्वाचन गरी जनचाहना अनुरुपको नेतृत्व चयन गर्नुमा नै लोकतान्त्रिक पद्दतिको सुन्दरता निर्भर रहने भएकाले महिला लगायत पछाडि पारिएका वर्गका नागरिकको निर्वाचनमा हुने सहभागिताले लोकतन्त्रको सुद्धढिकरणमा सहयोग पुग्दछ ।

- **राज्यप्रतिको दायित्व निर्वाह गर्न :** जनचाहनालाई बुझ्नका लागि आवधिकरुपमा निर्वाचन गरिन्छ, जसका लागि निर्वाचन गरिन्छ निर्वाचनमा उसैको सहभागिता भएन भने त्यो अर्थहीन हुन्छ । निर्वाचनमा सहभागी हुनु भनेको अधिकारको अभ्यास मात्र होइन, राज्य वा आफू रहेको समाज प्रतिको दायित्व वहन गर्नु पनि हो ।

- **विकासको आकांक्षा सम्बोधन गर्ने र सीमान्तकृत वर्गलाई विकासको प्रतिफल उपलब्ध गराउने :** उचित संख्यामा महिलाको प्रतिनिधित्व नभएकोले महिलामैत्री निर्णयहरू जुन रुपमा हुनुपर्थ्यो त्यो हुन सकेको छैन । ठूलो संख्यामा रहेका तर पिछडिएको अवस्थामा रहन बाध्य भएका महिलाका आवश्यकताहरूको सम्बोधन गर्नका लागि पनि स्वयम् महिलाको उपस्थिति हुनु आवश्यक छ । त्यो कुरा निर्वाचनमा सहभागिताले मात्र सम्भव छ ।

- **पितृसतात्मक सोच, मूल्य मान्यता र व्यवहारमा परिवर्तन गर्न :** महिलाको आवश्यकताको उचित सुनुवाई नहुनु, समाजमा विद्यमान पुरातनवादी सोच र मूल्यमान्यता अझै पनि महिला विरोधी हुनुमा केही हदसम्म पितृसत्तात्मक सोच बाधक देखिन्छ । त्यो अवस्थालाई सुधार गर्नका लागि पनि अधिकाधिक संख्यामा महिलाको निर्वाचनमा सहभागीता जरुरी छ ।

- **महिला तथा लक्षित समुदायको आवश्यकता पहिचान गरी सम्बोधन गर्न :** महिलालाई परेको मर्का वा उनीहरूका आवश्यकता जति महिलालाई थाहा हुन्छ वा अनुभूति हुन्छ त्यति पुरुषलाई हुँदैन । त्यसैले महिलाहरूको आवश्यकताको सुनुवाई होस् भन्ने चाहना राख्ने महिलाले निर्वाचनमा सहभागिता जनाउनु पर्दछ तबमात्र महिलामैत्री विकासले तिब्रता लिने सम्भावना बढ्छ ।

- **महिलाको आत्मविश्वास बढाउन :** निर्णय लिने स्थानमा महिला निर्वाचित भई पुग्दा तत्काल आमनागरिकले अनुभूति गर्ने गरी केही सुधार गर्न नसके पनि अन्य महिलाहरूमा उनीहरूप्रति भरोसा हुन्छ, जसले महिलाको आत्मविश्वास बढाउन मद्दत पुग्दछ । यसले भविष्यमा हुने अन्य निर्वाचनमा समेत महिलाको पक्षमा जनमत बढाउन मद्दत पुग्छ ।

- **लैङ्गिक समानता र स्थानीय सुशासन कायम गर्न :** महिला र पुरुष बिच सशक्तिकरणको तहमा रहेको भिन्नतालाई कम गर्नको लागि पनि राजनीति तथा निर्वाचनमा महिला सहभागिताले सहयोग पुऱ्याउँछ, जसले लैङ्गिक समानता बढाउन पनि सघाउ पुग्दछ ।

********

# निर्वाचन संचार तथा प्रचारप्रसार

# निर्वाचन संचार तथा प्रचारप्रसार

| | |
|---|---|
| **सिकाइ उपलब्धि** | यस सत्र पश्चात सहभागीहरूले निर्वाचनमा संचार तथा प्रचारप्रसारको महत्व बारे बुझ्नेछन्। उनीहरूले निर्वाचनमा भाग लिनु भन्दा पहिले आफ्नो मुल्यांकन गर्न पनि सिक्नेछन् । साथै संचार योजना तयार गर्ने विधि, सार्वजनिक भाषण गर्ने कला र सीपको विकास गर्नुका साथै उनीहरूले आफ्नो निर्वाचन क्षेत्रको मतदाताहरू माझ जान आवश्यक तयारीका बारेमा पनि जानकारी हासिल गर्ने छन् । |
| **समय** | १ घण्टा ३० मिनेट |
| **तालिम सामग्री** | न्यूजप्रिण्ट, मार्कर, मास्किङ टेप, मेटाकार्ड, पावरपोइन्ट, स्रोतपुस्तिका आदि । |
| **सत्रका क्रियाकलापहरू** | क्रियाकलाप १: स्वमुल्यांकन<br>क्रियाकलाप २: निर्वाचन प्रचारप्रसार संदेश<br>क्रियाकलाप ३: सार्वजनिक भाषण |
| **सहजकर्ताको लागि नोट (ध्यान दिनु पर्ने कुरा)** | यो सत्रको उद्देश्य सहभागीहरूको आत्मविश्वास बढाउने र निर्वाचान संदेश कसरी तयार पार्ने र त्यसमा समेटिनु पर्ने विषयहरु के के हुन भनी उनीहरूलाई जानकारी दिने हो । मैले किन उम्मेदवारी दिदै छु ? मैले के के विषयमा किन र कसरी ध्यान दिनु पर्छ ? मतदाताले मलाई किन मत दिनु पर्ने ? जस्ता विषयहरूमा सहजकर्ताले सहभागीलाई स्पष्ट पारि दिनु पर्छ । |
| **सत्रको लागि आवश्यक स्रोत सामग्री** | नेपालको संविधान<br>निर्वाचन आयोग ऐन, २०७३<br>निर्वाचन संचालन तथा व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७<br>निर्वाचन संचालन तथा व्यवस्थापनमा सामाजिक सञ्जाल नीति, २०७७<br>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९<br>प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>निर्वाचन आचारसंहिता, २०७९<br>राजनीतिमा महिला सहभागीताका क्षेत्रमा विद्यमान चुनौती न्यूनीकरण सम्बन्धी प्रशिक्षण सामग्री, २०७४ |

## ३.१ निर्वाचन संचार

कुनै पनि निर्वाचनमा उम्मेदवार बन्न र सफल हुन संचार र संवादको महत्वपूर्ण भूमिका हुन्छ। नयाँ तथा परिवर्तनकारी नेताहरूले नयाँ विचारहरू सिर्जना गर्नुका साथै विभिन्न मुद्दाहरुमा साझा बहस गर्न, आफ्ना धारणाहरू स्पस्ट रूपमा आम नागरिक माझ राख्न र मतदाताहरूलाई आफूतिर आकर्षित गरी आफ्नो निर्वाचन अभियान तथा प्रचारप्रसारलाई अघि बढाउन सक्नु पर्दछ।
यो सत्रले महिला उम्मेदवारहरू र महिला उम्मेदवारहरूलाई सहयोग गर्न अगाडी सरेका महिलाहरूलाई निर्वाचनको समयमा के कस्ता संदेश प्रवाह गर्ने, आफ्ना प्रतिद्वन्दीहरू विरुद्ध कस्ता शब्दहरु प्रयोग गर्ने वा नगर्ने र कसरी गुणस्तरीय सार्वजनिक भाषण दिने कला सिक्ने भन्ने बारेमा जानकारी दिन्छ। महिला तथा समावेशी समूहका उम्मेदवारहरूको आत्मविश्वास र क्षमता विकास गरी निर्वाचनमा दृढ आत्मबलका साथ अघि बढ्न यस सत्रले सहयोग प्रदान गर्नेछ।

## ३.२ संचार र सफल नेता

संचार भनेको सूचना र संदेश दिने दुई तर्फी प्रक्रिया हो। यसमा सूचना वा संदेश दिने र लिने पक्षहरू हुनु अवश्यक छ। शब्द, चित्र, तथ्यांक आदि प्रयोग गरेर सूचना, संदेश आदान प्रदान गर्न सकिन्छ। मानिसको बोलाई, लेखाइ, शारीरिक हाउभाउ, व्यवहार, बोलीचाली, तथा प्रस्तुती मार्फत पनि धेरै संदेश गइरहेको हुन्छ। सफल नेता बन्नका लागि संचार र सम्वाद नभइ नहुने सीप हो। त्यसरी नै सफल नेतृत्वका लागि निम्न गुणको पनि आवश्यकता पर्दछ :

- आफ्नो दुरदृष्टि मतदाता र नागरिक समक्ष राख्न सक्ने,
- आफ्नो लक्ष्य तर्फ उनीहरुलाई डोऱ्याएर लान सक्ने,
- उनीहरुको विश्वास र उनीहरूले दिएका मान सम्मानलाई साथ लिदै लक्ष्य प्राप्ति गर्नसक्ने।

उम्मेदवार तथा नेताले निर्वाचन प्रचारप्रसारको समयमा कुन संदेश मुल्यवान छ, कुन जोखिमपूर्ण छ विश्लेषण र मुल्यांकन गरी चनाखो भएर निर्वाचनको संदेश, प्रचारप्रसारका सामग्रीहरू तयार गर्नु पर्दछ। निर्वाचनमा दिने संदेश तथा सूचना भाषण जस्तो लामो हुनु हुँदैन। निर्वाचनको संदेश छोटो र स्पष्ट हुनुपर्छ। यदि रेडियो र टेलिभिजन जस्तो माध्यम प्रयोग गर्ने भए त्यसलाई पटक पटक बजाई राख्नु पर्दछ। निर्वाचन संदेशको प्रभावकारीताका लागि उम्मेदवारको दुरदृष्टि र लक्ष्य सहितको संदेशलाई सबै प्रकारका माध्यम - लिखित, मौखिक, निशुल्क र स-शुल्क मार्फत निरन्तर रुपमा निर्वाचन अवधिभर प्रवाह गरी राख्नु पर्दछ।

## ३.३ निर्वाचन संदेशका चरण

**निर्वाचन संदेश तयार गर्दा ध्यान दिनु पर्ने चार चरणहरू**

| | |
|---|---|
| उम्मेदवारबाटै शुरु गरौं | आफूलाई र आफ्नो राजनीतिक मूल्य मान्यताहरुलाई चिनौं |
| आफ्ना मतदाताहरुलाई चिनौं | आफ्ना मतदाताहरूको चाहना, इच्छा, मूल्य र मान्यतालाई चिनौं |
| प्रारम्भिक संदेशहरूको तयारी गरौं | संदेश तयारी र परिक्षण गरौं |
| निर्वाचन संदेशहरू प्रवाह गरौं | आवश्यकता अनुसार परिमार्जन गरौं |

**चरण १ः उम्मेदवारबाटै शुरु गरौंः आफूलाई र आफ्नो राजनीतिक मूल्य मान्यताहरुलाई चिनौं**


**व्यक्तिगत सशक्तिकरण**
**संसारमा कुनै पनि परिवर्तन हेर्न चाहने हो भने सर्वप्रथम हामीले आफ्नो अवस्थाको मूल्यांकन गर्नु आवश्यक हुन्छ। सहभागीहरूलाई**

**निम्न प्रश्नहरु गर्नुहोस् र आत्मसमिक्षा गर्न लगाउनुहोस्:**

- तपाई आफ्नो जीवनको कुन पक्षमा सशक्त हुनुहुन्छ ?
- कुन पक्षमा तपाई अझ बढी सशक्त हुन चाहनु हुन्छ ?
- के तपाईको जीवनकालमा शक्ति सम्बन्ध परिवर्तन भएको छ ?
- के तपाईलाई ज्ञान, सीप र आत्मविश्वासको खाँचो छ ?
- के यी सबै कुराहरू निर्वाचनमा भाग लिने कुरासंग सम्बन्धित छन् ?
- निर्वाचनमा भाग लिनका लागि तपाईलाई यो तालिमले कसरी सहयोग गर्न सक्ला ?

यस सत्रमा सहजकर्ताले सहभागीलाई सर्वप्रथम स्वमूल्यांकन (SWOT Analyses) गर्न सहयोग गर्ने, यसको लागि मस्तिष्क मन्थन गरी आफ्ना सबल पक्ष, कमजोरी, अवसर र जोखिमको बारेमा विश्लेषण गर्न लगाउने । आन्तरिक श्रोत र क्षमता (सबल पक्ष र कमजोरी) र बाहय कारण (अवसर र जोखिम) विषयमा छलफल गर्ने ।



**क्रियाकलाप १ :- स्वमुल्यांकन (SWOT Analyses) ( २० मिनेट)**

क) सहभागीलाई ४ वटा भिन्दा भिन्दै रंगको मेटा कार्ड दिनुहोस् ।
ख) सहभागीलाई एउटा रंगको कार्डमा आफ्नो सबल पक्षको बारेमा कम्तिमा पनि ५ बुँदा लेख्न लगाउनुहोस् ।
ग) यसैगरी अर्को रंगको कागजमा आफ्नो ५ वटा महत्वपूर्ण कमजोरीहरू लेख्न लगाउनुहोस् ।
घ) सबल पक्ष र कमजोरी (अन्तरिक श्रोत र क्षमता ) मा भर पर्ने भनी स्पष्ट पारिदिनुहोस् ।
ङ) बाँकी २ भिन्दा भिन्दै कार्डमा सहभागीलाई आफ्नो अवसर र जोखिम सम्बन्धी ५ - ५ वटा बुंदा लेख्न लगाउनुहोस् ।
च) अवसर र जोखिम बाहय कारक (बाहिरी कारण) हुने पुनः सम्झाउनुहोस् ।

**चरण २: मतदातालाई चिनौः मतदाताको आवश्यकता, चाहना र मूल्य मान्यताको बारेमा जानकारी राखौं ।**

उम्मेदवारहरूले निर्वाचन संदेश बनाउँदा आफ्ना मतदाताको इच्छा, चाहना आवश्यकतालाई पनि ध्यानमा राख्दै त्यसलाई सम्बोधन गर्ने गरी निर्वाचन संदेशहरू तयार पार्नु पर्दछ । यदि तपाई कुनै राजनीतिक दलको तर्फबाट उम्मेदवारी दिंदै हुनुहुन्छ भने आफ्नो दलको मुद्दाहरू र सम्वन्धित मुद्दा वा विषयमा दलको धारणा पनि राखी अगाडी बढ्नु पर्दछ । यसैगरी आफ्नो राजनीतिक दलको घोषणा पत्रमा के लेखिएका छन् पनि जानकारी राख्नु पर्दछ । साथै संविधान, कानुन बारे पनि जानकारी राख्न जरुरी छ ।

**उम्मेदवारहरूले आफ्नो र मतदाताहरुबीचको सम्बन्धको बारेमा थाहापाइ राख्नु पर्दछ ।**

- तपाई र तपाईका मतदाताहरूको मूल्य मान्यता मिल्छ ?
- के तपाईले आफ्नो निर्वाचन क्षेत्रका मतदाताहरुको महत्वपुर्ण मुद्दाहरुमा काम गर्नु भएको छ ?

- आफ्नो निर्वाचन क्षेत्रका मतदाताहरूलाई आफूतिर आकर्षित गर्न के के भन्नु पर्ला वा कस्तो संदेश दिनु पर्ला ?
- मतदातालाई आफूतिर आकर्षित गर्न र उनीहरूको साथ पाइराख्न के गर्नु पर्ला ?
- मतदाताको आवश्यकता के हो बुझ्नु भएको छ ?
- तपाई आफ्ना मतदातालाई के प्रस्ताव राख्न चाहनुहुन्छ ?

**चरण ३ :प्रारम्भिक संदेशहरु तयार गर्ने**

निर्वाचन संदेश र प्रचारप्रसारका सामग्री तयार गर्दा मुख्यतः यी प्रश्नहरूको उत्तर खोज्नु पर्ने हुन्छ :

- आफ्नो उम्मेदवारीका बारेमा प्रचारप्रसार गर्दा मुख्य रुपमा तपाई मतदातालाई के भन्न चाहनु हुन्छ ?
- आफ्नो उम्मेदवारीको प्रचारप्रसार गर्दा तपाई आफ्ना प्रतिद्वन्दीलाई के कस्तो संदेश दिन चाहनुहुन्छ ?
- तपाईको प्रतिद्वन्दीले तपाईलाई कस्तो संदेश दिएको छ वा तपाईले उठाउन खोजेको मुद्दाका विषयमा के भनेको छ ?
- प्रतिद्वन्दीले तपाई वा तपाईको प्रचारप्रसार विरुद्ध के भनेको छ ?

महिला तथा समावेशी समूहका उम्मेदवारहरूले आफ्नो निर्वाचन क्षेत्रका मतदाताहरूलाई आफू योग्य र लोकप्रिय उम्मेदवार रहेको विश्वास दिलाउन सक्नु पर्दछ । मतदाताहरूले "योग्य" उम्मेदवारहरू कस्तो हुनुपर्छ भनी उच्च मापदण्डहरू राखेका हुन्छन् वा उच्च आशा राखेका हुन्छन् । पुरुषको बाहुल्यता रहेको राजनीतिमा महिला पनि योग्य हुन सक्छन् र महिलाले पनि पुरुषले जस्तै वा त्यो भन्दा पनि राम्रो काम गर्न सक्छन् भनी विश्वास दिलाउनु पर्ने हुन्छ । महिला उम्मेदवारले विशेषतः आफ्नो अनुभव, सक्षमता र बिगतमा गरेका राम्रा कामको अनुभव वा "ट्र्याक रेकर्डलाइ" राम्ररी जोड्न आवश्यक हुन्छ । महिला उम्मेदवारले आफूलाई मतदाता समक्ष प्रस्तुत गर्दा र आफ्नो परिचय दिँदा आफ्नो योग्यता, दक्षता र विषयगत ज्ञानका बारे जानकारी दिनु पर्दछ । यस सम्बन्धी बिगतमा उठेका समस्या र त्यसलाई हल गर्न आफूले गरेका प्रयासहरूको पनि संक्षिप्त जानकारी दिनु पर्दछ ।

मतदाताहरूले पनि ठोस कदम चाल्न सक्ने "जुझारु" महिलाहरूलाई उम्मेदवारका रुपमा स्वीकार्ने गर्दछन् । मतदाताका लागि सही र जुझारु उम्मेदवार भन्नाले :

- कुनै सफल व्यवसाय सुरु गरेको
- अन्यायमा परेकाहरूका पक्षमा उभिन सक्ने
- फिल्डमा खट्न सक्ने
- प्रतिद्वन्दी उम्मेदवारसंग वादविवादमा सामेल भइ सामना गर्न सक्ने र सकरात्मक परिणाम ल्याउन सक्ने
- चुनावी मैदानबाट फिर्ता नगएको वा राजिनामा नदिएको,
- जस्तै कडा र चुनौती पूर्ण प्रश्नहरुको पनि सजिलैसंग तार्किक उत्तर दिन सक्ने ।

**चरण ४: निर्वाचन संदेशहरू प्रवाह गरौं**

निर्वाचन संदेशहरु सञ्चार माध्याम तथा सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार गर्दै जाने र समय सापेक्ष परिमार्जन गर्दै लैजानु पर्दछ । सन्देशहरु प्रवाह गर्दा छोटो, सरल र सबैले बुझ्ने भाषामा संदेशमूलक हुनु पर्दछ । यसरी संदेशहरु प्रवाह गर्दा कुनै व्यक्ति, जातजाति, भाषा, धर्म सम्प्रदायलाई आघात नपुग्ने सुनिश्चित गर्नु पर्दछ ।

## ३.४ निर्वाचन प्रचारप्रसार संदेश

निर्वाचनमा प्रचारप्रसार/ संदेशले निकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस्ता संदेशमा सानो त्रुटी वा लापरवाही हुन गए पनि उम्मेदवारले मतदाताको विश्वास गुमाउन र निर्वाचनको समयमा नकरात्मक नतिजा ल्याउन पनि सक्छ ।

निर्वाचन प्रचारप्रसारको लागि ७ "सी" (7 C) को नियम पालना गर्नु पर्दछ ।

| | |
|---|---|
| **Clear - स्पष्ट** | मतदाताले सजिलै र स्पस्टसंग बुझ्ने र बुझाउन सक्ने संदेश तयार पार्नु पर्दछ । |
| **Concise - संक्षिप्त** | थोरै शब्दले धरै अर्थ लाग्ने,संक्षिप्त तर व्यापक अर्थ लाग्ने संदेश हुनु पर्दछ । |
| **Credible - विश्वसनीय** | संदेश विश्वसनीय हुनु पर्दछ, सम्भावना बोकेको र तथ्य परक हुनुपर्दछ । |
| **Compelling - बाध्यकारी** | संदेश शक्तिशाली र प्रशंसनीय हुनु पर्दछ । |
| **Connection - अन्तर सम्बन्ध** | संदेशले तपाई र मतदाताको सुमधुर सम्बन्ध स्थापना गर्न, सहकार्य गर्न सहयोग पुर्याउनु पर्दछ |
| **Consistent - लयबद्ध** | संदेश दिगभ्रमित गर्ने र विरोधाभाषी हुनु हुँदैन । |
| **Creative - रचनात्मक** | भाषा, शैली र प्रस्तुति मिठासपूर्ण, रचनात्मक र प्रेरणादायक हुनु पर्दछ । |

## ३.५ निर्वाचन प्रचारप्रसार सन्देशहरू तयार गर्दा यी कुरामा ध्यान दिनु पर्दछ

आफ्ना संदेशहरू थप स्पष्ट पार्न तलका प्रश्नहरूको जवाफ दिनु होला :

**क्रियाकलाप २: निर्वाचन प्रचारप्रसार संदेश : प्रशिक्षकले सहभागी माझ छलफल गरी निर्वाचन संदेश तयार गर्न लगाउनु होला (१० मिनेट)**

- यस निर्वाचनमा तपाई किन उम्मेदवार बन्दै हुनु हुन्छ वा तपाईले यस निर्वाचनमा किन उम्मेदवारी दिनु भएको हो ? ( तपाईले आफू उम्मेदवार बन्न योग्य भएको कारणहरू स्पस्ट पार्नुहोस् ).
- तपाईले कुन समस्याको समाधान खोजिरहनु भएको छ ?
- सो समस्या समाधानको लागि तपाईसंग के कस्ता अनुभवहरू छन् ?
- सो समस्या समाधानको लागि तपाईले बिगतमा के कस्ता प्रयासहरू गर्नु भएको छ ? वा तपाईका प्रयासहरूका बारेमा जानकारी गराउनु होस् ।
- सो समस्या हलको लागि तपाईसंग भएको रचनात्मक समाधानका उपायहरू के के छन् ?
- सो समस्या समाधान गर्न के कस्ता चुनौतीहरू छन् ?
- तपाई आफ्ना मतदाताहरूसंग के अपेक्षा गर्नुहुन्छ ?

## ३.६ उम्मेदवारको भाषण

निर्वाचन प्रचारप्रसारको संदेश तयार पारिसकेपछि ती संदेशहरू मतदाता समक्ष सही तरिकाले प्रवाह गर्नु पर्दछ । यस सत्रमा सार्वजनिक भाषण कसरी गर्ने र भाषण मार्फत मतदाता समक्ष आफ्ना योजना कसरी पुऱ्याउने भन्ने बारे छलफल गरिएको छ ।

केही महिला उम्मेदवारहरूले मात्र निर्वाचनको वेला आफ्नो प्रचारप्रसारका लागि संचार माध्यमलाई प्रयोग गर्ने गरेका छन् । अधिकांश महिला उम्मेदवारहरूले सानो समूह मार्फत वा घरदैलो जस्ता कार्यक्रम मार्फत मात्र आफ्ना योजना तथा कार्यक्रमहरू प्रचारप्रसारमा ल्याउने गर्दछन् ।

निर्वाचनका लागि सूचना र संदेश तथा प्रचारप्रसारका सामग्रीहरू तयार भईसकेपछि महिला उम्मेदवारहरूले आफ्नो भित्री समुहमा सो सूचना र संदेश सही ढंगले तयार भएको छ वा छैन भनी परिक्षण गर्नु राम्रो र सुरक्षित मानिन्छ । त्यसपछि सानो, ठुलो समूह वा व्यक्तिहरू माझ पनि आफ्नो ती संदेश परिक्षण गर्नु पर्दछ । आफ्ना सूचनाहरू व्यापक र निरन्तर रूपमा मतदाता माझ पुऱ्याइ रहनु पर्दछ । यसैगरी उम्मेदवारको सार्वजनिक भाषणलाई संचार माध्यम मार्फत व्यापक बनाउँदै लैजाँदा उम्मेदवारहरूमा आत्म विश्वास बढ्दै जान्छ । महिला उम्मेदवारले आफ्नो प्रचारप्रसार गर्ने क्रममा छोटो र राम्रो भाषण तयार गर्ने क्षमता पनि विकास गर्दै लानु पर्दछ । भाषणलाइ मतदातासमक्ष प्रस्तुत गर्नु अघि नै पटक पटक अभ्यास गरी प्रखर वक्ता बन्नु पर्दछ । प्रभावकारी राजनीतिक भाषण तयार गर्न निम्न उपायहरू प्रयोग गर्न सकिन्छ :

- तपाईको भाषण वा प्रस्तुतिको मुख्य उद्देश्य के हो स्पष्ट हुनुहोस् । के तपाई मतदाताहरूलाई भोट माग्नका लागि अपिल गर्न चाहनु हुन्छ ? वा उनीहरूबाट कुनै विशेष काम गराउनका लागि मनाउन चाहनु हुन्छ ? के तपाई उनीहरूलाई कुनै कामका लागि प्रेरित गर्न चाहनुहुन्छ वा उनीहरूलाई कुनै कुरामा बिश्वस्त गराउन चाहनुहुन्छ पूर्व तयारी गर्नुहोस् ।
- तपाई आफ्नो भाषणको ३ मुख्य बुँदाहरू वा मुख्य सन्देशहरू टिप्नुहोस् वा यस बारे सोच्नुहोस् ।
- तपाई आफ्नो उम्मेदवारीको बारेमा बताउदै हुनुहुन्छ भने तपाईको उम्मेदवारी किन, के का लागि तपाईलाई मतदान गर्ने ? जस्ता महत्वपूर्ण विषयमा तयारी गर्नुहोस् ।
- तपाई आफ्नो श्रोताहरू मतदातालाई चिन्नुहोस्, उनीहरूको आवश्यकता र चिन्ता के हो ? के उनीहरूले तपाईलाई चिन्दछन ? उनीहरू तपाईको पक्ष वा विपक्षमा छन् भन्ने पूर्व जानकारी प्राप्त गर्नुहोस् ?
- तपाईले आफ्नो भाषण कहाँ दिदै हुनुहुन्छ, त्यो ठाउँको वस्तुस्थिति कस्तो छ र त्यहाँ कुन विचारधाराका वा कस्ता मानिस बस्छन् आदि विषयमा पूर्व जानकारी प्राप्त गर्नुहोस् र सोही अनुसार भाषणको तयारी गर्नुहोस् ।
- तपाई आफ्ना श्रोता र मतदाताले तपाईको भाषण वा संदेशबाट के कस्ता सूचना र संदेश पाउन् र के बुझोस् वा के सम्झीराखुन् भन्ने चाहनु हुन्छ तयारी गर्नुहोस् ।
- तथ्यांकहरू, उदाहरण र रोचक जानकारीहरूले तपाईको भाषण आकर्षक बनाउनुहोस् ।
- के तपाई आफ्नो भाषण आकर्षक ढंगले वा सकारात्मक सोचको प्रयोगबाट सुरु गर्दै हुनुहुन्छ ? भाषण गर्दा स्रोता वा मतदाताको ध्यानाकर्षण हुने के कस्ता शब्दहरू प्रयोग गर्दै हुनुहुन्छ विचार पुऱ्याउनुहोस् ।
- भाषणको अन्त्यमा स्रोता वा मतदाताको सहयोगको अपिल गर्ने शब्द प्रयोग गर्नु भएको छ ?
- के उक्त कार्यक्रममा अन्य वक्ताहरू पनि छन् ? कार्यक्रमको बारेमा थप जानकारी लिनु भएको छ ? अन्य वक्ताहरू पनि भए बोल्नेहरूको क्रम के छ सो बारे जानकारी लिनु भएको छ ?
- तपाईले पावर पोइन्ट वा अन्य विद्युतीय सामानको प्रयोग गर्ने हो भने तिनीहरुको अवस्था बारे जानकारी लिनु भएको छ ?
- भाषण गर्दा समयको पनि ख्याल गर्नु होला र प्रश्नोत्तरको लागि पनि केही समय छुट्याउनु होला ।

**क्रियाकलाप ३ :- सार्वजनिक भाषण: तल दिइएका मार्ग निर्देशनहरूका आधारमा सहभागीहरूलाई दुई मिनेटको भाषणको मस्यौदा तयार गर्न लगाउनुहोस् । सहभागीमध्ये ४ जनालाई २ - २ मिनेटको सार्वजनिक भाषण गर्न लगाउनुहोस् र अन्य सहभागीलाई सुझाव दिन लगाउनुहोस् । (१० मिनेट)**

- आफ्ना श्रोता तथा मतदाताहरूलाई साझा सरोकार प्रस्तुत गरेर उनीहरूसंग सम्बन्ध स्थापित गर्नुहोस् ।
- आफ्नो निर्वाचन क्षेत्रको समस्याको बारेमा बताउनुहोस् र उनीहरूलाई त्यस समस्याले कसरी पिरोलेको छ भन्ने बारे जानकारी गराउनुहोस्, त्यससंग सम्बंधित उदाहरण बताइ थप स्पष्ट र उजागर गराउनुहोस् ।
- सो समस्या / मुद्दाको बारेमा आफ्नो धारण राख्नुहोस् र त्यसलाई समाधान गर्ने आफ्नो उपाय र योजना बताउनुहोस् ।
- मतदाताहरूलाई सो समस्याको समाधान भए आफ्नो निर्वाचन क्षेत्रमा हुने फाइदाहरूका बारेमा बताउनुहोस् ।
- अन्तमा उनीहरूको समर्थन र भोट माग्न नबिर्सनुहोस् ।

## ३.७ सार्वजनिक भाषण



मतदाता र आम नागरिकलाई दिने भाषणको खाका तयार भइसके पछि त्यसलाई कसरी प्रवाह गर्ने भनी तयारी गर्नुपर्दछ । उम्मेदवारले सार्वजनिक कार्यक्रममा दिने भाषणलाई मतदाता तथा प्रतिद्वन्दी र विपक्षीले महत्वका साथ लिने भएकोले होशियारी र चलाखी पूर्ण ढंगले तयारीका साथ सार्वजनिक भाषण दिनु पर्दछ । सार्वजनिक भाषण गर्दा मौखिक तथा शारीरिक हाउभाउ पनि सुहाउँदो ढंगले प्रयोग गर्नु पर्दछ ।

**विभिन्न सोधहरुका अनुसार :**

- केवल ७% संदेशहरू शब्दबाट प्रवाह हुन्छ,
- ३८ % संदेश आवाजबाट (टोन, उच्चारण, स्वरको मात्रा) प्रवाह हुन्छ,
- ५५% संदेश शारीरिक हाउभाउ मार्फत प्रवाह गरिन्छ,
- त्यसैले सार्वजनिक भाषण गर्दा वक्ताले आफ्नो स्वर, आवाज र शारीरिक हाउभाउलाई विषेश ध्यान दिनु पर्दछ ।

**सार्वजनिक भाषण गर्दा ध्यान दिनु पर्ने बुंदाहरू**

- सुमधुर : सुमधुर, मन्त्रमुग्ध हुने गरी, उत्तेजित नभईकन आफ्ना विषयवस्तु मतदाता समक्ष राख्नु पर्दछ ।
- ठुलो र स्पष्ट : तपाईले भाषण गर्दा आफ्नो आवाज ठूलो र स्पष्ट राख्न सक्नु पर्दछ । त्यसको लागि तपाईले माइकमा बोल्न तयारी गर्नु होला र बोल्दा माइक सही तरिकाले राख्नु होला । बोल्नु अघि माइकको अवस्था, उचाई सबै ख्याल गर्नु पर्ने हुन्छ । माइकलाई आफनो मुखबाट धेरै टाढा वा धेरै नजिक पनि नराख्नु होला ।
- बिस्तारै : सार्वजनिक भाषण दिँदा, वक्ताले बिस्तारै, तर शब्दहरू राम्ररी उच्चारण गरी, हतार नगरी सबैले बुझ्ने गरी भाषण गर्नु पर्दछ ।
- कहिले काहीं परिस्थिति हेरेर केही सेकेण्डका लागि केही नबोली मौन पनि बसिदिनु होला । यसो गर्दा श्रोता र मतदाताको ध्यान केन्द्रित गर्न र कुनै मुद्दा तथा विषयमा उनीहरूको प्रतिक्रिया प्राप्त गर्न सजिलो हुन्छ ।
- सधैं एक नाशले एकै पिचमा लामो समयसम्म नबोल्नु होला । यसले श्रोता तथा मतदातालाई पट्यार लाग्ने र उनीहरूको ध्यान तपाईको भाषणबाट अन्यत्र जान सक्छ ।
- भाषण गर्दा जोश जाँगरका साथ सुरुदेखि अन्त्यसम्म स्रोता र मतदाताको ध्यान आफूतिर आकर्षित हुने गरी र आफूलाई मतदान गर्न प्रेरित गर्ने गरी गर्नु पर्दछ ।

**शारीरिक हाउभाउ**



सार्वजनिक भाषणको बेला मतदाता र त्यहाँ उपस्थित श्रोताले उम्मेदवारको शारीरिक हाउभाउका साथ साथै उनीहरुको पहिरन र प्रस्तुतिलाई पनि ख्याल गरेको हुन्छ । त्यसैले उम्मेदवारहरूले सार्वजनिक कार्यक्रममा जाँदा वा भाषण गर्दा आफ्ना कपडा, गहना, मेकअपलाई पनि ध्यान दिनुपर्छ । पुरुषको तुलनामा महिला उम्मेदवारहरूलाई यसका आधारमा समाजले नजिकबाट नियालिरहेको हुन्छ । सामान्य नियम अनुसार, कुनै पनि उम्मेदवारले (महिला वा पुरुष) कुनै कार्यक्रममा उपस्थित हुँदा, भाषण गर्दा वा टेलिभिजनमा देखा पर्दा स्रोता, दर्शक वा मतदाताले उनीहरूको वाह्य रुपलाई पनि निकै ध्यान दिएका हुन्छन् । त्यसैले यी कुराहरूमा पनि ध्यान दिनु पर्दछ ।

अन्त्यमा सार्वजनिक भाषण गर्दा त्यहाँ उपस्थित जनता तथा मतदाताहरूको आँखामा सिधा हेर्नु पर्दछ । आँखामा सिधा हेर्न नसके, मतदाताले तपाईमा आत्मा विश्वास नभएको, विश्वास गर्न नसकिने व्यक्ति / उम्मेदवारको रूपमा लिने गर्दछ । सुरु सुरुमा कार्यक्रममा उपस्थित स्रोता वा मतदाताको आँखामा सिधा हेर्न नसकेपनि उनीहरूको निधार वा टाउकोमा हेर्ने प्रयास गर्नु पर्दछ । यसो गर्दा वक्ताले उनीहरूलाई आँखामा नै हेरेको भान हुन्छ ।

**संचार माध्यम तथा संचारकर्मीसंग बोल्दा**

उम्मेदवारले निर्वाचन प्रचारप्रसार, आम सभा, सार्वजनिक भाषण वा पत्रकार सम्मेलन आदि गर्दा त्यहाँ पत्रकारहरूको पनि उपस्थिति हुने गर्दछ । उनीहरूलाई सामना गर्न उम्मेदवार सँधै तयार भएर जानु पर्दछ । उम्मेदवारले कम्तिमा ३ वटा आफ्नो राम्रो पक्ष वा बुंदा तयारी अवस्थामा राख्नु पर्दछ । संचार माध्यम तथा प्रतिद्वदीहरूले उम्मेदवारलाई हतोत्साहित गर्न गाह्रो र घुमाउरो प्रश्नहरु राख्ने गर्दछन् । त्यस्तो अवस्थामा तपाईलाई सोधिएको प्रश्नको सरलीकरण गर्नुहोस् ।. प्रश्न कर्तालाई नै "तपाईले सोध्न खोज्नु भएको प्रश्न यस्तो हो" भनि प्रतिप्रश्न गर्नु होस् । जस्तोसुकै नकारात्मक र अप्ठेरो प्रश्नको उत्तर पनि आक्रामक शैलीमा नदिनु होला । यदि कुनै प्रश्नको उत्तर थाहा छैन भने आफूलाई त्यसबारे थाहा नभएको तर अर्को पटक जवाफ दिने बताउनु पर्दछ । साथै पत्रकारले सोधेका सबै प्रश्नको जवाफ दिनैपर्छ भन्ने पनि छैन वा तपाईले जवाफ दिन चाहनु भएन भने नाइँ भन्न पनि सक्नुहुन्छ, तर नम्र भएर जवाफ दिनु होला वा आक्रामक शैलीमा जवाफ नदिनु होला ।

## ३.८ संचारका प्रकार

हाल मुख्य रुपमा चार प्रकारका संचार माध्यमहरू प्रयोगमा छन्: - छापा, विद्युतीय, अनलाइन पत्रिका तथा सामाजिक सञ्जाल (सोसियल मिडिया) र अनौपचारिक संचार रहेका छन् ।

**छापा :** छापा भन्नाले पत्रपत्रिका अर्थात् अखबार, जुन पुरानो तथा व्यापक रुपमा प्रचलित संचार माध्यम हो । .ठुला शहरबाट राष्ट्रिय दैनिकहरु प्रकाशन हुन्छन् भने स्थानीय तहमा पनि स्थानीयस्तरको पत्रपत्रिका प्रकाशन र वितरण हुन्छन् । भिन्दा भिन्दै पत्रिकाको लक्षित पाठक र ग्राहक पनि फरक हुने गर्दछन् । पत्रिकाहरु दैनिक, साप्ताहिक, पाक्षिक, मासिक रूपमा प्रकाशन गरिन्छन् र पत्रपत्रिकामा समाचार प्रकाशन तथा सम्प्रेषण गर्ने विभिन्न तरिका हुन्छन् । जस्तै - प्रेस विज्ञप्ति, सम्पादकीय चिट्ठी, सशुल्क विज्ञापन समाचार आदि । तपाईले उठाएका मुद्दाहरू महत्वपूर्ण भएमा राष्ट्रिय पत्र पत्रिकाले समेत त्यसलाई स्थान दिन सक्छ । त्यसरी नै कतिपय संघ संस्थाले "न्युज लेटर" तयार गरेर सो मार्फत आफ्ना गतिबिधि, क्रियाकलाप र भनाईहरू आफ्ना सदस्य तथा आम नागरिक माझ पुऱ्याउँछन् ।

**विधुत्तीय संचार -टेलिभिजन, रेडियो:** रेडियोले दिनभरी जस्तै समाचार संदेश प्रवाह गरि रहेको हुन्छ । कुनै पनि घटना घटे रेडियोले छिट्टै नै त्यस बारे आम नागरिकलाई जानकारी प्रदान गर्दछ । स्थानीय तहमा समाचार तथा सूचना प्रवाह गर्न स्थानीय रेडियोहरू निकै नै सक्रिय छन् र यो छिटो, छरितो र सस्तो माध्यम पनि हो । स्थानीय रेडियोमा उम्मेदवारको अन्तर्वार्ताका साथै स्थानीय समस्याहरुलाई पनि विस्तृत रूपमा उठाउन सकिन्छ । त्यसरी नै हिजोआज स्थानीय र राष्ट्रिय तहमा टेलिभिजनहरू पनि निकै प्रभावकारी माध्यमको रुपमा अघि बढेको छ । तर, टेलिभिजन मार्फत कुनै घटना वा सूचना सम्प्रेषण गर्न बढी समय र तयारीको आवश्यकता पर्दछ । कुनै पनि घटना क्यामराले खिचेर आम जनता माझ पुऱ्याउन सकिन्छ । जनमानसमा दृश्यको निकै महत्व हुन्छ, तर यो रेडियोको तुलनामा महंगो पर्दछ ।






**अनलाइन संचार वा सामाजिक सञ्जाल:** अनलाइन संचार भन्नाले अनलाइन पत्रिका, वेब साइट, सामाजिक संजाल र अन्तरक्रियात्मक एप्स (interactive apps) आदि पर्दछन्, जसले मानिसलाई एक आपसमा सहकार्य गर्न, सूचना आदान प्रदान गर्न र छलफल गर्न सजिलो बनाउँछ ।. सामाजिक संजाल मार्फत सजिलै, कम खर्चमा एक जनाको संदेश धेरै जनामा, छोटो समयमा नै प्रवाह गर्न

सकिन्छ ।. सामाजिक संजाल वा सामाजिक संचार भन्नाले Facebook, Twitter, whatsapp, Instagram आदि पर्दछन् ।.

**अनौपचारिक संचारः** अनौपचारिक संचारको माध्यमबाट पनि तपाईका संदेशहरू मतदाता र आम नागरिक माभ्म सजिलै पुऱ्याउन सकिन्छ । अनौपचारिक माध्यमहरू जस्तै- मौखिक, पोस्टर, पाम्प्लेट, माइकिंग, कोण सभा, घर दैलो कार्यक्रम आदि ।
निर्वाचन प्रक्रियामा अनौपचारिक संचार माध्यमको निकै महत्वपूर्ण भूमिका हुन्छ । यो माध्यमले प्रतिद्वन्दी दल, उम्मेदवार र तिनका कार्यक्रमहरूका बारेमा नागरिकलाई जानकारी प्रदान गर्दछ । यसैगरि मतदातालाई आफ्नो धारणा र विचारहरू प्रस्तुत गर्न पनि मद्दत गर्दछ ।

## ३.९ संचार योजना

- तपाईले आफ्नो निर्वाचन क्षेत्रका मतदाता समक्ष सूचना तथा संदेश प्रवाह गर्न संचारको योजना बनाउनु पर्दछ । यसका लागि विभिन्न प्रकारको संचार / माध्यम प्रयोग गर्न लाग्ने खर्च, समय तथा आफ्नो अभियान टोलीमा संलग्न मध्ये कसलाई सञ्चारको के कस्तो जिम्मेवारी दिने बारे पहिले नै सोच्नु र तयारी गर्नु पर्दछ । तपाईले दैनिक रूपमा कुन संचार माध्यम प्रयोग गर्नु हुन्छ र तपाईले स्थानीय राजनीति तथा उम्मेदवारको बारेमा कसरी जानकारी लिनु हुन्छ पनि तयारी गर्नु पर्दछ ।
- तपाई कुन पदको लागि र कहाँबाट उम्मेदवारी दिँदै हुनुहुन्छ सोही अनुरुप संचारको योजना बनाउनु पर्दछ । तपाईले आफ्नो निजि जीवनमा सामाजिक संजाल कसरी र कत्तिको प्रयोग गर्नु हुन्छ ? निर्वाचनमा सामाजिक संजाललाई कसरी प्रयोग गर्ने योजना छ यस तर्फ पनि स्पष्ट हुन र ध्यान दिन आवश्यक छ ।

## ३.१० निर्वाचनमा संचारको योजनाको तयारी गर्दा ध्यान दिनु पर्ने बुंदाहरू : -

- छोटो रणनीतिक योजना (समय, बजेट, जनशक्ति): संचार माध्यम मार्फत तपाईको निर्वाचन प्रचारप्रसार कसरी गर्ने भन्ने विषयमा योजना बनाउनुहोस् । यसका लागि कति समय, बजेट र जनशक्ति प्रयोग गर्नु हुन्छ ? यस बारे स्पष्ट रणनीतिक योजना तयार गरी सोहि अनुरुप कार्यक्रम अगाडी बढाउनुहोस् ।
- प्रमुख संचार माध्यम तथा परिचित वा अपरिचित मुख्य पत्रकारहरूको सुची तयार गर्नेः राष्ट्रिय र स्थानीय तह तथा आफ्नो निर्वाचन क्षेत्रका संचार माध्यमको नाम, त्यसमा काम गर्ने पत्रकारको नाम र सम्पर्क नम्बरको सुची तयार गर्नुहोस् । टेलिभिजन तथा रेडियो प्रशारण र पत्रपत्रिकामा प्रकाशन हुने मुख्य राजनीतिक तथा निर्वाचन सम्बन्धी कार्यक्रमको बारेमा जानकारी राख्नुहोस् । निर्वाचन र निर्वाचन प्रचारप्रसार बारेमा लेख्ने वा कार्यक्रम संचालन गर्ने पत्रकारहरूको सुची तयार गरी उनीहरूसंग निरन्तर सम्पर्कमा रहनुहोस् र उनीहरूलाई आफ्ना योजना र कार्यक्रमका बारेमा जानकारी दिनुहोस् ।
- संचार माध्यम तथा मतदाताको ध्यानाकर्षण हुने निर्वाचन कायर्कमहरू गर्ने : तपाईको प्रचारप्रसारको कार्यक्रम कहाँ, कहिले र कसरी गर्ने ? अरु दल तथा उम्मेदवारका कार्यक्रमहरू के कस्ता र कहाँ हुँदैछन् जानकारी लिने र तपाई आफ्ना कुन कुन चुनावी मुद्दालाई वढी प्रचारप्रसार गर्ने भनी योजनावद्ध ढंगले अगाडी बढनु पर्दछ ।
- निर्वाचन र राजनीतिक दलका समाचारमा काम गर्ने संचारकर्मी र प्रेससंग सम्बन्ध स्थापित गर्ने : संचार माध्यम मार्फत कसरी बढी भन्दा बढी आम मतदाता माभ्म पुग्ने ? सामाजिक संजाल र अनौपचारिक संचारको सही ढंगले कसरी प्रयोग गर्ने भनी पनि गृह कार्य गर्नु पर्दछ ।
- निर्वाचनको समयमा तपाईको तर्फबाट तपाईको पक्षमा बोल्ने व्यक्तिहरूको सुची तयार गर्ने : तपाईको अनुपस्थितिमा पनि तपाईको तर्फबाट बोल्ने व्यक्ति (परिवारका सदस्य, नजिकको साथीहरू, एकै दलका सहकर्मी) लाई पनि संचार माध्यमसंग कसरी बोल्ने वा तपाईका विषयमा के कस्ता सूचना प्रवाह गर्ने बारे तयार गर्नु पर्दछ । त्यस्ता व्यक्तिहरूको छनौट गर्दा उनीहरूले तपाई र तपाईको चुनावी मुद्दालाई बुझ्केको र त्यसलाई अरु समक्ष भन्न सक्ने हुनु पर्दछ ।
- सामाजिक संजालको प्रयोग (तपाई कुन सामाजिक संजाल प्रयोग गर्नु हुन्छ) : आफूले चलाउने सामाजिक संजालको भरपुर प्रयोग गरी आफ्ना संदेशहरूलाई व्यापक बनाउन सामाजिक संजाल चलाउन मद्दत गर्ने टोली नै तयार गरी प्रचारप्रसारमा लाग्नु पर्दछ ।

## ३.११ मतदाता सम्पर्क योजना

निर्वाचनमा सफल प्रचारप्रसार गर्न तपाईले आफ्नो निर्वाचन क्षेत्रको मतदाता र आफूलाई मतदान गर्ने मतदाता पहिचान गर्न अति आवश्यक छ । उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रका मतदाताहरूको बारेमा विस्तृत जानकारी लिई राख्नु पर्दछ। यसैगरी ती मतदाताहरूलाई आफूतिर आकर्षित गराउनका लागि गृहकार्य तथा योजना बनाउनु पनि आवश्यक छ। यसका अतिरिक्त, मतदाताहरू के चाहन्छन् र उनीहरूको भावना के छ भनी बुझ्न पनि जरुरी हुन्छ । आफूलाई मत दिने सम्भावित मतदाता र आफू विरुद्ध जानसक्ने मतदाताको सुची तयार गरी उनीहरूलाई समयमै आफूतिर आकर्षित गर्न निम्न सूचनाहरू संकलन गर्न आवश्यक छ :



- निर्वाचन क्षेत्रको जनसंख्या
- निर्वाचन क्षेत्रको मतदाता नामावलीमा दर्ता भएका मतदाता
- मतदानमा भाग लिने सम्भावित मतदाताहरू
- निर्वाचनमा विजयी हुन आवश्यक मत
- आफ्नो निर्वाचन क्षेत्रका उम्मेदवारहरू / कुल प्रतिस्पर्धीहरु

**मतदाताको विवरण**

तलका प्रश्नहरूको समिक्षा गरि जवाफ दिनु होला

- तपाईको निर्वाचन क्षेत्रको जनसंख्या कति छ ?
- विगतको निर्वाचनमा विभिन्न राजनीतिक दल वा उम्मेदवारहरूलाई मतदाताले कस्तो साथ दिए ?
- पछिल्लो निर्वाचनको नतिजा कस्तो रहेको थियो ?
- पछिल्लो निर्वाचनमा क -कसले मतदान गरे ?
- पछिल्लो निर्वाचन यता तपाईको निर्वाचन क्षेत्रमा मतदाताहरूमा कस्तो परिवर्तन आएको छ ?
- तपाईको समर्थकहरु कस्ता छन् ? उनीहरूको चाहना के छ ? उनीहरूले के र कसलाई महत्व दिन्छन् ? उनीहरूको इच्छा र चाहना अन्य मतदाताहरूसंग मेल खान्छ ?
- तपाईका समर्थकहरू कहाँ बस्छन् ?
- तपाईको निर्वाचन क्षेत्रको जनसंख्याको संरचना कस्तो छ ?
- उनीहरूको आयस्तर कस्तो छ ? उनीहरूको शैक्षिकस्तर, पेशा, जातीय पृष्ठभूमि, जाति, धर्म बारे अध्ययन गर्नु भएको छ ?

## ३.१२ मतदाता सहकार्य

तपाईले आफ्ना मतदाताको बारेमा जानकारी लिई सक्नु भएपछि आफूलाई मतदाताहरू माझ पुऱ्याउनु पर्दछ। मतदातालाई पनि तपाई "उम्मेदवार" संग सम्पर्क गर्नका लागि सजिलो माध्यम बनाइ दिनु पर्दछ। मतदाताले उम्मेदवारको संदेश, सूचना, प्रचारप्रसार तथा जानकारी सजिलै पाउनु पर्दछ। अहिलेको नयाँ युगमा नयाँ प्रविधि जस्तै वेब साइट, मोबाईल फोन, विभिन्न किसिमका एप्स् लगायतको प्रयोग मार्फत पनि तिव्र गतिमा आफ्ना मतदाता समक्ष पुग्न सकिन्छ। तर सबै मतदाताहरू प्रविधिमैत्री हुन्छन् भन्ने छैन र यसतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ।

**मतदाता समक्ष पुग्ने योजना**

५ वटा मापदण्डः- मूल्य, मतदाता संख्या, समय, दक्षता (एकै समयमा औसत मतदाताको पहुच), प्रभावकारिता

| | मूल्य ( बजेट) | मतदाता संख्या | समय | दक्षता | प्रभावकारिता |
|---|---|---|---|---|---|
| प्रेस | | | | | |
| छापा सामग्री | | | | | |
| घरदैलो कार्यक्रम | | | | | |
| माइकिङ्ग | | | | | |
| भेटघाट कार्यक्रम | | | | | |
| अन लाइन | | | | | |
| सशुल्क विज्ञापन | | | | | |
| चिठी | | | | | |
| अन्य | | | | | |

तपाईले सुक्ष्म रूपमा आफ्ना मतदाताहरूको विश्लेषण गर्नुहोला र मतदाताको जनसांखिक बनौट, शैक्षिकस्तर लगायत आफ्ना समर्थक, सम्भावित मतदाता र विपक्षमा रहेकाहरूको पनि मुल्याङ्कन गर्नु पर्दछ। बेलैमा आवश्यकता अनुसार मतदातालाई आफूतिर आकर्षित गर्ने कार्यक्रम, योजना पेश गर्नु पर्दछ।

आफैले आफैलाई प्रश्न गर्नुहोस्

- के मसंग जित्नलाई आवश्यक मतदाताहरु छन् ?
- यदि छैन भने, मनाउन सकिने, आफ्नो पक्षमा ल्याउन सकिने कति जना मतदाताहरू मलाई आवश्यक पर्छ ?
- मेरो आफ्नै कति जना मतदाताहरूले मलाई भोट दिन्छन् होला ?
- मेरो पक्षमा मत नहाल्ने कतिजना मतदाताहरू होलान् र किन मेरो विरुद्धमा मतदाताहरू छन् ?
- यति जानकारी भइसकेपछि अब मैले जित्नका लागि के कस्ता रणनीति अपनाउनु पर्ला ?

*********

# निर्वाचनमा वित्त व्यवस्थापन र प्रचारप्रसारको रणनीति

# निर्वाचनमा वित्त व्यवस्थापन र प्रचारप्रसारको रणनीति

| | |
|---|---|
| **सिकाइ उपलब्धि** | यस सत्र पश्चात सहभागीहरूले निर्वाचनमा वित्त व्यवस्थापनको महत्व, श्रोत व्यवस्थापन र स्रोत संकलनका चरणहरू बारे जानकारी पाउनेछन् । साथै उनीहरूले निर्वाचन प्रचारप्रसारका लागि आवश्यक बजेटको योजना तयार पार्न, बजेटको बाँडफाँड गर्न, निर्वाचन प्रचारप्रसारका लागि बजेट विनियोजन गर्न र खर्चको रणनीति बनाउन समेत जान्नेछन् । |
| **समय** | १ घण्टा ३० मिनेट |
| **तालिम सामग्री** | न्यूजप्रिण्ट, मार्कर, मास्किङ टेप, मेटाकार्ड, पावरपोइन्ट, स्रोतपुस्तिका आदि । |
| **सत्रको क्रियाकलापहरु** | क्रियाकलाप १: सम्भावित चन्दादाता/ सहयोग कर्ताहरूको सुची तयार गर्ने<br>क्रियाकलाप २: चन्दा/ वित्त/ अर्थ संकलनको भूमिका (role play)<br>क्रियाकलाप ३: मस्यौदा बजेटको तयारी |
| **सहजकर्ताको लागि नोट : (ध्यान दिनु पर्ने कुरा)** | यो सत्रमा सहजकर्ताले सहभागीहरुलाई निर्वाचनमा वित्त व्यवस्थापन कसरी गर्ने, निर्वाचनमा प्रचारप्रसारका लागि आवश्यक बजेट र श्रोत कसरी जुटाउने ? राजनीतिक वित्त र निर्वाचन प्रचारप्रसार वित्तबीचको भिन्नता के हो ? किन समयमै प्रचारप्रसार गर्न र अर्थ तथा स्रोत संकलन गर्न आवश्यक छ ? प्रचारप्रसार टोलीमा को को तथा कतिजना सदस्यहरू रहनु राम्रो हो र उनीहरूको भूमिका के हुन्छ भन्ने बारे प्रस्ट पारिदिनु पर्दछ । |
| **सत्रको लागि आवश्यक स्रोत सामग्री** | नेपालको संविधान<br>निर्वाचन आयोग ऐन, २०७३<br>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९<br>प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९ |

## ४.१ निर्वाचनमा वित्त व्यवस्थापन



निर्वाचनमा उम्मेदवार बन्न, प्रचारप्रसार गर्न, मतदाता समक्ष पुग्न र जीत हासिल गर्न निर्वाचन वित्त (अर्थ, स्रोत) को महत्वपूर्ण भूमिका रहेको हुन्छ । निर्वाचन विज्ञहरूले हालका दिनहरूमा निर्वाचन महँगो हुँदै गएको बताउँदै आएका छन् । निर्वाचनको लागि आवश्यक श्रोत संकलन औपचारिक तथा अनौपचारिक तरिकाले हुने गर्दछ । निर्वाचनमा ठुलो मात्रामा धनराशी खर्च हुने भएकोले उम्मेदवारले अर्थ/ श्रोत जुटाउन बेलैमा ठोस तयारीका साथ अघि बढ्नु पर्दछ । निर्वाचनमा कसरी वित्त संकलन गर्ने र कतिसम्म खर्च गर्न पाउने भन्ने कुरा हरेक देशको निर्वाचन कानून, राजनीतिक वित्त कानून र सामाजिक मूल्य मान्यतामा निर्भर गर्दछ ।
उम्मेदवारले निर्वाचनमा श्रोत/ वित्त, सहयोग प्राप्त गर्ने र त्यसको अधिकतम सदुपयोग गर्ने, लाभ लिने र अनुकुल नतिजा प्राप्त गर्ने सम्बन्धमा विस्तृत योजना बनाउनु पर्दछ । यसैगरी निर्वाचनमा चन्दा दाता र ठुला सहयोगीको पनि महत्व र आवश्यकता हुने भएकोले उनीहरु समक्ष पुग्ने रणनीति, योजना, तयारी र निर्वाचन प्रचारप्रसारको लागि श्रोत जम्मा गर्न प्रयोग हुने चरणबारे उम्मेदवारले जान्न आवश्यक छ ।

प्रतिस्पर्धात्मक निर्वाचनको लागि राम्रो उम्मेदवार, दक्ष कर्मचारी, स्पष्ट प्रचारप्रसारका सामग्री, प्रभावकारी संचार योजना र आम मतदाता समक्ष पुग्न श्रोतको आवश्यकता पर्दछ । श्रोत बिना निर्वाचनको लागि आवश्यक कार्यालय स्थापना, कर्मचारी परिचालन, प्रचारप्रसार सामग्री छपाई सम्भव हुँदैन । पुरुषको बाहुल्यता रहेको राजनीतिमा महिलाको दाँजोमा पुरुषले सजिलै निर्वाचन प्रचारको लागि वित्त/ श्रोत व्यवस्थापन गर्न सक्दछन् । पुरुषलाई ठुला चन्दा दाता तथा राजनीतिक दलहरूले विश्वास गर्ने र उनीहरूको जितको सम्भावना वढी भएकोले चन्दा दाताले भविष्यमा आफ्नो स्वार्थ पुरा गराउन पनि निर्वाचनको बेलामा पुरुषलाई आर्थिक सहयोग गर्न तयार हुन्छन् । तर निर्वाचनमा महिला उम्मेदवारहरूलाई चन्दा, आर्थिक सहयोग पाउन धेरै गाह्रो छ । त्यसैले निर्वाचन प्रचारप्रसारका लागि महिला उम्मेदवार आफै सक्रिय भएर निर्वाचनका लागि आवश्यक श्रोत जुटाउन योजनावद्ध रूपमा अघि सर्नु पर्दछ ।

## ४.२ राजनीतिक वित्त र निर्वाचन प्रचारप्रसार



दलको संचालन तथा व्यवस्थापनमा हुने नियमित आय व्यय तथा निर्वाचनका समयमा दल र उम्मेदवारले गर्ने आम्दानी र खर्चलाई राजनीतिक वित्त भनिन्छ । राजनीतिक दललाई आफ्नो विचार, सिद्धान्त र कार्यक्रम जनसमक्ष लैजान, दलको आन्तरिक व्यवस्थापन कार्यालय संचालन, संगठन विस्तार, अध्ययन, अनुसन्धान गर्न र निर्वाचन प्रचारप्रसारको अभियान संचालन गर्न वित्तीय स्रोतको आवश्यकता पर्दछ । राजनीतिक दलको वित्त अन्तर्गत आय तर्फ दलले वार्षिक रूपमा के कुन शिर्षकबाट के कति आम्दानी गर्‍यो भन्ने पर्दछ । त्यसरी नै खर्च तर्फ दलदर्ता, अध्ययन अनुसन्धान, राजनीतिक भम्रण, सदस्यता बिस्तार तथा वितरण, राजनीतिक कार्यक्रम, राजनीतिक क्रियाकलाप, दलको बैठक, सम्मेलन, अधिवेशन, दलले गर्ने सहायता लगायत नियमित कार्यहरु हुने खर्चहरू पर्दछ ।
निर्वाचन प्रचारप्रसार वित्त भन्नाले दल तथा उम्मेदवारले निर्वाचन अवधिमा गर्ने आय र व्ययलाई जनाउँछ । राजनीतिक दलले चुनावी अभियानमा आफ्नो विचार, सिद्धान्त र कार्यक्रम जनता तथा मतदाता समक्ष लैजान दल तथा उम्मेदवारले निर्वाचन


प्रयोजनका निम्ति आफ्नो कार्यालय स्थापना, संचालन, व्यवस्थापन, कार्यक्रम संचालन, प्रचारप्रसार, सामग्री निर्माण. सभा सम्मेलन, यातायात व्यवस्थापन, कार्यकर्ता परिचालन लगायत शिर्षकमा गर्ने खर्चलाई निर्वाचन प्रचारप्रसार वित्त भनिन्छ । निर्वाचनको अवधिमा विशुद्ध चुनावी कार्यक्रममा गरिएको आम्दानी र खर्च निर्वाचन प्रचारप्रसार वित्त हो ।

विश्वभरि नै निर्वाचन प्रचारप्रसार खर्च महँगो भएकोले नै निर्वाचनमा सबैले समान रूपमा राजनीतिमा भाग लिन र उम्मेदवार बन्न पाएका छैनन् । समग्रमा, महिला नेताहरूले भोग्ने कठिन चुनौतीहरू मध्ये राजनीतिक वित्त र निर्वाचन प्रचारप्रसार वित्त पनि रहेकोले उनीहरूले राजनीतिमा खुलेर लाग्न सकिरहेका छैनन । लैङ्गिक विभेद, हिंसा, निर्वाचन प्रणाली, सामाजिक मूल्य मान्यता लगायत निर्वाचनमा लाग्ने ठुलो धनराशी पनि महिला राजनीतिमा पछाडी पर्नुको एउटा मुख्य कारण हो । निर्वाचनमा विजय हासिल गर्न एक लोकप्रिय तथा जनप्रिय उम्मेदवार हुनुका साथै, चुनावी अभियानमा लागेका दक्ष कार्यकर्ता, स्पष्ट चुनावी संदेश, मुद्दा, निर्वाचन केन्द्रीत संचार रणनीति र मतदाता समक्ष पुग्न आवश्यक श्रोत पनि चाहिन्छ ।

कुनै पनि देशको राजनीतिक वित्त प्रणाली त्यस देशको निर्वाचन कानून अनुसार हुने गर्दछ । राजनीतिक दलहरूलाई प्रतक्ष्य सार्वजनिक कोष (Direct Public Fund) मा समावेश गर्ने प्रणालीले महिला र पुरुष उम्मेदवारहरूलाई निर्वाचनमा समान खेल मैदान प्रदान गर्ने वातावरण प्रदान गर्दछ ।

## ४.३ सम्भावित चन्दादाता/ सहयोगीहरुको पहिचान

सम्भावित चन्दादाता / सहयोगीहरूको सुची :




उम्मेदवार भइसके पछि मतदाता समक्ष पुग्न पनि खर्च लाग्ने भएकोले निर्वाचनमा अघि बढ्न आर्थिक स्रोतको आवश्यक पर्दछ । त्यसैले निर्वाचनमा आर्थिक सहयोग गर्न सक्ने समूह, व्यक्ति र संघ संस्थाको समय मै पहिचान गर्नु आवश्यक छ ।

**सम्भावित चन्दादाता/ सहयोगीहरू**

१. उम्मेदवार (उम्मेदवार आफै)- निर्वाचनमा उम्मेदवार बन्न तयार हुनेले स्रोतको जोहो र तयारी गरेको हुनु पर्दछ। निर्वाचन प्रचारप्रसारमा आफूले यतिसम्म खर्च गर्छु वा यति सम्म आफैले पैसा लगानी गर्न सक्छु भनी तयारी गर्नु पर्दछ।
२. निजी श्रोत (परिवार, इस्टमित्र, साथीहरू): - आफ्ना इस्ट मित्र, नजिकका साथीसंगी, परिवारले पनि उम्मेदवारलाई केहि आर्थिक सहयोग गर्न सक्दछ। त्यसैले उम्मेदवारले ती व्यक्तिहरूको सुची तयार गरी समय मै सहयोगको लागि अपिल गर्नु पर्दछ।
३. राजनीतिक दल तथा एकैप्रकारको विचारधारा भएकाहरुः (समूह, महिला समूह, संगठन, व्यापारिक समूह, श्रमिक, संगठन ):- एकै प्रकारको विचार धारा भएको समूह राजनीतिक दल, संगठनहरुले पनि निर्वाचन प्रचारप्रसार चन्दा / वित्त सहयोग गर्दछन्। यसको लागि उम्मेदवारले बेलैमा उनीहरु सामु आफ्नो उम्मेदवारी र भावी कार्यक्रम लिएर जानु पर्दछ।
४. प्रतिद्वन्दीका विरोधी : (तपाईको प्रतिद्वन्दीको पनि विरोधीहरू वा उनीहरूको विचारसंग विपरित व्यक्तिहरु): - उम्मेदवारले यस्ता व्यक्ति तथा समूहहरूको पनि सुची तयार गरी राख्नु पर्दछ। तपाईका प्रतिद्वन्दीहरू हारेको हेर्न चाहने भएकाले उनीहरूले तपाई माथि लगानी गर्न तत्पर हुन्छन्। त्यसैले बेलैमा उनीहरुको मद्दत लिई आफ्नो प्रचारप्रसारलाई व्यापक पारी मतदाताहरूलाई आफ्नो पक्षमा ल्याइ निर्वाचनमा विजयी हुने रणनीतिका साथ अगाडी बढ्नु पर्दछ।
५. शक्तिशाली र प्रभावशालि चन्दा दाताहरू (सो क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरु, व्यापारिक घरानाहरु, संघ संस्था, उद्योग): ठुला तथा शक्तिशाली व्यापारिक संघ संस्था, उद्योग आदिले निर्वाचन प्रचारप्रसारका लागि उम्मेदवार र दललाई आर्थिक सहयोग गर्ने, चन्दा दिने गरेको बितेका निर्वाचनहरूबाट स्पष्ट नै छ। त्यसैले ती समुहको सहयोग समय मै लिन पनि पछि पर्नु हुँदैन।

**क्रियाकलाप १:- सम्भावित चन्दादाता / सहयोगीहरूको सुची तयार**

यस क्रियाकलापले उम्मेदवारलाई निर्वाचनमा सम्भावित चन्दादाता तथा सहयोगकर्ताको सुची तयार गर्न, कति रकमसम्म र कहिलेसम्ममा सम्पर्कमा जाने बारे तयार गर्न मद्दत पुग्ने छ।

## ४.४ अर्थ / सहयोग संकलनको चरणहरु

सबैले सजिलै वित्त सहयोग गर्छन् भन्ने हुँदैन। त्यसैले यस कामका लागि केहि चरणहरू बुझ्नु आवश्यक छ :

१. सम्बन्ध विकास गर्नेः - सम्भावित दातासंग सम्पर्क स्थापना गर्ने। ती दाताको बारेमा पूर्व जानकारी र सूचना राख्ने जस्तै ती व्यक्तिले के काम गर्दछन्, कहाँ काम गर्दछन्, उनको नामको सही उच्चारण कसरी गर्ने आदि। ती व्यक्तिले उम्मेदवार वा आफूलाई चिन्दछन्? चिन्दछन् भने आफू र उनीवीच कस्तो सम्बन्ध रहेको छ? के उनले पहिले पनि सहयोग गरिसके? यदि गरिसके भने कति सहयोग गरेका थिए? यदि छैन भने दुई जना बीच समानता के छ? जस्तो, दुबै जना कुनै संघ संस्था मा आवद्ध छन् की? दुबैका सत्रु वा मित्र? यी प्रश्नहरूको जानकारी राख्नुका साथै ती दाताको आवश्यकता के छ पनि थाहा पाई राख्नु पर्दछ। दातासंग कुराकानी गर्दा उनको कुरालाई ध्यान दिएर सुन्नु होला, अधिक समय सुन्नमा नै बिताउनु होला। उम्मेदवारले दाताको कुरा, प्रश्न र आवश्यकतालाई नै महत्वदिनु पर्दछ। तर यसो गर्दा चन्दा वा आर्थिक संकलन गर्दा कुन हदसम्म सम्झौता गर्ने वा नगर्ने आफ्नो विवेक प्रयोग गर्नुहोला।
२. विषय उठान गर्नः - चन्दा दाताले कुनै समस्याको उठान गरे त्यसलाई उम्मेदवारले महत्व दिनु पर्दछ र धेरैको हित हुने भएमा सम्भव भएसम्म सो समस्या हल गर्न आफू इच्छुक रहेको र प्रयास गर्ने पनि बताउनु पर्दछ।
३. व्यवहारिकता स्थापना गर्ने : चन्दादाताहरूलाई उनीहरुबाट प्राप्त हुने सहयोग रकम व्यवस्थित, सही र पारदर्शी तरिकाले खर्च हुने विश्वास दिलाउनु पर्दछ। उनीहरूलाई उम्मेदवारले आफ्नो रणनीति र योजनाहरु पनि बताउनु पर्दछ। आफूसंग निर्वाचन प्रचारमा लागेका व्यक्ति, कार्यकर्ता र स्वयंसेवकहरूको बारेमा चन्दा दातालाई बताएर संकलित रकम सही र पारदर्शी तरिकाले प्रयोग हुने पनि विश्वास दिलाउनु पर्दछ।
४. आर्थिक सहायताको महत्व / दातालाई लगानी गराउनेः चन्दा दाताहरूलाई उनीहरुको चन्दा/ आर्थिक सहायताको अति आवश्यकता रहेको र सो को सदुपयोग हुने बताउनु पर्दछ। उनीहरुबाट प्राप्त आर्थिक सहयोगले मात्र निश्चित काम हुने भान दिनु पर्दछ।

५. निश्चित रकमको माग गर्ने: उम्मेदवारले चन्दा दाताको आर्थिक अवस्था र हैसियत अनुसार आर्थिक सहयोगको माग गर्नु पर्दछ । आर्थिक अवस्था अनुसार चन्दा माग्दा उनीहरूलाई पनि सम्मान दिएको जस्तो हुन्छ ।

६. दाताको कुरालाई ध्यान दिई सुन्ने, नबोल्ने: - दातासंग निश्चित आर्थिक सहयोगका लागि माग राखी सकेपछि दातालाई केही समय निर्णय गर्न दिनु पर्दछ । चन्दा दाताले उम्मेदवारको मागलाई तीन प्रकारले सम्बोधन गर्न सक्दछ । १ ) उम्मेदवारले माग गरेको रकम / सहयोगलाई पूर्ण रुपले स्वीकार गर्ने,२) मागेको सहयोग गर्न नाइँ नास्ती र आनाकानी गर्ने वा घटाउन खोज्ने, सबै माग एकै पटक पुरा गर्न नसक्ने भएकोले किस्ताबन्दीमा रकम दिने, थप जानकारीको माग गर्ने, ३ ) उम्मेदवारको माग पूर्ण रूपले अस्वीकार गर्ने । चन्दा दाताले आर्थिक सहयोग गर्न राजी हुने बित्तिकै सो सहयोग रकम संकलन गरिहाल्नु पर्दछ । सो सहयोग संकलन गर्न उम्मेदवार आफू स्वयम् उपस्थित हुने, नभ्याएको खण्डमा आफ्नो नजिकको साथी वा प्रचारप्रसारमा संग्लग्न टोली सदस्य पठाउनु पर्दछ ।

७. चन्दा दाता/ सहयोगी लाई धन्यवाद दिने: - सहयोग/ चन्दा प्राप्त भइ सकेपछि तुरुन्त दाता लाई फोन, एस एम एस, चिठी मार्फत धन्यवाद दिनु पर्दछ ।

८. आवश्यक पर्दा फेरी सहयोगको लागि आउने बताउने: दाताहरूको नामावली तयार गरी उनीहरूको सम्पर्कमा रही रहनु पर्दछ । थप चन्दा / सहयोगको आवश्यक परे आफूले फेरि उनीहरूलाई गुहार्ने जानकारी दिनु पर्दछ, जसले गर्दा उनीहरूलाई पनि थप स्रोत तयार गर्ने समय प्राप्त हुन्छ ।

**क्रियाकलाप २ :- चन्दा / आर्थिक संकलन सम्बन्धी भूमिका (role play) (१५ मिनेट)**

१. सहभागीहरु मध्ये ६ जना स्वयंसेवकलाई विभिन्न भुमिका निर्वाह गर्न बोलाउने,
२. दुई दुई जनाको ३ समूह बनाउने,
३ एउटा समूहलाई - उम्मेदवार र नजिकको चिनजानको चन्दा दाताको भूमिका निर्वाह गर्न लगाउने,
४. दोश्रो समूहलाई - उम्मेदवार र राजनीतिक दल/ आफू तर्फ झुकाब राख्ने व्यक्तिको भूमिका निर्वाह गर्न लगाउने,
५. तेश्रो समूहलाई - उम्मेदवार र ठुलो चन्दा दाताको भूमिका निर्वाह गर्न लगाउने,
६. सबै समूहलाई तयारीको लागि ५ मिनेट समय दिने,
७. सबै समूहलाई प्रस्तुतिको लागि ३ मिनेट समय दिने,
८. बाँकि सहभागीहरूलाई उनीहरुको प्रस्तुतिको बारेमा सकारात्मक प्रतिक्रिया दिन लगाउने,
९. अन्त्यमा, सहजकर्ताले सहभागीलाई दाताले सँधै सजिलै चन्दा सहयोग नदिने हुँदा कसरी निर्वाचन प्रचारप्रसार वित्त जुटाउने भन्ने बारे पूर्व तयारी गर्नु अत्यन्तै जरुरी हुन्छ र यस प्रस्तुतिबाट सिकेको पाठलाई अर्थ/ चन्दा/ वित्त संकलनको काममा प्रयोग गर्न सके वित्त संकलन गर्न मद्दत पुग्छ भनी बताउनु पर्दछ ।

## ४.५ अर्थ /कोष संकलन जुटाउन रणनीति

निर्वाचन प्रचारप्रसारमा अर्थ वा कोष जुटाउने काम निकै महत्वपूर्ण हुन्छ । बेलैमा निर्वाचनको लागि आवश्यक कोष जुटाउन सकिएन भने निर्वाचनमा राम्ररी प्रचारप्रसार गर्न सकिँदैन । प्रचारप्रसार पुगेन भने मतदातालाई आफूतिर आर्कषित गर्न र निर्वाचनमा मत पाउन गाह्रो हुन्छ .। निर्वाचनमा एक मतको पनि महत्व हुने भएकोले सबै मतदाता समक्ष आफ्नो उम्मेदवारी र योजना पुऱ्याउनु आवश्यक छ ।

## ४.६ प्रचारप्रसारका चरणहरु

**चरण १: अनुसन्धान र तयारी**

○ आफ्नै तथा सम्भावित प्रतिद्वन्दीहरू, सम्भाव्य मुद्दा र आफ्नो निर्वाचन क्षेत्रको बारे अनुसन्धान गर्ने

- उम्मेदवार बन्न आवश्यक योग्यता, निर्वाचन प्रक्रियाको विभिन्न मितिहरू बारे जानकारी राख्ने
- सल्लाहकार समूह तयार पार्ने
- उम्मेदवार तयारी तालिमहरूमा भाग लिने
- उम्मेदवार बन्नुको उद्देश्य स्पस्ट पार्ने प्रचारप्रसारको योजना र बजेट तयार गर्ने ।

**चरण २ : - अर्थ संकलन र मतदाता सम्पर्क**

- आवश्यक सहयोगी /कर्मचारी भर्ति गर्ने
- आवश्यक तथ्यांकहरू तयार गर्ने
- निर्वाचन प्रचारप्रसारका संदेशहरु तयार गरी परिक्षण गर्ने
- उम्मेदवारीको अनुमोदन गराउने
- प्रचारप्रसारको सामग्रीहरु छाप्न दिने
- स्वयंसेवकहरु भर्ति गर्ने
- मतदाताहरूसंग सम्पर्कमा आउने ।

**चरण ३ : संचार र परिचालन**

- अर्थ संकलन गर्ने
- मतदाताहरूसंग सम्पर्क गर्ने
- संचारमाध्यमको प्रयोग गर्ने ( निशुल्क तथा सशुल्क विज्ञापन)
- मतदान हुने दिनको कार्यक्रमका लागि तयारी गर्ने ।

**चरण ४ : - सिकाई तथा अर्को निर्वाचनको तयारी**

- निर्वाचनमा सहयोग गर्ने सबै ( मतदाता, आर्थिक सहयोगी, स्वयंसेवक, कार्यकर्ता) लाई धन्यवाद दिने
- पहिले र अहिलेको निर्वाचनको नतिजा विश्लेषण गर्ने
- भविष्यमा हुने निर्वाचनलाई ध्यानमा राखेर संचार, चन्दा दाता र राजनीतिक दलसंगको सम्बन्धलाई निरन्तरता दिने
- निर्वाचनमा जित हार जे भए पनि जनता र मतदाताको सेवा गर्न नछोड्ने
- आफ्नो निर्वाचन क्षेत्रको मतदाताहरूसंग सधै सम्पर्कमा रहने र उनीहरूसंग सम्पर्कमा रहन संचार / संवाद योजना बनाउने ।

## ४.७ प्रचारप्रसार टोली

निर्वाचनमा सफल हुन सशक्त प्रचारप्रसार टोलीको आवश्यकता पर्दछ । निर्वाचनको प्रचारप्रसारका लागि उम्मेदवारले सक्षम प्रचारप्रसार र अर्थ संकलनको अनुभवी, संचार र प्राविधिक ज्ञान भएको, जाँगरिलो व्यक्तिहरूलाई आफ्नो प्रचारप्रसारको टोलीमा सामेल गराउनु पर्दछ । विशेषतः यस टोलीमा अन्य व्यक्तिहरूका साथ साथै कोषाध्यक्ष, आर्थिक संकलन कर्ता, प्रचारप्रसार प्रबन्धक हुनै पर्दछ ।

निर्वाचन प्रचारप्रसार टोली र उनीहरूको कामः

| | |
|---|---|
| **उम्मेदवार** | उम्मेदवारले बढी भन्दा बढी मतदातालाई आफ्नो पक्षमा ल्याउन धेरै मतदाताहरूलाई भेट्ने |
| | निर्वाचन प्रचारको लागि कोष संकलन गर्ने |
| | प्रचारप्रसारको व्यस्थापनमा धेरै हस्तछेप नगर्ने |

| | |
|---|---|
| **प्रचारप्रसार प्रबन्धक** | प्रचारप्रसार प्रबन्धकले प्रचारप्रसारको हरेक पक्षको जिम्मेवारी लिने |
| | कर्मचारी, कार्यकर्ता, स्वयंसेवकलाई आवश्यक सरसल्लाह र निर्देशन दिने |
| | बजेट कसरी खर्च गर्ने जिम्मा लिने |
| | प्रचारप्रसारको सल्लाहकार समूहसंग सम्पर्कमा रहने |
| | उम्मेदवारलाई समय समयमा सम्पूर्ण तयारी र घटनाको बारेमा जानकारी दिने |
| **वित्त निर्देशक** | वित्त निर्देशन, कोष संकलन रणनीति र कार्यान्वयनको लागि जिम्मेवार रहने |
| | आर्थिक सहयोगी वा दाताहरुको रिपोर्ट तयार गर्ने |
| **कार्यालय व्यवस्थापन (प्राय स्वयंसेवक )** | कार्यालय प्रशासनको कामको रेखदेख गर्ने |
| | स्वयंसेवकहरूसंग समन्वय गर्ने |
| | कार्यालयलाई आवश्यक पर्ने सामग्रीको रेखदेख र स्टक राख्ने |
| | विभिन्न व्यक्तिहरूको सम्पर्क नम्बर, ठेगाना संकलन गरी व्यवस्थित गर्ने |
| | कार्यालयमा आउने व्यक्तिहरूसंग राम्रो व्यवहार गर्ने |
| **मतदाता सम्पर्क व्यक्ति** | मतदाता सम्पर्क गतिविधी तयार गर्ने |
| | प्रचारप्रसार कार्यक्रमको समन्वय गर्ने |
| | प्रचारप्रसार कार्यक्रममा सहयोग गर्ने |
| | कार्यक्रमको सही तथ्यांक राख्ने |
| **अनुसुचक** (scheduler) | प्रचारप्रसार प्रबन्धकसंग मिलेर काम गर्ने |
| | प्रचारप्रसारको सोध, अनुसन्धान गर्ने |
| **संचार निर्देशक** | सबै प्रकारको संचारमाध्यम वा संचारकर्मीसंग कसरी सम्पर्कमा रहने वा प्रयोग गर्ने भनी रणनीति तय गर्ने |
| | प्रचारप्रसारको प्रवक्ताको रुपमा काम गर्ने |
| | संचार माध्यम वा पत्रकारहरूको जिज्ञासाको उत्तर दिने |
| | सूचना सामग्री तथा प्रचारप्रसार सामग्री तयार पार्ने |
| | प्रेस विज्ञप्ति तयार गरी संचार माध्यमलाई उपलब्ध गराउने |
| **डाटा बेस प्रबन्धक** | मतदाताको डाटा बेस तयारी अवस्थामा राख्ने |
| | आवश्यक रिपोर्ट, तथ्यांक तयार गर्ने |
| **मतदान दिनको प्रबन्धक** | मतदाताहरूलाई मतदानको दिन मतदान केन्द्रसम्म पुऱ्याउने योजना बनाउने |
| **कोषाध्यक्ष** | आर्थिक रिपोर्ट चुस्त दुरुस्त राख्ने |
| | आर्थिक हिसाब पारदर्शी राख्ने |

निर्वाचनमा स्वयंसेवक र कार्यकर्ताहरूको सहयोग लिनु पर्दछ। निर्वाचन प्रचारप्रसारको लागि स्वयंसेवक परिचालन गर्नका लागि

सहभागीहरुलाई निम्न प्रश्नहरुमा छलफल गराउनुहोस् :-

१. तपाईले निर्वाचन प्रचारको लागि स्वयंसेवक नियुक्ति गर्दा के के कुरालाई ध्यान दिनु हुन्छ ?

२. तपाईले नियुक्त गर्नु हुने स्वयंसेवकहरूलाई यस बारेमा सैद्धान्तिक र प्राविधिक ज्ञान छ ?

३. के निर्वाचन प्रचारप्रसारको लागि स्वयंसेवक परिचालन गर्ने गरिन्छ ?

४. के तपाईले पहिले राजनितिक प्रचारप्रसार गर्नु भएको छ ? छ भने तपाईको अनुभब कस्तो रह्यो ?

५. के तपाईका स्वयंसेवकले तपाईको मुद्दालाई राम्रोसंग बुझेका छन् ? ती मुद्दालाई उनीहरूले मतदाता समक्ष लैजान सक्छन ?

## ४.८ निर्वाचन प्रचारप्रसारका लागि आवश्यक बजेट

निर्वाचनमा विजयी हुन कति बजेट आवश्यक पर्ला, आँकडा गर्नु भएको छ ? तपाई कति पैसा लिएर चुनावी मैदानमा उत्रँदै हुनुहुन्छ ? निर्वाचनमा उम्मेदवारले कति पैसा खर्च गर्न पाउँछ ? यी प्रश्नका जवाफ तपाईले उम्मेदवार बन्नु अघि नै खोजेर निर्वाचनमा लाग्न सक्ने बजेट, खर्च बारे तयारी गर्नु आवश्यक हुन्छ। निर्वाचन खर्चमा उम्मेदवारले आफ्नो प्रचारप्रसारको खर्चको विशष योजना पनि बनाउनु पर्दछ। निर्वाचन बजेट तयार भएपछि आवश्यक श्रोतको चाँजोपाजो गर्नु पर्दछ। निर्वाचन प्रचारप्रसारको बजेट यथार्थपरक हुनु पर्दछ। सो बजेट प्रत्येक हप्ताको वा प्रचारप्रसारको समय महिनौं लामो हुने भए सोही अनुसार प्रत्येक महिनाको बनाउनु पर्दछ। निर्वाचन प्रचारप्रसारमा खर्च हुने ४ मुख्य क्षेत्रहरू:-

**व्यवस्थापन** : निर्वाचन प्रचारप्रसार गर्न आवश्यक खर्च जस्तै - कार्यालय, टेलिफोन, फोटो कपी मेसिन र कागज, कार्यालयमा आवश्यक पर्ने सामानहरू ।

**अर्थ संकलन:** अर्थ संकलन गर्न पनि केहि रकम खर्च हुने गर्दछ, जस्तै आर्थिक सहयोग माग गर्न पठाउने चिठी, आयोजना गरिने सानो सभा, मिटिंग, चिया खर्च आदि ।

**मतदाता संग्लग्नता:** उम्मेदवारले मतदाता समक्ष पुग्न अनेक क्रियाक्रपहरू गर्नुपर्दछ । ती मध्ये मतदातालाई उम्मेदवारको बारेमा जानकारी दिने, दलको वा उम्मेदवारको घोषणापत्र घर घर पुऱ्याउनु पनि एक हो। उम्मेदवार र उनका सहयोगी कार्यकर्ताले निर्वाचन क्षेत्रको प्रत्येक मतदाता समक्ष पुग्नु पर्ने हुन्छ। यसका लागि सवारी साधन तथा इन्धन र खाजा खर्च गर्दा ठुलै रकम खर्च हुने गर्दछ र यो रकम पनि यसै शिर्षक अर्न्तगत पर्दछ।

**सशुल्क विज्ञापन:** निर्वाचनमा उम्मेदवारको प्रचारप्रसारका लागि गरिने सशुल्क बिज्ञापनको पनि निकै महत्व हुन्छ। उम्मेदवारले आफ्नो प्रचारप्रसारको लागि टेलिभिजन, रेडियो, पत्रपत्रिका, सामाजिक संजालको आदिको प्रयोग गर्दछ । उम्मेदवारले यी माध्यम मार्फत प्रचारप्रसार गर्न पनि विस्तृत बजेटको योजना बनाउनु पर्दछ ।

## ४.९ बजेट बनाउँदा ध्यान दिनु पर्ने बुँदाहरु

बजेट यथार्थपरक बनाउनु होला, यो हचुवाको भरमा बनाउनु हुँदैन। कुन शीर्षकमा कति खर्च लाग्छ अध्ययन र अनुभवको आधारमा मात्र योजना बनाउनु होला ।

७५% भन्दा बढी बजेट मतदाता संग्लग्नता अर्थात् घरदैलो कार्यक्रम वा सशुल्क विज्ञापनलाई छुट्याउनु पर्दछ ।

बजेट बनाउँदा अन्य/ "विविध" वा "भैपरी आउने" जस्ता शीर्षकमा सकेसम्म नराख्नु होला। बजेट बनाउँदा विस्तृत रूपमा, साना तिना क्रियाकलापहरूलाई पनि समेट्नु होला। "भैपरी आउने" जस्ता खर्चले गर्दा अनावश्यक खर्चहरु बढ्न जान्छ।

आफ्नो राजनीतिक दलबाट कस्तो सहयोग प्राप्त गर्न सक्नु हुन्छ पत्ता लगाउनु होला। तपाईको निर्वाचन क्षेत्रमा दलले नै निर्वाचन प्रचारप्रसारको क्रियाकलापहरू गर्दै छ भने त्यसमा तपाईको खर्च नपर्न पनि सक्छ। त्यसैले राजनीतिक दलसंग पनि समन्वय गरी रहनु पर्दछ ।

बजेट छ भन्दैमा प्रचारप्रसारको सुरुमै धेरै पैसा खर्च गर्नु हुँदैन। त्यसैगरी प्रचारप्रसारको लागि छुट्याएको पैसा खर्च नगरी खाता मै राखी राख्नु पनि हुँदैन। योजनाबद्ध रूपले बजेटलाई ठीक समयमा सदुपयोग गर्नु पर्दछ। तपाईको मुख्य लक्ष्य भनेको निर्वाचनमा विजय हासिल गर्नु हो न कि बैंकमा पैसा बचत गर्नु वा अनावश्यक ठाउँमा खर्च गर्नु हो। यो वाहेक, तपाईले सोचेको जस्तो अर्थ संकलन नभएको अवस्थाका लागि वैकल्पिक (दोश्रो) योजना पनि तयार गरी राख्नु पर्दछ।

## ४.१० प्रचार प्रसार बजेटको खाका/मस्यौदा बजेट

**क्रियाकलाप ३ - मस्यौदा बजेटको तयारीः सहभागी माझ तलका प्रश्नहरुमा छलफल गर्नु होला र तल दिइएको खाकामा मस्यौदा बजेट तयार पार्न लगाउनुहोला ।**

- माथि उल्लेखित शिर्षक बाहेक अन्य कुनैमा खर्च हुन्छ कि ?
- आफू बाहेक अरु कोहिले पनि कुनै खर्च जुटाउन सहयोग गर्ला कि ? अन्य कसैले सहयोग/ सौजन्य मार्फत प्राप्त होला कि ?
- के महिला र पुरुष उम्मेदवारलाई बराबर बजेट उपलब्ध होला ?

| शीर्षक | पहिलो साता | दोश्रो साता | तेश्रो साता | चौथो साता |
|---|---|---|---|---|
| **व्यवस्थापन** | | | | |
| कार्यालय भाडा | | | | |
| टेलिफोन | | | | |
| अफिस सामग्री | | | | |
| कर्मचारी ( तह) | | | | |
| आर्थिक संकलन कार्यक्रम | | | | |
| **मतदाता संग्लग्नता** | | | | |
| छपाई (पोस्टर, पर्चा ) | | | | |
| मतदाता खर्च | | | | |
| यातायात खर्च (गाडी, इन्धन) चिया खाजा खर्च | | | | |
| **सशुल्क विज्ञापन** | | | | |
| विज्ञापन तयारी | | | | |
| सम्प्रेषण | | | | |
| जम्मा | | | | |

## ४.११ निर्वाचनमा वित्त व्यवस्थापन र प्रचारप्रसारको रणनीति

- उम्मेदवारले निर्वाचन प्रचारमा राजनीतिक वित्तको भूमिका बारे जान्नु आवश्यक छ । साथै उसले निर्वाचनमा श्रोत/ वित्त, सहयोग प्राप्त गर्ने, अधिकतम सदुपयोग गर्ने, लाभ लिने र प्रतिकुल नतिजा प्राप्त गर्ने बारे पनि विस्तृत जानकारी र योजना बनाउनु पर्दछ ।
- प्रतिस्पर्धात्मक निर्वाचनको लागि राम्रो उम्मेदवार, दक्ष कर्मचारी, स्पष्ट प्रचारप्रसारका सामग्री, प्रभावकारी संचार योजना र आम मतदाता समक्ष पुग्ने श्रोतको आवश्यक पर्दछ । श्रोत बिना निर्वाचनको लागि आवश्यक कार्यालय स्थापना, कर्मचारी परिचालन, प्रचारप्रसार सामग्री छपाई आदि गर्न सकिँदैन । निर्वाचनमा महिला उम्मेदवारहरूलाई चन्दा, आर्थिक सहयोग पाउन पनि धेरै गाह्रो छ । तसर्थ, निर्वाचनको लागि आवश्यक श्रोत जुटाउन महिला उम्मेदवार आफै सक्रिय भएर योजनावद्ध रूपले अघि बढ्नु पर्दछ ।

*********

# निर्वाचनमा सामाजिक संजालको प्रयोग र लैङ्गिक हिंसा न्युनिकरणका लागि भएका प्रयास

# निर्वाचनमा सामाजिक संजालको प्रयोग र लैङ्गिक हिंसा न्युनिकरणका लागि भएका प्रयास

| | |
|---|---|
| **सिकाइ उपलब्धि** | यस सत्र पश्चात, निर्वाचनको समयमा सामाजिक संजालको प्रयोग कसरी गर्ने र महिला माथि हुने हिंसा र उजुरी सम्वन्धी के कस्ता व्यवस्थाहरू छन् भन्ने बारे सहभागीहरू स्पस्ट हुनेछन । |
| **समय** | १ घण्टा ३० मिनेट |
| **तालिम सामग्री** | न्यूजप्रिण्ट, मार्कर, मास्किङ टेप, मेटाकार्ड, पावरपोइन्ट, स्रोतपुस्तिका आदि । |
| **सत्रका क्रियाकलापहरू** | क्रियाकलाप १: सामाजिक संजालको प्रयोग र फाइदाहरू<br>क्रियाकलाप २: दुष्प्रचार तथा मिथ्या सूचनाको सामना<br>क्रियाकलाप ३: लैङ्गिकतामा आधारित हिंसा<br>क्रियाकलाप ४: निर्वाचनमा महिला हिंसाको प्रभाव<br>क्रियाकलाप ५: निर्वाचन विवाद निरुपण |
| **सहजकर्ताले ध्यान दिनु पर्ने कुराहरू** | यो सत्रको मुख्य उद्देश्य सहभागीहरूलाई सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्ने बारे जानकारी दिनु हो । साथै दुष्प्रचार तथा मिथ्या सूचना भनेका के हुन्, निर्वाचनका बेला हुने महिला हिंसा तथा त्यसको प्रभावलाई कसरी न्युनीकरण गर्ने र निर्वाचन विवाद तथा उजुरीको व्यवस्था बारे स्पस्ट जानकारी गराउनु हो । |
| **सत्रका लागि आवश्यक सामग्री** | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९<br>प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>निर्वाचन आचारसंहिता, २०७९<br>निर्वाचन संचालन तथा व्यवस्थापनमा सामाजिक संजाल नीति २०७७ |

## ५.१ सामाजिक सञ्जालको प्रयोग



सूचना प्रविधिको वर्तमान समयमा इन्टरनेट र समाजिक सञ्जाल बाहिरी दुनियासँग सम्पर्क राख्न तथा तत्कालै घटनाक्रमसँग जोडिनका लागि प्रभावशाली माध्यम बनेको छ। नेपालको शहरी तथा ग्रामीण क्षेत्रमा विशेषगरी युवाहरू इन्टरनेटको पहुँच र प्रयोगमा अगाडि छन् र सामाजिक सञ्जालको तिब्र गतिमा विकास भइरहेको छ ।

देश भित्र र बाहिर सम्पर्कमा रहन तथा सन्देश प्रवाह गर्न सामाजिक सञ्जालले निकै नै सहयोग पुऱ्याएको छ । वर्तमान समयमा बहुप्रयोजन र फाइदाका लागि सामाजिक सञ्जालको प्रयोग भइरहेको छ। विश्वको जुनसुकै देशमा रहेका व्यक्तिलाई सामाजिक सञ्जाल मार्फत आफ्नो सरोकारको राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक परिवेश लगायत दैनिक घटनासंग जोडिन सजिलो भएको छ । विश्वमा हाल फेसबुक, टवीटर, इन्स्टाग्राम, युट्युब, ब्लग, लिन्कडइन, गुगल प्लस (+) जस्ता लोकप्रिय र अधिकमात्रामा प्रयोग हुने सामाजिक सञ्जालहरू छन् ।

सन् २०२० को प्रारम्भको तथ्यांक बमोजिम विश्वमा इन्टरनेट प्रयोगकर्ताको जनसंख्या विश्वको कूल जनसंख्याको करिब ५९ प्रतिशत अर्थात ४ अर्ब ५७ करोड रहेको थियो । नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिवेदन, २०७६ अनुसार नेपालमा इन्टरनेट प्रयोगकर्ताको संख्या १ करोड ९८ लाख ४१ हजार ६ सय अथवा कुल जनसंख्याको ६७.२३ % रहेको छ। विश्वमा इन्टरनेट प्रयोगकर्ताको संख्या वर्षेनी बढे जस्तै नेपालमा पछिल्लो बर्ष २०७५ र २०७६ मा ९.६ प्रतिशत सामाजिक संजाल प्रयोगकर्ताको संख्या बढ्दै गएको विभिन्न तथ्याङ्कले देखाएको छ। कोभिड-१९ पछि इन्टरनेटको प्रयोग अझ बढ्दै गएको छ।

## ५.२ सामाजिक सञ्जालको भुमिका

सामाजिक सञ्जाल सकारात्मक सूचना मात्र होइन दुष्प्रचार, मिथ्या सूचना, कुसूचना र द्वेषपूर्ण अभिव्यक्ति फैलाउन पनि प्रभावकारी माध्यम बनेको छ। यसलाई नियमन गर्न कठीन छ र सामाजिक सञ्जाल मार्फत नकारात्मक सूचना तथा समाचार फैलाउनेहरूलाई पहिचान गर्न सम्भव भएपनि सजिलो छैन ।

धेरै सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले सामाजिक सञ्जाललाई सूचनाको विश्वसनीय स्रोतको रूपमा लिने गरेका छन्। कतिपयले सामाजिक सञ्जालबाट प्राप्त जानकारीहरूलाई रेडियो, टेलिभिजन वा पत्रपत्रिकाले दिएको सूचना वा जानकारी भन्दा पनि बढी विश्वास गर्दछन्। तर, सामाजिक सञ्जाल मिथ्या सूचना, कूसूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति फैलाउने माध्यमको रुपमा पनि प्रयोग हुँदै आएको छ। समाजमा विभाजन ल्याउन, डर देखाउन वा भावनात्मक प्रभाव पार्न, लैङ्गिक, जातीय, धार्मिक र यौनिक सम्बन्धहरूमा नकारात्मक असर पार्न पनि सामाजिक सञ्जालको दुरुपयोग गरी मिथ्या सूचनाहरू सम्प्रेषण गर्ने कामहरू भइरहेका छन्। यी प्रति विशेष गरी महिला तथा समावेशी समूहका उम्मेदवार र राजनीतिज्ञहरू सचेत हुनु जरुरी छ।

**क्रियाकलाप १: सामाजिक संजालको प्रयोग र फाइदाहरूको बारेमा सहभागीहरूलाई मेटाकार्डमा लेख्न लगाई प्रस्तुत गर्न लगाउने र प्रशिक्षकले अन्तमा प्रस्तुतिकरण गर्ने (१५ मिनेट)**


#### सामाजिक सञ्जाल प्रयोगका फाइदाहरू

निर्वाचनको समयमा सरोकारवालाहरूसम्म पुग्न, उनीहरूसंग सम्वन्ध बढाउन, सूचना फैलाउन, मतदाता शिक्षा प्रदान गर्न, निर्वाचनको प्रचारप्रसार गर्न, सञ्चार खर्च घटाउन, कार्य सम्पादनलाई प्रभावकारी बनाउन सामाजिक सञ्जालले ठूलो मद्दत गर्नसक्छ । विशेषतः यसले देहायअनुसार क्षेत्रमा सहयोग गरी उम्मेदवारलाई फाइदा पुऱ्याउन सक्दछ ।

- नागरिक तथा सरोकारवालाको पहुँच अभिबृद्धि गर्न,
- लक्षित वर्ग (महिला, दलित, जनजाति, मधेसी, अपाङ्गता भएका वा अन्य अल्पसंख्यक समुदाय लगायत) सम्ममा पहुँच बढाउन,
- निर्वाचनका सरोकारवालासंग सहज रुपमा दोहोरो सञ्चार कायम गर्न,
- मतदातालाई निर्वाचन तथा मतदाता शिक्षा सहजताका साथ प्रदान गर्न,
- निर्वाचनका सूचना र विषयवस्तु सुद्धत रुपमा सम्प्रेषण र प्रवाह गर्न,
- निर्वाचनका प्रक्रियाहरूमा पारदर्शिता कायम गर्न,
- निर्वाचन प्रचारप्रसारमा मितव्ययिता कायम गर्न ।

#### सामाजिक सञ्जालमा प्रयोग हुने केही शब्दावलीहरू

नेपालमा मिथ्या सूचना, दुष्प्रचार, द्वेषपूर्ण अभिव्यक्तिको कुनै कानुनी परिभाषा छैन, यद्यपि राजनीतिक दलका केही समर्थकहरूद्वारा सामाजिक सञ्जालमा मिथ्या सूचना प्रवाह गर्ने गरेको पाइन्छ ।



१. **दुष्प्रचार (Disinformation)** : भन्नाले आफूलाई लाभ र अरु कसैलाई हानि नोक्सानी पुऱ्याउने र आम मानिसलाई झुक्याउने बदनियतका साथ जानीजानी गलत वा भ्रामक सूचना सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ । तर निर्वाचन सम्बन्धी रिपोर्टिङमा भएका गल्तीलाई दुष्प्रचार मानिने छैन ।



२. **मिथ्या सूचना (Misinformation)** : भन्नाले निर्वाचन सम्बन्धी कुनै कार्य गर्दा गराउँदा कसैलाई हानि नोक्सानी पुऱ्याउने नियत राखी वा नराखी वा उक्त सूचना झूठो हो भन्ने बुझी वा नबुझी सम्प्रेषित गरिएको भ्रामक सूचना वा जानकारी सम्झनु पर्छ ।

३. **कुसूचना (Malinformation)** : कसैलाई हानी गर्ने वा आपराधिक मनोवृत्तिका व्यक्तिको हित गर्ने अभिप्रायले प्रवाह (सेयर) गरिएको जानकारीलाई कुसूचना भनिन्छ, यसमा खासगरी निजी सूचनालाई सार्वजनिक रुपमा प्रवाह गरिन्छ ।

४. **द्वेषपूर्ण अभिव्यक्ति (Hate speech)**: द्वेषपूर्ण अभिव्यक्ति (Hate Speech) : भन्नाले प्रत्यक्ष वा परोक्ष रुपमा जाति, राष्ट्रिय वा जातीय उत्पत्ति, धर्म, लैङ्गिकता, उमेर, अपाङ्गता वा अन्य अपरिवर्तनीय समूहलाई इङ्गित गर्दै असहिष्णुता वा घृणा फैलाउने वा हिंसालाई बढावा दिने किसिमका वचन, लिखत वा व्यवहार सम्झनु पर्छ ।

५. **साइबर बुलिङ (cyber bullying)** सामाजिक सन्जालको प्रयोग गरी कुनै व्यक्ति वा समुदायलाई लक्षित गरी वा कसैप्रति दुर्भावना राखी नकारात्मक, हानिकारक, झूठो वा अपमानजनक सामग्री पोस्ट तथा सेयर गरिन्छ ।

६. **साइबर सुरक्षा (cyber security):** भनेको कम्प्युटर, सर्भर, मोबाइल जस्ता विधुतीय उपकरण, नेटवर्क र डाटालाई साइबर आक्रमणबाट बचाउने कार्य हो । यसलाई अर्को शब्दमा भन्नुपर्दा, साइबर सूचना चोर्ने गतिविधिलाई नियन्त्रण गर्न, साइबर आक्रमणको पहिचान गरी यसलाई रोक्न प्रयोग गरिने विधिलाई जनाउँछ ।

## ५.३ साइबर बुलिङ सम्बन्धी थप जानकारी



साइबर बुलिङमा दुस्प्रचार, मिथ्या सूचना, कूसुचना र द्वेषपूर्ण अभिव्यक्तिहरू पर्न सक्छन् । साइबरबुलिङ धेरै शक्तिशाली हुन्छ । कसैलाई चोट पुऱ्याउने उद्देश्यले साइबर बुलिङ हुने गरेका छन् । सामाजिक सञ्जाल वा इमेल आदिको प्रयोग गरेर अपमानजनक भाषा प्रयोग गर्ने, झूठो इमेल पठाउने, सामाजिक सञ्जाल प्रयोगकर्ताको प्रोफाइल

ह्याक गर्ने वा परिवर्तन गर्ने, कसैको संवेदनशील फोटो वा भिडियोहरू पोस्ट गर्ने, फोरम, च्याट रुम वा सन्देश बोर्डहरूमा अरूलाई अशिष्ट व्यवहार गर्ने, साइबर बुलिङका प्रकारहरू हुन् ।

- साइबर बुलिङ निरन्तर भई रहने हुनाले लक्षित व्यक्ति वा समूहले यसबाट तुरुन्तै कुनै पनि राहत पाउन कठीन हुन्छ ।
- यसले स्थायी र सार्वजनिक रेकर्ड बनाउँदछ ।
- यसको प्रयोगकर्ता सामान्यतया बेनामी/नचिनिने खालको हुन्छ, त्यसैले यस्तो सूचना फैलाउने वेभसाइटहरू ब्लक गर्न कठिन हुनसक्छ ।
- साइबरबुलिङले लक्षितहरुलाई गम्भीर असर पार्न सक्छ । यसले मानसिक तनाव र शारीरिक तथा स्वास्थ्य समस्याहरू उत्पन्न गर्न सक्छ । सबै विद्युतीय उपकरण एवं वेभसाइटहरूको लागि गोपनीयता सेटिङ सावधानीपूर्वक सेट गरेर आफ्नो सुरक्षा गर्नु साइबर बुलिङ विरुद्धको उत्तम उपाय हो ।

## ५.४ दुष्प्रचार तथा मिथ्या सूचना सम्बन्धी थप जानकारी

मिथ्या सूचना र दुष्प्रचारको प्रतिरोध गर्ने कुरा व्यक्तिगत क्षमता र तहमा निर्भर हुन्छ । दुष्प्रचार र मिथ्या सूचनालाई रोक्न विभिन्न संयन्त्रहरूको प्रयोग गर्न सकिन्छ । साथै विभिन्न सञ्चार माध्यम मार्फत नागरिकलाई सही सूचना प्रवाह गरेर पनि यस्ता दुष्प्रचारलाई रोक्न वा नियन्त्रण गर्न सकिन्छ ।

केही व्यक्तिहरू नक्कली समाचार वा दुष्प्रचारलाई छिट्टै विश्वास गर्छन् । अध्ययनहरूले देखाए अनुसार मानिसहरू सहीभन्दा नक्कली समाचारहरूबाट बढी आकर्षित हुन्छन् र विशेषगरी सामाजिक सञ्जाल मार्फत् सही जानकारी भन्दा झुठो समाचार छिटो फैलिन्छ । तर मिडिया साक्षरतालाई अभिवृद्धि गरेर दुष्प्रचार तथा मिथ्या सूचनालाई नियन्त्रण गर्न र सर्वसाधारणलाई गलत सूचनाबाट सजग तुल्याउन सकिन्छ ।

- जंक समाचार (Junk news) मा वैचारिक रूपमा पक्षपातपूर्ण सामग्रीलाई विश्वसनीय समाचार वा जानकारी जस्तै गरी प्रचार तथा प्रकाशन वा टिप्पणी गरिन्छ ।

नक्कली र पहिचान गर्न कठिन श्रव्यदृश्यः प्रविधिको प्रयोगले स्रोत सामग्रीहरू सम्पादन गरी वा वास्तविक सामग्रीलाई अन्य सामग्रीसंग मिलाएर झूठो वा नक्कली श्रव्यदृश्यहरू तयार गरिन्छ ।

**मिथ्या र द्वेषपूर्ण सूचना रोकथामका उपाय**

- आधिकारिक सूचनालाई मात्र विश्वास गर्ने जस्तैः निर्वाचन आयोगको वेभसाइट तथा आयोगका सामाजिक सन्जालमार्फत् प्रकाशित आधिकारिक सूचना,
- सार्वजनिक रुपमा नकारात्मक व्यवहार र बयान विरुद्ध एक जुट भएर आवाज उठाउने,
- लैङ्गिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक समुदाय विरुद्ध हुने दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिका बारेमा सचेतना अभिवृद्धि गर्ने,
- मिथ्या सूचना फैलाउने स्रोत पत्ता लगाई कानुनी दायरामा ल्याउने,
- निर्वाचन आचारसंहिता, निर्वाचन (कसुर तथा सजाय) ऐन तथा निर्वाचन कानुनमा भएका व्यवस्थाहरुको पूर्ण जानकारी राख्ने,
- विषयवस्तुको बुझाईमा एकरुपता बनाउने
- नीतिगत स्पष्टता आवश्यक
- सरोकारवाला निकायहरुबीच समन्वय
- सरकारी संयन्त्र प्रभावकारी बनाउन पैरवी गर्ने
- लैंगिङ्गतामा आधारित हिंसा र त्यसको रोकथामका लागि संस्थागत सयन्त्र प्रयोग गर्ने

## ५.५ साइबर सुरक्षा सम्बन्धी थप जानकारी

- आफ्नो डाटा तथा कम्प्युटर, स्मार्टफोन आदिको सुरक्षा गर्नु पर्दछ ।
- नियमित रूपले साइबर सुरक्षा लागू गर्न नसक्दा व्यक्तिगत जानकारीहरुको दुरुपयोग मात्र होइन, दुस्प्रचार र मिथ्या सूचना फैलिन पनि सक्छ ।
- व्यक्तिगत सूचना तथा जानकारीको सुरक्षा स्वयंले गर्नुपर्छ ।
- विद्युतीय उपकरण वा डाटामा अनाधिकृत पहुँचको जोखिमलाई कम गर्नका लागि आफूले प्रयोग गर्ने सञ्चारका साधनहरूलाई संवेदनशिल रूपमा लिनु आवश्यक छ ।
- कुनै पनि सन्देश वा फाइलहरू खोल्नु अघि सावधान हुनु पर्दछ ।
- अज्ञात स्रोतहरूबाट आएका सूचना बारेमा सावधान हुनुपर्दछ ।
- वेबसाइटहरूको URL/Web link ठेगानाहरू सुरक्षित छन् कि छैनन् भनी जाँच गर्नुपर्दछ ।
- नेटवर्क सुरक्षा जोखिमहरू बारे सचेत हुनु पर्दछ ।
- ठगहरु र ट्रोलहरूबाट सावधान हुनु पर्दछ ।
- सार्वजनिक र निजी संचारका साधनलाई अलग अलग राख्नु पर्दछ ।



**क्रियाकलाप २: दुष्प्रचार तथा मिथ्या सूचनाको स्रोतहरूको बारेमा मस्तिस्क मन्थन गर्ने र प्रस्तुतिकरण गर्ने (२० मिनेट)**

**सूचना जाँच :**

मिथ्या सूचना र दुष्प्रचार पहिचान गर्नका लागि सूचना जाँच एक आधारभूत विधि हो । तल केही आधारभूत सूचना जाँच गर्ने तरिकाहरू छन्, जसले मिथ्या समाचारहरूलाई पहिचान गर्न मद्दत गर्दछ ।




- Web link र वेवसाइटको नामहरू जाँच गर्नु पर्दछ। उस्तै नाम भएका वेवसाइटबाट हुनसक्ने हानीबाट बच्नका लागि Web link हरूबाट सावधान रहनुहोस् । केही junk समाचार अपरेटरहरूले नक्कली Web link लाई वास्तविक जस्तै गरी नक्कल गर्दछन् । त्यसैले साइटहरू खोल्दा वास्तविक हो कि होइन भनेर नियमित जाँच र पहिचान गरेर मात्र खोल्नु पर्दछ ।
- अपरिचित स्रोतहरू प्रमाणित गर्नुहोस् । कुनै वेवसाइट खोल्दा वेवसाइटको "हाम्रो बारेमा" भन्ने खण्ड जाँच गर्नुहोस् वा वेबसाइटको गतिविधिलाई कस्ले सञ्चालन गरिरहेको छ हेर्नुहोस । साइटका बारे जानकारी प्राप्त गर्न साइट दर्ता आवश्यक छ भन्ने कुरामा सजग हुनु पर्दछ। साइटमा प्रकाशित कुनै लेख भएमा लेखकका बारेमा जानकारी राख्नुहोस् तथा विषयवस्तुका बारेमा लेखकको कुनै विशेषज्ञता छ कि छैन पनि जाँच गर्नु पर्दछ ।
- "एक साथीले मलाई भन्नुभयो...वा डाक्टर सहकर्मी भन्नुहुन्छ ..." जस्ता अज्ञात स्रोतहरूबाट आएका समाचार वा सूचनालाई विश्वास नगर्नु वा सेयर नगर्नु होला । किनभने यस्ता कुराहरूलाई प्रमाणित गर्न सकिँदैन वा त्यस्ता कुराहरु वनावटी पनि हुन सक्छन् ।
- साइटमा प्रयोग गरिएको तस्वीर वा श्रव्यदृश्यहरू वास्तविक हो कि होइन भनी जाँच गर्नु पर्दछ । श्रव्यदृश्य वा तस्वीरको स्रोत तथा वास्तविकता पत्ता लगाउन Google Reverse Image Search प्रयोग गर्नु पर्दछ र ती परिवर्तन वा परिमार्जन गरिएको छ कि छैन भनेर जाँच गर्नु पर्दछ ।
- प्रारम्भिक साइटसंग कुनैपनि हिसाबले सम्बद्ध नभएका मिडिया साइटहरूले सूचना वा जानकारीलाई समेटिरहेका छन् कि छैनन्

भनी पत्ता लगाउनु पर्दछ । सूचना वा जानकारीले अर्को समाचार संस्करणलाई यसको जानकारी स्रोतको रूपमा प्रयोग गरेको छ कि छैन भनेर दोहोऱ्याएर जाँच गर्नु पर्दछ । समाचारका लागि सामाजिक सञ्जालमा मात्र भर पर्नु हुदैन । सही समाचार, सूचना वा जानकारीका लागि आधिकारिक सञ्चारमाध्यम प्रयोग गर्ने वा आधिकारिक वेबसाइट हेर्नु पर्दछ ।

- खराब भाषा, हिज्जे, खराव व्याकरण, अतिरंजित शीर्षकहरू र कुनै स्रोत बिनाका दावीहरू वा सनसनीपूर्ण तथा असम्बन्धित तस्वीरहरू समावेश भएका समाचार, जानकारी वा सूचनाका बारेमा सजग हुनु पर्दछ । किनकी ती नक्कली पनि हुनसक्छन् ।

## ५.६ द्वेषपूर्ण अभिव्यक्ति विरुद्धको लडाईः

द्वेषपूर्ण अभिव्यक्तिले रूढीवादी विचारधारा र कुनै समुदायलाई मात्र बढावा दिने भएकोले यसले समाजमा नकारात्मक असर पार्न सक्दछ । तसर्थ, द्वेषपूर्ण अभिव्यक्ति, समाजमा विभाजन ल्याउने सूचना वा पोष्ट, प्रतिकूल घटनाहरूका लागि लक्षित समूहहरूलाई उक्साउने सूचना, दोष लगाउने, जातीय, लैङ्गिक, धार्मिक, यौनिक विवाद बढाउने समाचार वा सूचनालाई निरुत्साहित गर्नु पर्दछ ।

**द्वेषपूर्ण अभिव्यक्तिको पहिचान गर्ने :**

कुनै पनि व्यक्ति वा समूहको बारेमा नकारात्मक भावना फैलाउने अभिव्यक्ति वा आलोचना त्यतिवेला द्वेषपूर्ण अभिव्यक्ति हुन्छ जब त्यो व्यवहारमा आधारित नभई कुनै समूह वा समूहको सदस्य तथा व्यक्ति पहिचानको आधारमा हुन्छ । त्यसैले द्वेष फैलाउने उद्देश्यले प्रयोग गरिएको प्रतिक वा वक्ताको हाउभाउहरू पनि द्वेषपूर्ण अभिव्यक्ति हुन सक्छन् र यसमा ध्यान दिनुपर्दछ ।

**द्वेषपूर्ण अभिव्यक्तिलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छः**

- हिंसालाई उत्तेजित गर्ने - कुनै समुहको सदस्य भएकै कारणले सो विशेष समूह वा व्यक्ति विरुद्ध नकरात्मक भावना फैलाउने वा हिंसाका लागि उक्साइन्छ ।
- अमानवियकरण - कुनै समूहको सदस्य भएको कारणले उक्त समूह वा व्यक्तिलाई बेइज्जत गर्ने उदेश्यले मुसा, बाँदर, फोहोर जस्ता घृणित अभिव्यक्ति प्रयोग गर्ने वा तिनीहरूलाई खतरनाक चीजसंग तुलना गर्ने - जस्तै क्यान्सर, वा राक्षस । अमानवियकरणले लक्षित समूह विरुद्ध हिंसाका लागि आधार तयार गर्दछ र यसलाई "उचित" ठहऱ्याँउछ ।
- नकारात्मक वा मन नपर्ने भूमिकासंग सम्बद्ध गर्ने कुनै समूह वा व्यक्तिलाई लेबल लगाई तिनीहरू "आलसी", "पैसाको भोको", "झूठो बोल्ने" जस्ता समूहको सदस्य हुन् भनी चरित्र हत्या गरिन्छ ।

**द्वेषपूर्ण अभिव्यक्तिको प्रतिक्रिया**

हाल नेपालमा द्वेषपूर्ण अभिव्यक्तिलाई निषेध गर्ने कुनै कानुनी प्रावधान छैन, त्यसैले यसलाई निरुत्साहित गर्न व्यक्तिगत र सामुहिक प्रयासहरू हुनुपर्दछ । द्वेषपूर्ण अभिव्यक्ति सुरु हुने वित्तिकै यसको पहिचान गरी निगरानी गर्नु पर्दछ । द्वेषपूर्ण अभिव्यक्तिको प्रयोगले व्यक्ति वा समूहलाई नकारात्मक रूपले प्रस्तुत गर्नेदेखि हिंसा गर्न उक्साउने र हिंसा फैलाउनेसम्मका घटनाहरू हुन सक्छन् । त्यसैले यस्ता अभिव्यक्तिलाई रोक्ने प्रयासहरू सोच विचार पुऱ्याइ रणनीतिक ढंगले गर्नु पर्दछ । जस्तै :

- समावेशी अभ्यास तथा धैर्यताको प्रवर्द्धनले द्वेषपूर्ण अभिव्यक्तिका घटनालाई रोकथाम गर्न सक्ने वातावरण सिर्जना गर्न सकिन्छ ।
- व्यक्तिका जिज्ञासालाई सम्मान गर्नु पर्दछ । सही सूचनाको अभाव र अज्ञानताले मानिसहरू जोखिममा पर्न सक्छन् । कसैलाई जोखिममा पार्ने समाचार तथा गलत सूचना वा जानकारीले व्यक्ति वा समूहलाई नकरात्मकतातिर धकेल्छ । तसर्थ सही सूचना र समाचार सम्प्रेषण गरी सम्मान र सहमतिको वातावरण बनाउन सकिन्छ ।
- कार्यस्थलमा धर्म, जाति, लिङ्ग, यौनिक झुकाव, उमेर वा क्षमताका आधारमा कसैलाई भेदभाव हुँदैन भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।
- कार्यालय, सार्वजनिक स्थलमा प्रयोग हुने भाषाको वा अभिव्यक्तिको निगरानी गर्नु पर्दछ । यदि द्वेषपूर्ण भाषा वा अभिव्यक्ति प्रयोग भएमा त्यस्ता अभिव्यक्तिको टिपोट गरी त्यसको प्रभावको बारेमा समीक्षा गर्नु पर्दछ । यसो हुन नसकेमा त्यस किसिमका भाषा वा अभिव्यक्तिहरू मानिसको बानीको रुपमा दोहरिन वा बारम्बार प्रयोग भइरहन सक्छन् ।

- नम्र अभिव्यक्तिलाई प्रोत्साहन गर्दै द्वेषपूर्ण अभिव्यक्तिलाई निरुत्साहित गर्नु पर्दछ ।
- सीमान्तकृत समूहहरूका अभिव्यक्तिलाई स्थान दिने प्लेटफर्महरू उपलब्ध गराउनु पर्दछ ।
- महिला, अल्पसंख्यक र सीमान्तकृत समूहहरूको आवाज सुन्न सकिएन भने उनीहरूको संस्कृति, सीप विश्वास र गतिविधिहरू बारे जनमानसमा भ्रम फैलँदै जान्छ । जसले गर्दा उनीहरूको भलो नचाहने व्यक्ति वा समूहहरू उनीहरू विरुद्ध द्वेषपूर्ण अभिव्यक्ति प्रयोग गर्न र फैलाउन अझ बढी सशक्त हुन्छन् । तसर्थ उनीहरूका आवाज, भनाई र विचार राख्ने प्लेटफर्मको सिर्जना गरी उनीहरू विरुद्ध प्रयोग हुने द्वेषपूर्ण अभिव्यक्ति वा विचारलाई निरुत्साहित पार्न सकिन्छ ।

## ५.७ सार्वजनिक र कार्यस्थलमा साइवर सुरक्षा अपनाउने विधि



व्यक्तिगत जानकारीलाई अरुको पहुँचभन्दा टाढा राख्नु पर्दछ । सबै उपकरणहरूमा गोपनीयताको प्रयोग गर्नु पर्दछ ताकि अरूले संवेदनशील जानकारी देख्न नसकुन् । मोवाइल फोन र कम्प्युटर बन्द गर्नु अघि एपहरू बन्द गर्नु पर्दछ र व्यक्तिगत जानकारी प्रिन्ट प्रतिलिपि वा डाटाहरु असुरक्षित स्थानमा छोड्नु हुँदैन जहाँ तपाई अनुपस्थित हुँदा अरूले त्यसको दुरुपयोग गर्ने सम्भावना हुन्छ । सार्वजनिक स्थल/वातावरणमा व्यक्तिगत जानकारीको सुरक्षाका लागि अतिरिक्त नियमहरू हुन्छन् । सार्वजनिक यातायात, क्याफे, होटल लबी, एयरपोर्ट, प्लेन जस्ता भीडभाडको वातावरणमा विशेषगरी व्यक्तिगत वा गोप्य राख्नुपर्ने विषयमा कसैसंग छलफल नगर्नु नै बुद्धिमानी हुन्छ । यदि सार्वजनिक स्थानमा विद्युतीय उपकरण प्रयोग गर्दै हुनुहुन्छ भने सुरक्षितसंग बस्नु पर्दछ ताकि तपाईको वरपर उभिने वा पछाडि बस्नेले तपाईको फोन वा कम्प्युटरको स्क्रिन देख्न नसकुन् ।

सार्वजनिक स्थानमा पासवर्डहरू सुरक्षित राख्न उपकरणहरूमा बायोमेट्रिकमा आधारित सुरक्षा उपायको प्रयोग गर्नु पर्दछ । कार्यस्थलमा पनि संवेदनशील वा गोप्य जानकारी समावेश भएको कुनै पनि कागजलाई जहिले पनि प्रयोगपछि टुक्राटुक्रा गर्नुहोस्, प्रिन्टरबाट तुरुन्तै संवेदनशील कागजातहरू हटाउनु पर्दछ, बैठक पछि ह्वाइटबोर्डहरूबाट सबै जानकारीहरू मेटाउनु पर्दछ र ताल्चा लगाएपछि दराज वा टेबलमा साँचोहरू त्यतिकै छोड्नु हुदैन ।

## ५.८ सूचना आदान प्रदानका लागि निर्देशन

सूचना आदान प्रदानको आधारभूत नियम भनेको सामाजिक सञ्जालमा कुनै सन्देश वा भ्वाइसमेल कहिल्यै पनि पोस्ट गर्नु हुँदैन । यदि पोष्ट गरिएमा तपाई वा अरूको प्रतिष्ठामा हानि पुरयाउने कुनै पनि कुरालाई असुरक्षित डाटा भण्डारणमा राख्नु हुँदैन । यो सोच राखेर सामाजिक सञ्जालमा सूचना आदान प्रदान गर्नु पर्छ की तपाईले आदान प्रदान गरेको सूचना तथा जानकारीमा अरुको पनि पहुँच भइरहेको हुनसक्छ ।

ख्याल गर्नु होला कि, एक पटक सामाजिक सञ्जालमा पोस्ट गरेपछि, पोस्ट सधैंभरि रहिरहन्छ । एक पटक हालेका फोटोहरू थप शेयर गर्नका (फेरी पठाउन) का लागि उपलब्ध हुन्छन्, साथै कसैसंगको व्यक्तिगत सम्बन्धमा समस्या आउँदा वा कसैसंग विवाद हुँदा ती सूचना तथा तस्वीरहरू तपाईका विरुद्ध हतियार बन्न सक्छन् ।

व्यक्तिगत जानकारीहरु सीमित गर्न सामाजिक सन्जाल एपहरूमा भएका सुरक्षा सुविधाहरू प्रयोग गर्नु पर्दछ । साथै प्रोफाइलहरू निजी राख्नु पर्दछ, स्थान सार्वजनिक गर्नु हुँदैन र कसैले गरेको टिप्पणीलाई नदेखिने बनाउनु पर्दछ । त्यस्तै कसैलाई ट्रोल गर्नु हुँदैन । यसले अरूलाई हानि पुयाउँछ र आफुलाई पनि हानी पुग्न सक्छ । कसैको व्यक्तिगत सूचना वा तस्वीर पनि सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदैन ।

## ५.९ लैंङ्गिकतामा आधारित हिंसा




महिलाहरूको राजनीतिमा सहभागिता वृद्धि संगै उनीहरूमाथि हुने हिंसामा पनि वृद्धि हुँदै गएको छ। राजनीतिमा सक्रिय तथा स्पष्ट र प्रखर वक्ता महिलाहरूले बढी हिंसाको सामना गर्नु परेको अध्ययनले देखाएको छ। पुरुषहरुको बर्चस्व रहेको राजनीतिमा महिलाहरूको कुल २५% सहभागिता रहेको छ। महिला बिरुद्ध हुने राजनीतिक/निर्वाचन हिंसाले गर्दा महिलाहरूको राजनीतिमा सहभागी र क्रियाशिल हुने क्षमतालाई निषेध गरेको छ। दक्षिण एशियाको राजनीतिमा हिंसा सामान्य जस्तो देखिने गरेको छ, र परम्परागत रुपमा पुरुषहरुको राजनीतिक दायरा महिलाको भन्दा बढी फराकिलो रहेको छ। परिणामतः ठूलो संख्यामा महिलाहरूले राजनीतिक क्षेत्रमा सहभागी हुनबाट बन्चित हुनु परेको अवस्था छ। सन् २०१६ मा विभिन्न देश र क्षेत्रमा गरिएको अध्ययन अनुसार महिला सांसदहरु विरुद्ध हुने हिंसाहरू मध्ये मनो बैज्ञानिक हिंसा ८१.८% पाईएको छ, ४४.४% बलात्कार, ज्यान मार्ने, कुट्ने, अपहरण गर्ने धम्की आउने गरेको उदाहरणहरु पाइएका छन्।

**क्रियाकलाप ३: लैंङ्गिकतामा आधारित हिंसा के हो भन्ने बारे समुहगत छलफल गर्ने (१० मिनेट)**

लैङ्गिक हिंसा भन्नाले महिला, पुरुष, बालबालिका वा जो सुकै व्यक्तिलाई पनि लैङ्गिकताका आधारमा शारीरिक, मानसिक, आर्थिक, यौनिक एवं हिंसात्मक व्यवहार गर्ने, पीडा पुर्‍याउने, डर, त्रास देखाउने र धम्क्याउनेदेखि लिएर उसको आधारभुत स्वतन्त्रतालाई नै खण्डित गर्नेसम्मका गतिविधिहरू पर्दछन्।

**क्रियाकलाप ४: निर्वाचनमा महिला हिंसाको प्रभावको बारेमा प्रस्तुतिकरण गर्ने (१५ मिनेट)**

**महिला माथि हुने हिंसाका कारणहरु सामाजिक-सांस्कृतिक तत्वहरू:**

असमान शक्ति सम्बन्ध, समाजमा महिलाको न्यून स्थान, विभिन्न रीतिरिवाज, सांस्कृतिक परम्परा, विश्वास, धारणा, अशिक्षा एवम् सीमित शिक्षा



**कानुनी तत्वहरू:** दोहोरो कानुनी प्रावधानहरू, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, प्रतिबद्धताहरूको कार्यान्वयनमा प्रतिवद्धताको कमी, अपर्याप्त कानुन, कानुनी सेवाको अभाव, कानुन कार्यान्वयन गर्ने समूहहरूभित्र रहेको धारणा एवम् अधिकार र कर्तव्यका बारेमा अज्ञानता

**नीति र व्यवहारहरू :** नकारात्मक नीतिगत व्यवस्था, लैङ्गिक असंवेदनशील नीतिहरू र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू कार्यान्वयन नहुनु

**आर्थिक तत्वहरू :** आर्थिक परनिर्भरता, गरिबी, अवसरको अभाव, आर्थिक स्रोतमा पहुँचको कमी, आफ्नो कमाइ नहुनु, सम्पत्ति एवम् अन्य उत्पादनका स्रोतहरूमा समेत नियन्त्रणको अभाव

**संस्थागत तत्वहरू :** सहयोगी संयन्त्रको अभाव, हिंसाबाट प्रभावित व्यक्तिहरूका लागि सहयोगी सेवाहरूको अभाव, अदालत एवम्

कानुनी संरचनाहरूको पहुँचमा कठिनाइ, स्वास्थ्य-सेवाको अभाव, पुलिस, स्वास्थ्यकर्मी, कानुन व्यवसायी तथा अन्य सहयोगी समूहभित्र रहेको असंवेदनशील व्यवहार

**महिला माथि हुने हिंसालाई बल पुऱ्याउने तत्वहरू:**

- विभेदपुर्ण मुल्य र मान्यताहरू
- विभेदपुर्ण कामको बिभाजन
- विभेदपुर्ण नितीगत ब्यबस्था (असमान कानुनहरू)
- श्रोत साधनमा असमान पहुँच र नियन्त्रण
- उत्पादन र गतिशिलतामा नियन्त्रण
- काम गर्ने क्षेत्र र हिँडडुलमा नियन्त्रण

**महिला माथि हुने सम्भावित हिंसाका केहि क्षेत्रहरू:**

- घरपरिवार, घरेलु सम्बन्ध वा व्यक्तिगत सम्बन्ध भित्र हुने हिंसा
- बजार कार्यस्थल, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य केन्द्र लगायतका सामुदायिक क्षेत्रमा हुने हिंसा
- राज्य वा राज्यको प्रतिनिधिद्धारा हुने हिंसा

## ५.१० लैङ्गिक हिंसा र अन्तर्राष्ट्रिय कानून


संयुक्त राष्ट्रसंघको महासभाबाट पारित मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को प्रस्तावनाले महिला र पुरुषको समान अस्तित्व र सहभागितालाई आत्मसात गरेको छ। महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि १९५२ ले महिलाको राजनीतिक अधिकार स्थापित गर्ने उल्लेख गरेको छ । संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९७९ मा महिला अधिकारलाई संस्थागत गर्ने उद्देश्यले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि पारित गरेको छ। यो लैङ्गिक हिंसा न्यूनीकरण गर्ने महत्व पूर्ण दस्तावेजको रूपमा रहेको छ । सन् १९७५ देखि विश्व स्तरमा महिला अधिकार सुनिश्चित र लैङ्गिक हिंसा न्यूनीकरण गर्न निरन्तररूपमा आयोजना गरिएका विभिन्न विश्व महिला सम्मेलनहरूले पारित गरेको घोषणा पत्र / अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई पनि महत्वपूर्ण अन्तरास्ट्रिय दस्तावेजको रूपमा लिइएको छ ।

**महिलासंग सम्वन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरू**

- मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८
- महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धि १९५२
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ (नेपालले सन् १९९१ मा अनुमोदन गरेको ।
- बेइजिंग घोषणा पत्र १९९५
- दिगो विकासको लक्ष्य २०१५-२०३० (५ र १६)

**लैङ्गिक तथा समावेशीकरणका लागि निर्वाचन आयोगका नीतिगत व्यवस्थाहरु**

- निर्वाचन आयोग ऐन, २०७३
- राजनीतिक दलसम्बन्धी ऐन, २०७३
- निर्वाचन कसूर तथा सजाय ऐन, २०७३
- आयोगको तेश्रो रणनीतिक योजना, २०७७(८१
- निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७
- निर्वाचन व्यवस्थापनमा मानव संसाधन नीति, २०७७
- निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७



- निर्वाचन तथा मतदाता शिक्षा नीति, २०७८
- निर्वाचन आचारसंहिता, २०७९
- निर्वाचन विवाद निरुपण कार्यविधि, २०७९

**लैङ्गिक समानता सम्बन्धी कानूनी व्यवस्था**

संविधानको प्रस्तावनामा निर्देशित सिद्दान्त, नीति तथा दायित्वमा लैङ्गिक भेदभावको अन्त्य, सरकारको विभिन्न तह र एकाइहरूमा समानुपातिक समावेशीकरण सहित सहभागिताको व्यवस्था हुने उल्लेख छ। नेपालको संबिधानको धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोसण विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा २५२ मा राष्ट्रिय महिला आयोगको गठनको व्यवस्था छ। साथै बोक्सीको आरोप (कसूर तथा सजाय) ऐन, २०७२, मानव बेच बिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहार निवारण ऐन, २०७१, मुलुकी अपराध संहिता, २०७४, नेपालको देवानी संहिता, २०७४, मुलुकी फौजदारी संहिता ऐन, २०७४, पिडित संरक्षण ऐन, २०७५ र घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ जस्ता छुट्टै कानूनको पनि व्यवस्था छ।

**कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार**

कार्यस्थलमा कसैले आफ्नो पद, शक्ति, वा अधिकारको दुरुपयोग गरी वा कुनै किसिमको दवाब, प्रभाव र प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनिक उद्देश्यले गरिने दुर्व्यवहारलाई कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार भनिन्छ। कार्यस्थलमा यौनजन्य दुर्व्यवहार गरे वा गराएमा यौनजन्य दुर्व्यवहारको कसुर गरेको मानिने कानूनी व्यवस्था छ।

**कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१** : यो ऐनले यौनजन्य आशयले शरिरको कुनै अंगमा छोएमा, अश्लिल तथा यौनजन्य क्रियाकलापसंग सम्बन्धित शब्द, चित्र, पत्र पत्रिका, श्रव्य दृष्य, अन्य सूचना प्रविधि, साधन प्रयोग वा प्रदर्शन गरेमा, लेखेर, बोलेर वा इशाराले अश्लिल तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा, यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा, यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा त्यस्ता कार्यलाई यौनजन्य दुर्व्यवहारको कसुर मानेको छ। कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेको ठहरेमा निजलाई कसूरको प्रकृति हेरी ६ महिना सम्म कैद वा पचास हजार रुपैया सम्म जरिवाना वा दुबै सजाय हुन्छ।

**राजनीति/निर्वाचनमा महिला विरुद्ध हुने हिंसा**

निर्वाचनमा वा निर्वाचन भन्दा अन्य समयमा समेत विचार अभिव्यक्तिको स्वतन्त्रता, भेला सम्मेलन गर्न पाउने अधिकार, सार्वजनिक वा निजि तहमा राजनीतिक अधिकारको उपयोग र अभ्यास लगायत मतदान तथा सार्वजनिक निकायमा प्रतिनिधित्व गर्ने अधिकार, गोप्य मतदान तथा स्वतन्त्रता पूर्वक प्रचारप्रसारको अधिकार समेतलाई उपभोग र अभ्यास गर्नबाट बन्चित गर्ने उद्देश्यले गरिने धम्कि, लिङ्गका आधारमा हुने शारीरिक, यौनिक, आर्थिक, मनोवैज्ञानिक हानी वा महिलालाई पीडित बनाउने त्यस्तो कार्य जसले महिलालाई राजनीतिमा सहभागी हुनबाट बन्चित गर्ने कार्यलाइ नै राजनीति/निर्वाचनमा महिला विरुद्द हुने हिंसा भनिन्छ।
यस्तो हिंसा परिवारका सदस्य, समुदाय वा राज्यबाट समेत हुन सक्दछ। महिला माथि हुने हिंसाले महिलाको मानव अधिकार /



राजनीतिक अधिकारमा खलल पुग्दछ । निर्वाचनमा हुने हिंसा पुरुषले भन्दा महिलाले बढी र भिन्न रुपमा अनुभव गरेका हुन्छन । महिलाहरूले निर्वाचनमा मुख्यतया मनोवैज्ञानिक तथा यौनजन्य प्रकारका हिंसा भोगेका हुन्छन । निर्वाचनमा महिला माथि सामाजिक बहिस्करण, चरित्र हत्या जस्ता हिंसा हुने गर्दछ जसले गर्दा आत्मबल कमजोर भइ उनीहरुले निर्वाचनमा निडर भई सहभागी हुने वातावरण बन्दैन ।

## ५.११ निर्वाचनमा महिला विरूद्ध हुने हिंसा

| हिंसा | पिडित | हिंसाको प्रकार | हिंसा हुने स्थान |
|---|---|---|---|
| **मनो वैज्ञानिक** | महिला उम्मेदवार, कर्मचारी, मतदाता, अभियन्ता, स्वयंसेवक | सामाजिक बहिस्करण, डर धम्कि दिने, तनाव दिने, आदि | जहाँ सुकै |
| **भौतिक** | महिला उम्मेदवार, कर्मचारी, मतदाता, अभियन्ता स्वयंसेवक, दलका कार्यकर्ता | अपहरण गर्ने, नजरबन्दमा पार्ने, कुटपिट गर्ने, ढुंगा मुढा गर्ने, हतियारको प्रयोग गर्ने, प्रचारप्रसार सामग्री खोस्ने | सार्वजनिक स्थानहरूमा जस्तै जुलुस, प्रचारप्रसार, घरदैलो, तालिम, गोष्ठी, सभा आदिहरुमा कुटपिट गर्ने. राजनीतिक दलका कार्यालय, निर्वाचन व्यवस्थापन निकाय, मतदान र मतगणना स्थल |
| **यौनजन्य** | महिला उम्मेदवार, कर्मचारी, मतदाता, अभियन्ता स्वयंसेवक, कार्यकर्ताहरू | बलात्कार गर्नु, छेडछाड गर्नु, यौनजन्य आसायका शब्दहरु प्रयोग गर्नु, शारिरीक सम्बन्ध राख्ने प्रस्ताव | जुलुस, प्रचारप्रसार, घरदैलो, तालिम, गोष्ठी, सभा आदिहरु राजनीतिक दलका कार्यालय, निर्वाचन व्यवस्थापन निकाय, मतदान र मतगणना स्थल तथा सार्वजनिक स्थानहरुमा |
| **साइवर हिंसा** | महिला उम्मेदवार, कर्मचारी, मतदाता, अभियन्ता स्वयंसेवक, कार्यकर्ताहरू | दुर्व्यवहार गर्ने, सामाजिक संजाल बाट भेदभाव गर्ने, अनावश्यक पोस्ट गरेर बदनाम गर्दिने, धम्कि दिने, चरित्र हत्या गर्ने | अनलाईन मार्फत |

## ५.१२ निर्वाचनमा महिला हिंसाको प्रभाव

राजनीतिक दलहरूमा महिलाहरूको सिमित सहभागिता हुनु, निर्वाचनमा महिलाहरूको उम्मेदवारी कम हुनु, राजनीतिक अभियानहरू रोकिनु, महिलाहरूमा निर्वाचन प्रति नकारात्मक सोच उत्पन्न हुनु, कोटा प्रणालीमा बढी आकर्षित हुनु र प्रतिस्पर्धामा असहज महसुस गर्नु, निर्वाचित महिला प्रतिनिधिहरूको संख्या घट्नु, निर्वाचनमा महिला कर्मचारी छनौट तथा नियुक्तिमा कमि हुनु, महिला मतदाता दर्तामा कमि आउनु, मतदानमा कमि आउनु, महिलाहरुको मतदानमा उपस्तिथी कमि हुन गइ समग्र निर्वाचनको परिणाममा असर पर्नु, निर्धारित मितिमा निर्वाचन नहुनु अथवा निर्वाचन मिति सर्नु र राजनीतिक जुलुसहरूमा रोक लाग्नु लगायत रहेका छन् ।

**निर्वाचनमा महिला हिंसाका जिम्मेवार निकाय**

- राजनीतिक निकाय : राजनीतिक दलका नेताहरु, उम्मेदवारहरु, राजनीतिक दलका सदस्यहरु, अभियन्ताहरु र दलका कार्यकर्ताहरु ।
- सामाजिक निकाय : मतदाताहरू, परिवारका सदस्यहरू, नजिकको साथी, श्रीमान वा श्रीमती, समुदायका सदस्यहरू, धार्मिक नेता, रोजगारदाता, युवावर्ग, आपराधिक समुह आदि ।
- राज्य संयन्त्र: सरकारी संघ संस्था, सुरक्षा निकाय, निर्वाचनमा खटिने कर्मचारीहरू, राज्यद्वारा परिचालन गरिएका समुहहरू आदि ।

**निर्वाचन आयोगले लैङ्गिक तथा समावेशीकरणको लागि गरेका पहलहरु**

- निर्वाचनलाई लैङ्गिक तथा समावेशीमैत्री बनाउन राजनीतिक दलहरुलाई निर्देशन
- आयोगका नीति तथा रणनीतिहरु लैङ्गिक तथा समावेशी दृष्टिकोणबाट पुनरावलोकन
- मतदाता शिक्षालाई लैङ्गिक तथा समावेशीमैत्री बनाई प्रभावकारी रूपमा सञ्चालन गर्न निर्वाचनका समयमा विभिन्न भाषामा पोस्टर, पम्प्लेट तथा सूचना जारी गर्ने गरेको, सांकेतिक भाषा, मतदाता शिक्षा स्वयंसेवक नियुक्ति गर्दा महिला स्वास्थ्य स्वयंसेविका परिचालन
- प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ लाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउन ७ बुंदे मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालयलाई निर्देशन जारी
- मतदानको दिन महिला र पुरुषका लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गर्नुका साथै वृद्धवृद्धा, गर्भवती, अशक्तलगायतका मतदाताका लागि विशेष प्रबन्ध गरी सहज रूपमा मतदान गर्ने व्यवस्था
- निर्वाचनमा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन प्रतिवेदन तयारी
- आयोग तथा अन्तर्गत कार्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था
- अपाङ्गता भएका व्यक्तिहरुका लागि लक्षित गरी मतदान स्थालमा भौतिक पूर्वाधारको व्यवस्था
- मतदान केन्द्रमा महिला स्वयंसेवकको व्यवस्था
- मतदानको दिन अशक्त मतदातालाई सहयोगीको व्यवस्था
- महिलालाई उम्मेवार मनोनयनमा ५० प्रतिशत छुट
- मतदाता शिक्षामा महिला स्वयंसेविका परिचालन
- निर्वाचन आचारसहिता जारी तथा कार्यान्यवन
- निर्वाचनको अवधिमा कल सेन्टरको स्थापना
- निर्वाचनको अवधिमा संयुक्त निर्वाचन संचालन केन्द्रको स्थापना
- अनुगमन समितिको परिचालन
- ७७ निर्वाचन कार्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिको नियुक्ति
- ७५३ स्थानीय तहमा रहेका निर्वाचन सम्पर्क व्यक्तिलाई लैङ्गिक सम्पर्क व्यक्तिको समेत जिम्मवारी दिएको

## ५.१३ महिला हिंसा न्यूनीकरण गर्ने मुख्य क्रियाकलाप

- अभियन्ताहरू तथा कानूनविदहरूलाई राजनितिमा महिला विरुद्धहुने हिंसाको बारेमा लैङ्गिकमैत्री दृष्टिकोणवाट क्षमता अभिवृद्धि गर्ने,
- महिला विरुद्ध हुने हिंसाको बारेमा महिला सांसदहरूलाई क्षमता अभिवृद्धि गर्ने,
- महिला विरुद्ध हुने हिंसा अन्त्य गर्दै महिलाहरूलाई सुरक्षा प्रदान गर्नका लागि सुरक्षा निकायलाई, प्रहरीहरूलाई तालिम प्रदान गर्ने,
- महिला विरुद्ध हुने हिंसा अन्त्यका लागि संञ्चार माध्यमहरूसंग साझेदारी तथा समन्वय गर्ने,
- राजनीतिक क्षेत्र जस्तै संसद, नागरिक समाज, अन्तरपार्टी सञ्जालहरूमा महिला सहभागिता बढाउनको लागि ऐक्यवद्धता बढाउँदै लैजाने र महिला विरुद्ध हुने हिंसा अन्त्यको लागि साझा धारणा बनाउने,
- महिला विरुद्ध हुने हिंसा अन्त्यको लागि न्यायधीश, वकील तथा अन्य कानूनविदहरूको यस विषयमा क्षमता अभिवृद्धि गर्ने,
- राज्यद्धारा हिंसाबाट पिढित महिलाहरुको समस्या सम्बोधन तथा उपचारका लागि दिगो सयन्त्रको स्थापना गरी महिला विरुद्ध हुने हिंसा अन्त्य गर्दै राजनीतिक रुपमा महिलाको सहभागिता बढाउँदै महिलाहरूको सार्वजनीक जीवनलाई व्यवस्थीत गर्न

सहयोग पुऱ्याउने,

- निर्वाचन व्यवस्थापन निकायको क्षमता अभिवृद्धि गर्दै महिला विरुद्ध हुने हिंसा अन्त्य गर्न निर्वाचनका प्रक्रियाहरुमा महिला सहभागिता बढाउँदै लैजाने,
- धार्मिक नेता, समुदायमा आधारित संघसंस्थाहरुसंग महिला विरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी र सहकार्य गर्दै जाने,
- निर्वाचन पर्यवेक्षण गर्दा निर्वाचनमा महिला हिंसाका घटनाहरुको तथ्याक संकलनका लागि सुचक निर्माण गरी पर्यवक्षक परिचालन गर्ने ।

**क्रियाकलाप ५: निर्वाचनमा हुने विवादका बारेमा सहभागीलाई अनुभव सुनाउन लगाउने र प्रशिक्षकले उजुरी संरचनाको बारेमा स्पष्ट जानकारी गराउने (१५ मिनेट)**

### निर्वाचन विवाद निरुपण र उजुरी संरचना

निर्वाचन व्यवस्थापन तथा सञ्चालन गर्दा निर्वाचन आयोग वा निर्वाचनसंग सम्बन्धित कर्मचारी, राजनीतिक दल, उम्मेदवार वा कार्यकर्ता वा शुभेच्छुक वा समर्थक, निर्वाचनसंग सरोकार राख्ने कुनै संघसंस्था वा व्यक्तिले गर्ने काम, कारबाही वा निर्णय प्रक्रियाको सिलसिलामा उत्पन्न हुने विवादलाई निर्वाचन विवाद भनिन्छ । सामान्य अर्थमा निर्वाचनका क्रममा कर्मचारीको पदस्थापना, मतदान केन्द्रको निर्धारण, निर्वाचन सम्बन्धी कानुनको उल्लघंन, मतगणनामा गणितीय त्रुटि जस्ता प्रशासकीय विवाद, कानुनद्वारा निषेध गरिएका निर्वाचन अपराध सम्बन्धी विवाद, निर्वाचनको स्वच्छता र स्वतन्त्रतामा आँच पुऱ्याउने खराब अभ्यास, अनुचित प्रभाव पार्ने, सम्पत्ति, शक्ति, बल वा प्रभावका आधारमा गरिने जबरजस्ती, दबाब, धम्की, दुर्व्यवहार, भौतिक तथा मानसिक क्षति र मतदाता नामावली नाम दर्ता गराउने कार्यमा अवरोध, निर्वाचन आचारसंहिता विपरीतका कार्य, मतदान गर्नबाट वञ्चित गराउने कार्य, मतगणना कार्यमा अवरोध र नतिजालाई प्रभावित पार्ने कार्य जस्ता प्रशासनिक, राजनितिक तथा कानुनी विवादहरू निर्वाचन विवाद अन्तर्गत पर्दछन् । सामान्यतया निर्वाचन विवादलाई प्रशासकीय, फौजदारी, कानुनी तथा राजनीतिक भनी वर्गीकरण गर्ने गरिन्छ । निर्वाचन विवाद सधै एकै प्रकारको हुँदैन र यो राजनीतिक परिस्थिती, राजनीतिक चेतना अनुरुप फरक फरक हुने गरेको छ ।

### निर्वाचन विवाद निरुपणमा न्यायिक संयन्त्र

- जिल्ला अदालतः सबै तहको निर्वाचनको आपराधिक प्रकृतिका निर्वाचन कसुर अनुसन्धान अधिकारी मार्फत तयार हुने ।
- उच्च अदालतः व्यक्तिवादी मुद्दा स्थानीय तह निर्वाचन ।
- सर्वोच्च अदालत, संबैधानिक इजलासः व्यक्तिवादी मुद्दा संघीय संसद र प्रदेश सभा सदस्य, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन

### निर्वाचन आयोग नेपाल र मातहत

- मतदान अधिकृतः उजुरी लिने, सुनुवाई गर्ने र निर्णय गर्ने, सबै विवादहरु निर्वाचन अधिकृत समक्ष पेश गर्ने,
- अनुगमनकर्ताः उजुरी लिने, सुनुवाई गर्ने र निर्णय गर्ने, सबै विवादहरु मुख्य निर्वाचन अधिकृत समक्ष पेश गर्ने,
- मुख्य निर्वाचन अधिकृत : उजुरी लिने, सुनुवाई गर्ने र निर्णय गर्ने, सबै विवादहरू निर्वाचन विवाद निरुपण समिति समक्ष पेश गर्ने,
- निर्वाचन विवाद निरुपण समितिः उजुरी लिने जाँचबुझ र छानविन गर्ने, आयोगलाई निर्णयका लागि सिफारिस गर्ने,
- निर्वाचन आयोग : निर्वाचन विवाद निरुपण समितिको निर्णय अनुमोदन वा अन्तिम निर्णय दिने ।

## ५.१४ निर्वाचन कसुर

निर्वाचन कसुर भन्नाले निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा आँच पुऱ्याउने, निर्वाचनको व्यवस्थापन र सञ्चालनमा अवरोध गर्ने तथा निर्वाचनको अधिकारबाट वञ्चित गर्न गराउनका लागि गरिने आपराधिक क्रियाकलापलाई जनाउँछ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ ले निर्वाचन कसुरलाई निम्नानुसार ६ समूहमा विभाजन गरेको छ :

- निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसुर,
- मतदान तथा मतगणना सम्बन्धी कसुर,
- निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसुर,
- निर्वाचन प्रचारप्रसार सम्बन्धी कसुर,
- निर्वाचन प्रचारप्रसारको आयव्यय सम्बन्धी कसुर,
- अन्य कसुर ।

## ५.१५ निर्वाचन विवाद निरूपण

निर्वाचन व्यवस्थापन तथा सञ्चालनका क्रममा उत्पन्न विवादलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष रूपमा टुङ्गो लगाउने वा समाधान गर्ने कार्यलाई निर्वाचन विवाद निरूपण भनिन्छ । निर्वाचन विवादको निरूपणसम्बन्धी कार्य निर्वाचनसंग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधिसमेतका आधारमा गरिन्छ । यो निर्वाचन आयोग र अन्तर्गत कार्यालय तथा अधिकारी एवम् निर्वाचन विवाद निरूपणको अख्तियार प्राप्त अधिकारीको अर्धन्यायिक कार्य हो ।

### निर्वाचन विवाद उत्पन्न हुने कारणहरु

निर्वाचनका सरोकारवालाहरूबाट निर्वाचनसंग सम्बन्धित ऐन, नियम, निर्देशिका, कार्यविधिको पालना नभएमा तथा निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने कार्य भएमा निर्वाचन विवाद उत्पन्न हुन्छन् । त्यसैगरी सम्पत्ति वा शक्तिको दुरुपयोग गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गराउने कार्यमा बाधा उत्पन्न गर्ने कार्यहरू भए गरेमा निर्वाचन विवाद उत्पन्न हुन सक्छन् । निर्वाचनमा झुठ्ठा विवरणसहित मनोनयन पेस गरेमा, निर्वाचनका प्रक्रिया उल्लङ्घन गरेमा, प्रचारप्रसारका सिलसिलामा आचारसंहिताको उल्लङ्घन गरेमा, मतदाता नामावलीमा भएको सामान्य त्रुटिलाई अनावश्यक रूपले उछालेमा, झुठ्ठा विवरणका आधारमा मतदानको प्रयास गरेमा, कानुनद्वारा निषेधित कार्य गर्न दुरुत्साहन गरेमा पनि निर्वाचन विवाद उत्पन्न हुन्छ । निर्वाचनसम्बन्धी विवाद निर्वाचनका तीनै चरणमा उत्पन्न हुन सक्दछन् भने विवादका प्रकृतिहरू निर्वाचन चरण अनुरूप फरकफरक हुने गर्दछन् । यद्यपि निर्वाचन अवधिमा हुने निर्वाचन विवाद बढी संवेदनशील हुन्छन् ।

### १. मतदानका दिन केकस्ता विवादहरू उत्पन्न हुन सक्छन् ?




निर्वाचनमा मतदानको दिन सबैभन्दा महत्वपूर्ण दिन हो। यो दिन निर्वाचनसंग सम्बद्ध सबै पक्षहरू उत्तिकै संवेदनशील हुन्छन्। सामान्यत मतदानको दिन मतदानको कार्यबाट वञ्चित गरे गराएको भन्ने विवाद नै मुख्य रूपमा उठ्ने विवाद हो । यसका अतिरिक्त मतदाता नामावलीका नाममा भएका त्रुटिको विषय, मतदान प्रतिनिधि राख्ने सम्बन्धमा, मतपत्रमा भएका त्रुटिका सम्बन्धमा, दोहोऱ्याएर मतदान गरेको सम्बन्धमा, मतदानको दिन पालना गर्नुपर्ने आचारसंहिताको उल्लङ्घन सम्बन्धमा, बाटो गौँडा छेकी मतदानमा अवरोध गरेको सम्बन्धमा, मतदातालाई अनुचित प्रभाव पारेको सम्बन्धमा, मतदातालाई डर, धाकधम्की दिएको सम्बन्धमा, अशक्त मतदाताको सहयोगी को हुने भन्ने सम्बन्धमा हुने विवादहरू मतदानको दिन उत्पन्न हुन सक्ने विवादहरू हुन् । उजुरी कर्ता

# मतदान, नमूना मतदान, मतगणना र मतपरिणाम घोषणा

# मतदान, नमूना मतदान, मतगणना र मतपरिणाम घोषणा

| | |
|---|---|
| **सिकाइ उपलब्धि** | यस सत्र पश्चात सहभागीहरूले मतदान, मतगणना र मतपरिणाम प्रक्रियाका बारेमा बुझ्नेछन् । |
| **समय** | १ घण्टा ३० मिनेट |
| **तालिम सामग्र** | न्यूजप्रिण्ट, मार्कर, मास्किङ टेप, मेटाकार्ड, पावरपोइन्ट, स्रोत पुस्तिका आदि |
| **सत्रका क्रियाकलापहरू** | क्रियाकलाप १: नमूना मतदान |
| **सहजकर्ताले ध्यान दिनु पर्ने कुराहरू** | यो सत्रको मुख्य उद्देश्य सहभागीहरूलाई मतदान, मतगणना, र मतपरिणाम घोषणा प्रक्रियाका बारेमा स्पस्ट जानकारी गराउनु हो । |
| **सत्रको लागि आवश्यक स्रोत सामग्री** | प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९<br>प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९<br>निर्वाचन आचारसंहिता, २०७९<br>मतदान निर्देशिका, २०७९<br>मतगणना निर्देशिका, २०७९ |

**मतदान स्थल, मतदान प्रक्रिया, मतगणना र मतपरिणाम घोषणाको क्रममा समावेशीताका आधारमा अपनाउनु पर्ने आधारभूत मापदण्डहरुः**

## ६.१ मतदान स्थलः



मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रमा आफ्नो टोलीमा खटिएका कर्मचारी र सुरक्षाकर्मीसंग समन्वय गरी यथासम्भव सबैलाई सहज हुने किसिमले मतदान केन्द्र निर्माण गर्दछ । सबै मतदाताको पहुँच हुन सक्ने दुरीमा मतदान स्थलको निर्माण गर्नु पर्दछ । मतदान केन्द्र निर्माण गर्दा मतदान अधिकृतले स्थानीय व्यक्तिको सहयोग लिन र त्यस केन्द्रमा खटिएका कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकलाई सो काममा लगाउन सक्नेछ । यसरी खटिने कर्मचारीहरु लैङ्गिक तथा समावेशी समूहबाट हुनु पर्नेछ । मतदान स्थल सकेसम्म धार्मिक स्थलमा पार्नु हुँदैन । यसका अलावा निम्न मापदण्डहरु अपनाइएको हुनु पर्नेछः

- लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालयको व्यवस्था,
- मतदान केन्द्रमा महिला र पुरुष मतदाताको लागि डोरी वा बाँस लगाई अलग अलग लाइनमा उभिन सक्ने व्यवस्था र "महिला" र "पुरुष" लेखिएको कार्डबोर्ड झुण्ड्याइएको वा टाँस गरिएको । लैङ्गिग तथा यौनिक अल्पसंख्यकहरुका लागि लाइनमा बस्न नपर्ने,
- नाम रुजु गर्ने कर्मचारी र लामबद्ध मतदाताका बीचमा सुरक्षाकर्मी रहने ठाउँको व्यवस्था र सुरक्षाकर्मी नपुगे सो स्थानमा स्वयंसेवक रहने व्यवस्था,
- मतदान गर्नका लागि मतदान कक्ष र सो स्थानमा मतपत्रमा छाप लगाउने टेबुलको व्यवस्था र गोप्य कक्ष बनाउँदा भऱ्याङ वा सिँढी चढेर जानुपर्ने र अपाङ्ग र ज्येष्ठ नागरीक मैत्री,
- मतदान कक्ष बनाउँदा वा मतपेटिका राख्दा धेरै अग्लो ठाउँमा नबनाई वा नराखी होचो कद वा अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक मतदाताले पनि सजिलै मतसङ्केत गर्न सक्ने गरी बनाएको,
- गर्भवती, अशक्त, जेष्ठ नागरिक, बिरामी, किरियापुत्री, सुत्केरी मतदाताको लागि विश्राम गर्ने ठाउँको व्यवस्था गरिएको,
- यदि मतदान गर्न तोकिएको स्थानमा कुनै विद्यालय वा सार्वजनिक भवन रहेनछ भने मतदान अधिकृतले खुला चउर वा अन्य कुनै खुला ठाउँमा पाल, त्रिपाल वा छेकवार र अन्य उपयुक्त वस्तुको प्रयोग गरी मतदान केन्द्र निर्माण गर्ने व्यवस्था मिलाएका,
- मतदान केन्द्र निर्माण गर्दा सम्भव भएसम्म अपाङ्गता भएका, सुत्केरी, ज्येष्ठ नागरिक, विरामी तथा अशक्त मतदाताका लागि समेत सहज हुने गरी निर्माण गरिएको,
- मतदान केन्द्र निर्माण गर्दा स्थानीय तह, सम्बन्धित वडा कार्यालय र स्थानीय बासिन्दाको सहयोगमा मतदान केन्द्रको वरपर सम्भव भएसम्म खानेपानी र शौचालयको प्रबन्ध मिलाउएको,
- मतदान केन्द्रमा खटिएका कर्मचारीहरुले शिष्ट र नम्र भाषा शैलीको प्रयोग गरेको,
- मतदाता विशेष गरी महिला तथा जोखिममा रहेकाहरुको सुरक्षाको प्रवन्ध भएको,
- उम्मेदवारको प्रतिनिधिहरु खटाउँदा तालिम प्राप्त प्रतिनिधिहरु पूर्व तयारीका साथ परिचालन गर्नु पर्ने ।













## ६.२ मतदान प्रक्रिया



- सर्वदलिय बैठकमा महिलाहरुको सहभागीता भएको ।
- गर्भवती, अशक्त, ज्येष्ठ नागरिक, बिरामी, किरियापुत्री, आफ्नो काखे बालबालिका साथमा भएकी महिला, अपाङ्गता भएका व्यक्ति तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक) मतदातालाई मतदान गर्ने काममा प्राथमिकता दिई मतदान गराउने व्यवस्था भएको हुनु पर्नेछ ।
- दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरु कुनै कारणले आफै मत सङ्केत गर्न नसक्ने भई मतदाताले आफ्नो साथमा आएको एकाघरको परिवारको सदस्यलाई मतदान कक्षमा आफूसँगै लैजाने अनुमति मागेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मतदान कक्षमा प्रवेश गर्न अनुमति दिनु पर्नेछ ।
- शारीरिक अशक्तता भएको मतदाताको साथमा परिवारको सदस्यलाईसंगै जान अनुमति दिँदा मतदान अधिकृतले प्रचलित कानून बमोजिम पूर्ण अशक्त वा अति अशक्त अपाङ्गताको प्रमाणपत्र भएको वा कुनै दुर्घटनामा परी वा अन्य कारणले एक्लै मतदान कक्षमा गई आफै मतदान गर्न असमर्थ व्यक्ति हो होइन एकिन गरी अनुमति दिनु पर्नेछ ।
- दृष्टिविहीन मतदाता वा मतपत्रमा मतसङ्केत गर्न नसक्ने मतदाताको साथमा जाने व्यक्तिले मतदान अधिकृतको रोहवरमा सम्बन्धित मतदाताले भने बमोजिमको निर्वाचन चिन्हमा मत सङ्केत गर्नु पर्नेछ ।
- कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरु कुनै कारणवश आफैं मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा मतदान अधिकृतले त्यस्तो मतदाताको मतपत्रमा निजको इच्छा अनुसार मत सङ्केत गर्ने काममा सहयोग गर्नु पर्नेछ ।

## ६.३ मतगणना

- निर्वाचनको लागि तोकिएका सबै मतदान केन्द्रबाट मतदानको लागि प्रयोग भएका मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समय उल्लेख गरी सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नेछ । यस विषयमा जानकार रहने,



- मतगणना गर्ने स्थान तोक्दा सुरक्षा र सुविधाको दृष्टिले उपयुक्त सरकारी कार्यालय वा सार्वजनिक भवनमा मतगणना हुने गरी तोकिएको हुर्ने पर्ने,
- उम्मेदवार वा दलले मतगणना गर्ने स्थानमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा त्यस्तो प्रतिनिधि नियुक्त गरी पठाउनु पठाएको,
- मतगणना गर्ने स्थानमा प्रकाश वा बत्तीको पर्याप्त व्यवस्था भएको यकिन गर्ने,
- मतगणना स्थलमा आवश्यक सामग्री, खानेपानी, शौचालय बत्ती, सुर क्षा आदिको प्रबन्ध भएको,
- मतगणना टोलीमा महिलाको सहभागीता भएको,
- मतगणना प्रतिनिधि नियुक्ति गर्दा निर्वाचन अधिकृतले तोकेको संख्यामा सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतको गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई नियुक्त गर्नु पर्नेछ र लैङ्गिक समावेशी हुनु पर्नेछ ।

सम्बन्धित निर्वाचन क्षेत्रमा मतदान भएको सबै मतदान केन्द्रको मतगणना कार्य समाप्त भएपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनमा दुई वा दुई भन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन अधिकृतले त्यसरी बराबर मत पाउने उम्मेदवारहरू बीच गोला हाली निर्णय गर्नु गर्नेछ ।

## ६.४ बदर हुने मतपत्र

मतगणना गर्दा देहाय बमोजिमको मतपत्र बदर गर्नु पर्नेछ

- सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,
- औंठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिन्ह बाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरिएको,
- मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको,
- उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,
- एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा छुट्टा- छुट्टै मत सङ्केत गरिएको,
- एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,
- मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,
- कुनै पनि उम्मेदवार वा दलको निर्वाचन चिन्हमा मत सङ्केत नगरिएको,
- आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,
- मतपेटिका भन्दा बाहिर राखिएको,
- जाली मतपत्र,
- पट्याएको मतपत्रभित्र रुपैयाँ, कागज वा अन्य कुनै बस्तु संलग्न गरेको वा कुनै रुपमा च्यातेको, प्वाल पारेको,
- एउटा पट्याएको मतपत्रभित्र अरु मतपत्रसंगै एकसाथ पट्याएको,
- उम्मेदवार वा दलको निर्वाचन चिन्ह रहेको कोठामा र निर्वाचन चिन्ह रहेका कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसङ्केत गरेको,
- समानुपातिक निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको हकमा उम्मेदवारको बन्दसूची पेश नगरेको दलको निर्वाचन चिन्हमा मत सङ्केत गरिएको,
- आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

## ६.५ निर्वाचन परिणामको घोषणा

- निर्वाचन अधिकृतले सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा तयार गरी एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एक प्रति आयोगमा पठाउनेछ ।
- निर्वाचन परिणामको घोषणा गरी सकेपछि निर्वाचन अधिकृतले निर्वाचित उम्मेदवारलाई प्रमाणपत्र दिनु पर्नेछ ।

**क्रियाकलाप १: सहभागीहरुलाई नमूना मतदान अभ्यास गराई, मतगणना गरी परिणाम घोषणा गर्ने साथै सदर मत र बदर मत बारे सहभागीलाई स्पष्ट पारी सबैभन्दा बढी मत ल्याउने उम्मेदवारलाई प्रमाण पत्र प्रदान गर्ने । (१ घण्टा)**

## ६.६ नमुना मतदान अभ्यास

निर्वाचनलाई जस्ताको तस्तै बुझ्न र बुझाउनका लागि निर्वाचनमा भाग लिने मतदाताको सहभागितामा उनीहरूलाई नै भूमिका अभिनय गर्न लगाई गरिने मतदानको अभ्यास नै नमुना मतदान हो । यसबाट मतदातामा निर्वाचनप्रति आकर्षण बढाउन, सहभागितामा वृद्धि गर्न एवम् बदर मत प्रतिशत घटाउन सहयोग पुग्न जान्छ । निर्वाचनका समयमा निर्वाचन आयोगले देशका विभिन्न समुदाय, स्थानमा मतदाताका बीचमा गई नमुना मतदान अभ्यास गराउँछ ।

निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण गर्ने टोलीलाई नियमित रूपमा नमुना मतदानको अभ्यास गराइन्छ । नमुना मतदानको अभ्यासमा संलग्न शिक्षक, विद्यार्थी, आम सर्वसाधारणलाई निर्वाचनका प्रक्रियाबारे सरल ढङ्गबाट बुझ्न र बुझाउन सहयोग पुग्दछ ।

नमुना मतदानको अभ्यासलाई सहजकर्ताले सबै सहभागीहरुले अनुसरण गर्न लायक व्यवहारिक अभ्यासको रुपमा तयारी र प्रस्तुत गर्नु पर्दछ । यो विधि सिकाईको भूमिका अभिनयसंग सम्वन्धित छ । सत्रको प्रारम्भमा सहजकर्ताले मतदान प्रक्रियाका कानूनी व्यवस्थाहरु प्रस्तुत गरिसके पछि सोहि बमोजीम सहभागीहरुले आ-आफनो जिम्वेवारी अनुसार भूमिका निर्वाह गरी मतदान बारे जानकारी प्राप्त गर्दछन् । सहजकर्ताले सहभागीहरुको नामावलीलाई मतदाता नामावलीको रुपमा प्रयोग गर्न सकिने बताउन सक्नेछन् । मतदान व्यवस्थापनको लागि जनशक्ति तोक्दा एक जना मतदान अधिकृत, एक जना सहायक मतदान अधिकृत तथा सहायक कर्मचारीको रुपमा मतदाता नामावली रुजु गर्ने कर्मचारी, नङमा मसी लगाउने र तथ्याक फाराम भर्ने कमचारी र मतपत्र दिने कर्मचारी तोक्ने व्यवस्था मिलाउनु पर्दछ । त्यसैगरी मतदाताको लाइन मिलाउन स्वयमसेवक, मतदान केन्द्रको सुरक्षाको लागि सुरक्षाकर्मी एवम सम्पूर्ण मतदान प्रक्रिया अवलोकन गर्नको लागि पर्यवेक्षकको भूमिकामा सहभागीको संख्या हेरी एक एक जनालाई जिम्मेवारी प्रदान गर्न सकिनेछ । सत्र प्रारम्भ गर्नु पुर्वनै सहजकर्ताले आवश्यक नमुना मतपत्र, मतपेटिका, सुरक्षा सिल, स्ट्याम्प प्याड, स्वस्तिक छाप, छेकवारा, भित्र बाहिर महिला पुरुष लेखिएका कार्ड व्यवस्था गरेको हुनु पर्दछ । मतदान कार्य सम्पन्न भइसकेपछि मतदान व्यवस्थापनमा खटिएका कर्मचारी वा जनशक्ति वा मतदानमा भाग लिएका सहभागीलाई आफनो अनुभव संक्षितमा प्रस्तुत गर्न लगाउनु पर्दछ । यसरी अनुभव प्रस्तुत गर्ने कार्य (debriefing) तथा भूमिका अभिनय गर्ने व्यक्तिको अनुभव वा अभिव्यक्तीबाट अन्य सहभागीहरुले बढी भन्दा बढी विषयवस्तु बारे बुझ्ने मौका पाउँछन् ।

**नमुना मतदानको लागि आवश्यक जनशक्ति**

- मतदान अधिकृत
- सहायक मतदान अधिकृत

**सहायक कर्मचारी/स्वयंसेवक/सुरक्षाकर्मी**

- नाम रुजु गर्ने र तथ्याङ्क फाराम भर्ने
- नङमा मसि लगाउने (महिला)
- मतपत्र दिने कर्मचारी
- मतदाताको लाइन मिलाउने २ जना
- सुरक्षाकर्मी

********

# अनूसूची

# पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ


मतपत्र क्रमसङ्ख्या :

**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९**
**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली**

प्रदेश :
जिल्ला :
प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. :
गाउँपालिका/नगरपालिका : .................
वडा नं. : ..................
मतदाता क्रमसङ्ख्या : ................

मतदाताको लेखात्मक वा रेखात्मक सहीछाप

**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९**
**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र**
**[ एउटा कोठाभित्र मात्र मतसङ्केत(卐)गर्नुहोस् ]**



मतदान अधिकृतको दस्तखत :


मतपत्र क्रमसङ्ख्या :

**प्रदेश सभा सदस्य निर्वाचन, २०७९**
**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली**

प्रदेश :
जिल्ला :
प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. :
प्रदेश सभा निर्वाचन क्षेत्र नं. :
गाउँपालिका/नगरपालिका : .................
वडा नं. : ..................
मतदाता क्रमसङ्ख्या : ................

मतदाताको लेखात्मक वा रेखात्मक सहीछाप

**प्रदेश सभा सदस्य निर्वाचन, २०७९**
**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको मतपत्र**
**[ एउटा कोठाभित्र मात्र मतसङ्केत(卐)गर्नुहोस् ]**



मतदान अधिकृतको दस्तखत :

# समानुपातिक निर्वाचन प्रणाली तर्फ


**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९**
**समानुपातिक निर्वाचन प्रणाली**

मतपत्र क्रमसङ्ख्या :

प्रदेश :
जिल्ला :
प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. :
गाउँपालिका/नगरपालिका : ................
वडा नं. : ..................
मतदाता क्रमसङ्ख्या : ...............

मतदाताको लेखात्मक वा रेखात्मक सहीछाप

**प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९**
**समानुपातिक निर्वाचन प्रणालीको मतपत्र**
**[ एउटा कोठाभित्र मात्र मतसङ्केत (卐) गर्नुहोस् ]**



मतदान अधिकृतको दस्तखत :


**प्रदेश सभा सदस्य निर्वाचन, २०७९**
**समानुपातिक निर्वाचन प्रणाली**

मतपत्र क्रमसङ्ख्या :

प्रदेश : लुम्बिनी
जिल्ला :
प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. :
प्रदेश सभा निर्वाचन क्षेत्र नं. :
गाउँपालिका/नगरपालिका : ................
वडा नं. : ..................
मतदाता क्रमसङ्ख्या : ...............

मतदाताको लेखात्मक वा रेखात्मक सहीछाप

**प्रदेश सभा सदस्य निर्वाचन, २०७९**
**समानुपातिक निर्वाचन प्रणालीको मतपत्र**
**[ एउटा कोठाभित्र मात्र मतसङ्केत (卐) गर्नुहोस् ]**



मतदान अधिकृतको दस्तखत :

# ७.२ अनूसूची २ः नमूना मतपत्र (स्थानीय तह निर्वाचन, २०७९)

## खण्डः १

**स्थानीय तह सदस्य निर्वाचन, २०७९**

जिल्ला :

मतपत्र क्रमसङ्ख्या :


स्थानीय तह : ...............................................................

वडा नं. : .........


मतदाता क्रमसङ्ख्या : .......................................................


मतदाताको सहीछाप : .................................................

स्थानीय तह सदस्य निर्वाचन, २०७९






मतदान अधिकृतको दस्तखत ....................................


स्थानीय तह सदस्य निर्वाचन, २०७९
जिल्ला :
स्थानीय तह :
मतदाता क्रमसङ्ख्या :
मतपत्र क्रमसङ्ख्या :
वडा नं. :
मतदाताको सहीछाप :
क्रम
मतपत्र-१ अध्यक्ष / प्रमुख
मतपत्र-२ उपाध्यक्ष / उपप्रमुख
मतपत्र-३ वडा अध्यक्ष
मतपत्र-४ महिला वडा सदस्य
मतपत्र-५ दलित महिला वडा सदस्य
मतपत्र-६ वडा सदस्य दुई जना (दुई कोलमभित्रका कुनै दुई कोठामा मात्र मतदान गर्नुहोस्)
मतदान अधिकृतको दस्तखत


निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९
मतदान केन्द्रको ढाँचा
स्वस्तिक छाप र छापदानी
पहिलो मतपत्रमा मतसङ्केत गर्ने
दोस्रो मतपत्रमा मतसङ्केत गर्ने
तेस्रो मतपत्रमा मतसङ्केत गर्ने
चौथो मतपत्रमा मतसङ्केत गर्ने
मतदान अधिकृत
पहिलो मतपत्र खसाल्ने
दोस्रो मतपत्र खसाल्ने
तेस्रो मतपत्र खसाल्ने
चौथो मतपत्र खसाल्ने
बाहिर
दोस्रो मतपत्र लिने
तेस्रो मतपत्र लिने
चौथो मतपत्र लिने
मतदान प्रतिनिधिहरू
नामावली भिडाउने
तथ्याङ्क फारम भर्ने र नङमा मसि लगाउने
पहिलो मतपत्र लिने र चिनो लगाउने
बाहिर निस्कने
अपाङ्गता भएका, गर्भवती एवम् सुत्केरी महिला, अशक्त, ज्येष्ठ नागरिक वा बिरामी, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक
महिला मतदाता
पुरुष मतदाता
मतदान केन्द्र
स्वयंसेवक
भित्र जाने
स्वयंसेवक
website: www.election.gov.np
e-mail: info@election.gov.np

## ७.४ अनूसूची ४: मतदान केन्द्रको ढाँचा (स्थानीय तह निर्वाचन, २०७९)




निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन - २०७९
मंसिर ४ गते आइतबार, बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म
सदर हुने मतपत्रहरू
बदर हुने मतपत्रहरू
मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको
औंठाछाप वा अन्य चिन्हले मत सङ्केत गरिएको
निर्वाचन चिन्ह बाहिर अन्यत्र मत सङ्केत गरिएको
एकभन्दा बढी उम्मेदवारको चिन्हमा मत सङ्केत गरिएको
उम्मेदवार वा दलको निर्वाचन चिन्ह तथा बाहिर समेत मत सङ्केत गरिएको
दुईवटा चिन्हमा पर्ने गरी मत सङ्केत गरिएको
मतपत्र च्यातिएमा ।
मतदान अधिकृतको दस्तखत नभएमा
थप जानकारीको लागि टोल फ्रि ११०२
website: www.election.gov.np | e-mail: info@election.gov.np


स्थानीय तह सदस्य निर्वाचन, २०७९
बदर मत
मतदान अधिकृतको दस्तखत
दस्तखत नभएमा
दुई खण्डमा छापिएको मतपत्र
मतपत्र १ मा अध्यक्ष/प्रमुखमा दुई तिरनै छाप लगाएको
एक खण्डमा छापिएको मतपत्र
उपाध्यक्ष वा उपप्रमुखको मत मात्र बदर ।
अध्यक्ष वा प्रमुखको मत मात्र बदर ।
अन्य २ वडा सदस्यको मत मात्र बदर ।
दलित महिला वडा सदस्यको मत मात्र बदर ।
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL


स्थानीय तह सदस्य निर्वाचन, २०७९
सदर मत
दुई खण्डमा छापिएको मतपत्र
१
एक खण्डमा छापिएको मतपत्र
२
३
४
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




**मतदाता नामावलीमा नाम दर्ता गराई आफ्नो मताधिकार सुरक्षित गर्नुहोस् । निर्वाचन अवधि बाहेक जुनसुकै बेलामा जिल्ला वा प्रदेश निर्वाचन कार्यालयहरूमा मतदाता नामावलीमा नाम दर्ता गराउन सकिन्छ । विशेष कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय वा स्थानीय तहमा पनि नाम दर्ता गराउन सकिन्छ ।**

**प्रकाशक**
निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं, नेपाल
टेलिफोन नं. (९७७१) ४२२८६६३
इमेल: info@election.gov.np

यो पुस्तक युएनडिपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृ मुलुक तथा दातृ निकायको प्रतिनिधित्व गर्दैन ।